
५४

# अमर ज्योति

साहित्यिक त्रैमासिक

जेष्ठ-२०७९



जि.प्र.का.काठ.द.नं. १७७/०७२/०७३

वर्ष : १९, पूर्णाङ्क ५४
(२०७८ चैत– २०७९ जेठ)

# अमर ज्योति

साहित्यिक त्रैमासिक

संरक्षक
कुलमान घिसिङ

प्रधान सम्पादक
कृष्णदेव रिमाल 'शब्दसेना'

कार्यकारी सम्पादक
विष्णुप्रसाद आचार्य 'अतृप्त'

सम्पादक समिति
रमेश सागर
आविष्कार कला
रीता चालिसे
यादवराज घले

व्यवस्थापक
सङ्गीता अधिकारी
शारदा पोखरेल
बलराम पुडासैनी

आवरण कला
उपेन्द्र शिवाकोटी

सल्लाहकार
मातृका पोखरेल
कुलप्रसाद पराजुली
विष्णुबहादुर सिंह
पुण्य घिमिरे
रामेश्वर राउत मातृदास

स्थानीय प्रतिनिधिहरू
बद्री न्यौपाने, विराटनगर
चतुर्भुज गौतम, मकवानपुर
नवराज भट्ट, नेपालगञ्ज
राजनप्रसाद प्याकुरेल, नुवाकोट
रामकुमार न्यौपाने, सिन्धुपाल्चोक
सि.बि.गर्तौला, इटहरी
मातृकाप्रसाद सङ्ग्रौला, झापा

प्रकाशक
विद्युत्कर्मी साहित्यिक समाज
नेपाल विद्युत प्राधिकरण

सम्पर्क
रत्नपार्क, काठमाडौँ, नेपाल
विद्युतीय ठेगानाः amarjyoti@nea.org.np
फोन नं. : ०१–४१५३०८९

संस्थागत मूल्य : २००.००
व्यक्तिगत मूल्य : ५०.००

शब्दघर छापाखाना, बागबजार, काठमाडौँ ०१–४२४४५९७ द्वारा मुद्रित

# नेपाली साहित्यको विश्वव्यापीकरणः आजको आवश्यकता

भाषा विचारको भौतिक आवरण हो । साहित्य चाहिँ भाषाको देहभित्र आत्मतत्त्व स्वरूपमा रहने सौन्दर्यमय-भावमय वैचारिक अभिव्यक्ति हो । भाषा र साहित्य अन्तरआबद्धित र परिपूरक शब्दावली भएकाले यी दुई एकै सिक्काका दुई पाटासरह अभिन्न भएर रहेका हुन्छन् ।

साहित्यले मानवलाई वैचारिक रूपले समृद्ध र कल्पनाशील बनाउँछ । यो आध्यात्मिकता र आनन्दको स्रोत त हुँदै हो, यसले विज्ञानले गरेको भौतिक प्रगतिलाई संस्कारित ढङ्गले जीवन्त राख्नसमेत योगदान पुऱ्याउँछ। साहित्यले मानवीय मनोविकार हटाएर स्वस्थ र सन्तुलित मनोदशा निर्माण गर्न पनि मद्दत गर्छ । यति बिघ्न हितकारी र सन्जीवनी बुटीतुल्य मानिने साहित्यको रक्षाकवच तथा अस्तित्वको मूल आधार भनेको चाहिँ भाषा नै हो ।

प्राप्त पछिल्लो तथ्याङ्कअनुसार नेपालमा कूल १३१ वटा भाषा बोलिन्छन् । तर ती सबै भाषाका लेख्यरूप उपलब्ध छैनन् । जुनजुन भाषाका लेख्यरूप प्रचलनमा छन्, तिनमा पदलालित्यले सुशोभित साहित्यिक बान्कीहरू कुनै न कुनै रूपमा फेला पर्छन् । यस सन्दर्भमा नेपाली भाषामा लेखिएको साहित्यमात्र नेपाली साहित्य होइन, नेपालमा लेख्य-परम्परामा रहेका सबै भाषामा उपलब्ध हुने साहित्यिक रूपहरू पनि नेपाली साहित्य नै हुन् ।

नेपाली साहित्यको सीमाहीन यात्रा नै नेपाली साहित्यको विश्वव्यापीकरण वा भूमण्डलीकरण हो । अर्थात् नेपालभित्र वा बाहिर बस्ने नेपालीहरूले नेपाली भाषा वा आ-आफ्ना मातृभाषा वा विज्ञता प्राप्त स्वदेशी भाषामा रचना गरेको साहित्यिक मूल्ययुक्त सिर्जनालाई एक वा अनेक समृद्ध अन्तर्राष्ट्रिय भाषामा अनुवाद गर्नु नेपाली साहित्यको विश्वव्यापीकरणको सबैभन्दा महत्त्वपूर्ण पक्ष हो ।

त्यस्तै कामको सिलसिलामा नेपाल छाडेर बाहिर बसेका आप्रवासी नेपालीले वा नेपालमै रहेका नेपालीहरूले नेपालबाहिरका देशमा बोलिने अन्य कुनै पनि भाषामा नेपाली संस्कृति, जीवन पद्धति र परिवेश झल्काउने साहित्यिक कृति रचना गर्नु पनि नेपाली साहित्यको विश्वव्यापीकरण नै हो । यतिमात्र होइन, कुनै विदेशी अध्येता वा अनुसन्धाताले उसकै देशमा बसी वा नेपालमा आई नेपाली-परम्परा, परिवेश र सामाजिक-मनोवैज्ञानिक सन्दर्भलाई समेटेर उसको आफ्नै भाषामा साहित्य रचना गरेमा त्यसलाई पनि नेपाली साहित्यको विश्वव्यापीकरणकै रूपमा लिनुपर्ने हुन्छ ।

हाम्रा अग्रज पुस्ताले लेखेको र वर्तमान पुस्ताले लेख्दै आएको नेपाली साहित्य कालान्तरमा हाम्रै भावी पुस्ताले बुझ्ने अवस्था देखिँदैन । किनकि साहित्यमा प्रयोग हुने शब्दका लक्षणा, व्यन्जना, साङ्केतिक र सांस्कृतिक अर्थ तथा विम्ब, प्रतीक,

मिथक आदिले साहित्यमा थप्ने अर्थतात्त्विक चमत्कारलाई राम्ररी मनन गर्नेतर्फ नयाँ पुस्ता उदासीन हुँदै गएको देखिन्छ । फेरि विविध कारणले उनीहरूमा मानक नेपाली बुझ्ने क्षमतासमेत कमजोर हुँदै गएको अवस्था पनि छ । कनिष्ठ पुस्ताले आफ्नै मातृभाषामा लेखिएको साहित्यसमेत नबुझ्ने अवस्था सिर्जना हुँदै गएको सन्दर्भमा नेपाली साहित्यको विश्वव्यापीकरण नगरिने हो भने चाँडै इतिहासको गहिरो गर्तमा विलय हुने दुर्दिन नआउला भन्न सकिँदैन ।

भाषाको विश्वव्यापीकरण त्यति सजिलो कार्य होइन । किनकि यसका आफ्नै खाले कठोर सीमाहरू छन् तर साहित्यको विश्वव्यापीकरण तुलनात्मक रूपमा केही सहज छ । यसको सबैभन्दा शक्तिशाली औजारचाहिँ अनुवाद नै हो । त्यसैले अब लेखिने नेपाली साहित्यका सबै टेक्स्टहरूलाई कम्तीमा दुई वा सोभन्दा बढी समृद्धशाली अन्तर्राष्ट्रिय भाषामा अनुवाद गरी स्रोत भाषाको मूल टेक्स्ट सँगै राख्नु उपयुक्त हुने देखिन्छ । हाललाई कम्तीमा हिन्दी भाषा र समृद्ध अन्तर्राष्ट्रिय भाषा मानिएको अङ्ग्रेजी भाषामा मात्र अनुवाद गर्न सकियो भने पनि नेपाली साहित्यको विश्वव्यापीकरणमा ठूलो टेवा पुग्ने देखिन्छ ।

महाकवि देवकोटाको 'मुनामदन', पारिजातको 'शिरीषको फूल', बुद्धिसागर चपाईंको 'कर्णाली ब्लुज', लीलबहादुर क्षेत्रीको 'बसाइँ', कृष्ण धराबासीको 'राधा' लगायत धेरै कृतिहरूको विभिन्न भाषामा अनुवाद हुनु नेपाली साहित्यको विश्वव्यापीकरण तर्फको महत्त्वपूर्ण फड्को हो । यो क्रम निरन्तर जारी रहेको छ र रहनु पनि पर्छ । यसका लागि विविध विधाका स्तरीय कृतिको चयन, अनुवाद, सम्पादन, प्रकाशन र वितरणको सुविचारित प्रबन्ध मिलाउनु वाञ्छनीय हुन्छ ।

पूँजी, प्रविधि र श्रमको विश्वव्यापीकरणसँगै अब साहित्यको पनि विश्वव्यापीकरण अपरिहार्य आवश्यकता बनेको छ । यसबाट देशको धर्म, इतिहास, संस्कृति, भौगोलिक अवस्थिति, सम्पदा, परम्परा, सामाजिक जीवन पद्दति, चेतनाको स्तर तथा सामाजिक मूल्य–मान्यताको विश्वव्यापी प्रचारप्रसार हुन गई प्रत्यक्ष वा परोक्ष रूपमा अनेकौँ लाभका अवसरहरू उपलब्ध हुन सक्छन् । तर यसरी बहुपक्षीय लाभ प्राप्त गर्न निजी स्तरबाट गरिने खुद्रामुद्रा प्रयासमात्र पर्याप्त हुँदैन । यसका लागि नेपाल प्रज्ञा प्रतिष्ठान, गैरआवासीय नेपाली सङ्घ, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजलगायतका सरकारी एवम् गैरसरकारी साहित्यिक सङ्घसंस्थाहरूले 'अघोषित नेपाली साहित्यिक राजदूत' को भूमिका निर्वाह गर्नु जरूरी देखिन्छ ।

देशभित्रै विभिन्न अन्तर्राष्ट्रिय भाषाहरू सिक्ने सिकाउने प्रवृत्तिमा बढोत्तरी हुनाले योग्य र सक्षम अनुवादकको उपलब्धता सहज बन्दै गएको, आप्रवासी नेपालीहरूले आफू बसोबास गरेको मुलुकको भाषा प्रयोगमा पनि क्रमिक रूपले दक्षता अभिवृद्धि गर्दै रहेको, विदेशी अध्येताहरूले पनि नेपाली समाज, संस्कृति र साहित्यको अध्ययनतर्फ मनग्गे रुचि देखाएको सन्दर्भमा चाँडै नै नेपाली साहित्यको विश्वव्यापी फैलावट हुने कुरामा विश्वास गर्न सकिन्छ ।

'अनुवाद गर वा मर' त्यसै भनिएको होइन । यस सूक्तिको राम्रो हेक्का राखेर राज्यको तहबाट पनि सोही अनुसारको भाषिक नीति र योजना तर्जुमा हुन सकेमा नेपाली साहित्यले अन्तर्राष्ट्रिय साहित्यिक बजारमा दर्बिलो र गर्विलो उपस्थिति जनाउन सक्छ । यसतर्फ बौद्धिक–प्राज्ञिक बहस चलाउन अब अबेर गर्नु पनि हुँदैन ।

— *अतृप्त*

# यस अङ्कमा

## कविता/मुक्तक/गजल

गणेश विषम/५, पौडेल विमुन्स /१८
आविष्कार कला/२१, के.पी. पौडेल/३२
यादवराज घले/३६, नारायणप्रसाद आचार्य /३७
युवराज भण्डारी/४०, विवेक दुलाल क्षत्री/४६
निलीमा पुन/४९, नवराज पुडासैनी 'ज्योत्स्ना' /५६
शारदादेवी पोखेल भट्टराई/५८, राजेन्द्र श्रेष्ठ/६४
लक्षीराम आचार्य/७०, कल्पना ज्ञवाली समर्पण/८४
भीम गौतम/८५

## लेख

जीवन शर्मा/६, राजेशमान के.सी./१०
विमल भौकाजी/३३, शशिधर भण्डारी/४१
उद्धवप्रसाद भट्टराई (चैतन्यदीप)/५९

## कथा/लघुकथा

ध्रुव मधिकर्मी /९, नेत्रबहादुर कुँवर/१३
मान्चुकुमारी श्रेष्ठ/१९, घनबहादुर थापा/२२
सुरेन्द्रलाल भुजू/४७, बिन्दु अधिकारी ढकाल /५१
सत्या अधिकारी/५७, लीलाराज दाहाल /६३

## नियात्रा/संस्मरण

विष्णुप्रसाद आचार्य 'अतृप्त'/२३
नर्मदेश्वर प्रधान/६७
राजु शर्मा/७१

## समीक्षा

अरुणबहादुर खत्री 'नदी'/८७



## गणेश विषम

# राष्ट्रकविप्रति

राजेश्वरीका मनमा बसेर
षड्यन्त्र, पीडा सब सम्झिएर
रोयौ तिमी मात्र त एक स्रष्टा
बुझेर त्यो दुर्दिन, त्यो अवस्था ।

गौरी ! भनी प्यार छुटेर रोयौ
छोरी कठै ! काख छुटेर रोयौ
छ आद्र तिम्रो मन क्या विचित्र
कल्याणमात्रै छ कि ! भित्र-भित्र ।

छन् कल्पना बादलूझैँ
बज्छौ तिमी क्या ! स्वर, मादलूझैँ !
कि भित्र छन् रश्मिस्वरूप तार-
झन्कारमात्रै कति बार-बार !

स्वभावगङ्गा जलमा नुहाई
प्रज्ञानका मन्त्र जपी रमाई
घुम्दै गरेका वनका कुनामा
चुम्दै गरेका हिमशृङ्ग नाना ।

टिपेर गुच्छा वनफूल नाना
सौगात सौँपेर दुना-दुनामा
यो काठमाडौँ रसले रसायो
माया गरी काख दिई बसायो ।

पहाड छुन्छौ र हिमाल बोल्छौ
सानो कलाभित्र विशाल खोल्छौ
झर्नाहरूका मधुगान तिम्रा
नेपाल बोल्ने रसगान तिम्रा ।

चिन्ता बढेको कति ! देशको यो
अखण्ड आफ्नै मनमा बसेको
बोल्यौ तिमी मन्त्रकला जपेर
'यो राज्य बाँड्ने चिज हैन हेर ।'

नाघेर आयौ सयको उमेर
खुशी र न्यास्रो सहजै चुमेर
प्रणाम मेरो छ- सहस्र स्रष्टा
बन्दै रहू हे ! नव मन्त्रद्रष्टा ।

■■

*– दाङ*

*(यो कविता राष्ट्रकवि १०० वर्ष पूरा भएको खुशियालीमा कवि विषमले रचना गरेका थिए ।)*



जीवन शर्मा



# प्राकृतिक र मानवनिर्मित सुन्दरता

सौन्दर्य मैदानभित्रका दुइटा मुख्य फाँट भनेका मानवनिर्मित सौन्दर्य र प्राकृतिक सौन्दर्य हुन् । प्राकृतिक सौन्दर्य मानव अनुभूतिजन्य हुन्छ । त्यो कति वेला अत्यन्तै सुन्दर देखिन्छ त कति वेला बेस्वाद, अनाकर्षक र अप्रिय प्रतीत हुन्छ । मानवीय मनोदशाअनुरूप प्राकृतिक सौन्दर्य मानव-हृदयभित्र प्रक्षेपित हुन्छ । बाहिर टाढाबाट हेर्दा प्राकृतिक छटा जति राम्रो र आकर्षक देखिन्छ, त्यहीँभित्र प्रवेश गरेर अनुभूत गर्दा त्यो ठीक उल्टो रूपमा प्रस्तुत हुन पनि सक्छ । उदाहरणका लागि हिमाल टाढाबाट हेर्दा अत्यन्तै नेत्रप्रिय हुन सक्छ तर त्यहाँको जीवन अवस्था र त्यहीँ गएर बस्दाका क्षणहरू अत्यन्तै कस्टसाध्य हुन्छन् ।

समुद्री ज्वारभाटाहरू टाढाबाट हेर्दा अत्यन्तै सुन्दर देखिन सक्छन् तर त्यसको वेगबाट उत्पन्न हुने परिणाम कति प्रलयकारी हुन्छ, त्यसको कल्पना गर्दा पनि आङ सिरिङ्ग हुन्छ । समुद्री आँधीपछि समुद्रका किनारहरूका संरचनाको दूरावस्थाले जो-कोहीको मन पनि उराठलाग्दो र विदीर्ण हुन्छ । प्रकृति हेर्दा सामान्यतया जति सुन्दर देखिन्छ, कहिलेकाहीँ त्यसको स्वभाव अत्यन्तै उज्जण्ड र ध्वंसात्मक हुन्छ । दृश्यावलोकनका लागि प्रकृतिभित्र गहनतम आनन्ददायक गुण अन्तर्निहित हुन्छ, जसका कारणले मानिसहरू त्यसप्रति अत्यन्तै आकर्षित हुन्छन्; नजिकिन्छन् र आह्लादित हुन्छन् तर त्यसको ध्वंसात्मक चरित्र भयावह हुन्छ । विभत्सीकरण ज्वारभाटाको चरित्र हो । आफ्नो स्वभावअनुसार सुनामीले प्राकृतिक वा मानवनिर्मित संरचनाहरू ध्वस्त पार्छ । त्यही ध्वंसात्मक चरित्रभित्र उसको सुन्दरता छिपेको हुन्छ । प्रकृतिको आँखाबाट हेर्दा जुन सुनामीबाट सबभन्दा बढी भौतिक संरचनाहरू ध्वस्त हुन्छन्, शायद त्यही सुनामी नै अति सुन्दर मानिन्छ । आकाशबाट उत्पन्न हुने चट्याङबाट मानिसमाथि पर्ने बज्रपात कति भयावह हुन्छ ! तर, त्यसको त्यो स्वभावका कारणले उसको सौन्दर्यात्मक मूल्य नष्ट हुँदैन । आफू सुरक्षित ठाउँमा बसेर ती प्राकृतिक गतिविधि नियाल्दा मानिसलाई उच्चतम आनन्दको अनुभूति हुन्छ । तर, प्रकृतिबाट यथेष्ट मात्रामा यस्तो प्रकारको आनन्द प्राप्त गर्न मानिस मानसिक तनावबाट मुक्त हुनु जरुरी हुन्छ । मानसिक

रूपबाट तनावमुक्त हुन मानिसका न्यूनतम आधारभूत आवश्यकताहरू पूरा हुनु जरुरी हुन्छ । यस अर्थमा प्रकृतिबाट प्राप्त हुने आनन्दसँग पनि मानिसको वर्गीय स्थिति जोडिन पुग्छ ।

मानिसको सुन्दरता अनुभूति गर्ने मनोदशालाई उसको वर्गीय स्थिति र जीवनदशाले प्रभाव पार्दा उही प्रकृति पनि कसैलाई मनोरम र कसैलाई विनाअर्थको वा कहिलेकाहीँ रिस उठ्नेखालको देखिन्छ । वर्गीय समाजमा हरेक चिजमाथि वर्गीय प्रभाव परेकै हुन्छ । प्राकृतिक सुन्दरताको अनुभूति गर्ने सवालमा त वर्गीय प्रभाव पर्छ भने मानवनिर्मित कलाभित्र; त्यो झन् कैयौँ गुणा बढी हुनु स्वाभाविकै हो । चाइनाको ग्रेटवाल भनौँ वा इजिप्टको पिरामिड; फ्रान्सको आइफेल टावर भनौँ या बेबिलोनको हेङ्गिग गार्डेन– सबैका पछाडि कुनै न कुनै रूपमा वर्गीय स्वार्थ छिपेकै हुन्छ । पुँजीपतिवर्गले आफूलाई हित हुने प्राकृतिका संरचनाहरू निर्माण गर्छ र तिनलाई सबैका निम्ति हो भनेर प्रचार गर्छ । तर, सर्वहारावर्गले आफ्नो ध्येय लुकाउँदैन र उद्घोष गर्छ– हामी आफ्नो वर्गका निम्ति आफ्नै संसार निर्माण गर्छौं । जुन सौन्दर्य पुँजीपति वर्गले आफ्नो वर्गीय स्वार्थका लागि निर्माण गरेको हुन्छ, त्यसलाई सर्वहारावर्गले या त आफ्नो वर्गीय स्वार्थअनुरूप रूपान्तरित गरेर संरक्षण गर्छ या त त्यसलाई इतिहासको पानामा सीमित गरिदिन्छ । तसर्थ, सौन्दर्यबोधभित्र कुनै न कुनै रूपमा आर्थिक जीवनको प्रभाव परेकै हुन्छ ।

सौन्दर्य वस्तुगत सत्तामा आधारित हुने हुनाले सामाजिक उत्पादनसँग सौन्दर्यको प्रगाढ सम्बन्ध हुन्छ । जब-जब सर्वहारावर्ग सचेत हुँदै गयो, तबतब यसले आफ्नो वर्गीय संस्कृतिको पहिचान निर्माण र विकास गर्दै गयो । अहिले संसारभरि सुस्पष्ट रूपमा दुई थरीका संस्कृतिहरूको निर्माण र विकास भइरहेको छ । तदनुसार सौन्दर्यशास्त्र पनि दुई वर्गमा विभक्त छ । मार्क्सवादको विकाससँगसगै सर्वहारावर्गले सचेत र व्यवस्थित रूपमा आफ्नो कला, साहित्य, संस्कृति र सौन्दर्यात्मक मूल्यको विकास गर्दै आएको छ । सर्वहारावर्गको साहित्य र सृजना जति बढी सुन्दर हुन्छ, पुँजीपतिवर्गलाई त्यो त्यति नै बढी असह्य हुन जान्छ । चेर्निसेब्स्कीको उपन्यास 'के गर्ने' माथि जार सरकारले प्रतिबन्ध लगायो र यसका लेखकलाई साइबेरिया निष्कासन गर्‍यो । विश्वका कैयौँ तानाशाहहरूले सर्वहारावर्गका लेखकहरूलाई फाँसी दिएका उदाहरणहरू ताजै छन् । नेपालमा पञ्चायतकालमा गरीब, दुःखीको पक्षमा लेखिएका कैयौँ पुस्तकहरू प्रतिबन्धित थिए । रक्तिम परिवारका गीतहरू सुन्न प्रतिबन्ध थियो । ती गीत-सङ्गीत, साहित्य

र कला गरीब, दुःखी, किसान, ज्यामी र सर्वहारावर्गका लागि सौन्दर्यात्मक दृष्टिले उच्च मूल्यका थिए भने तिनै सांस्कृतिक सामग्रीहरू सामन्तवर्गका लागि असह्य र अत्यन्तै अप्रिय बन्न पुगे । त्यसैले सौन्दर्य वर्गीय हुन्छ भन्ने कुरा छर्लङ्ग छ ।

पुँजीपति–वर्गीय कला, साहित्य र संस्कृति रूपका दृष्टिले अहिले निकै आकर्षक देखिन सक्छन् । उनीहरू एउटा सांस्कृतिक सामग्री निर्माण गर्न लाखौँ, करोडौँ रुपियाँ खर्च गर्छन् । त्यो धनको बलमा उनीहरूले चक्षुप्रिय, कर्णप्रिय र मनमोहक सौन्दर्य सामग्रीहरू सृजना गर्दछन् । अत्याधुनिक प्रविधि पनि उनीहरूसँगै हुन्छ । तर, सर्वहारावर्गले बुझ्नै पर्ने कुरा के हो भने पुँजीपतिवर्गले आफ्नो वर्गहितका लागि तयार पारेका कला–सामग्रीहरू जति बढी आकर्षक देखिन्छन्, सर्वहारावर्गका लागि ती त्यति नै बढी विषयुक्त र खतरापूर्ण हुन्छन् । आर्थिक रूपले विपन्न अवस्थाबाट सृजना गरिएका हुनाले सर्वहारावर्गका सांस्कृतिक सामग्रीहरू रूपका दृष्टिले पुँजीपति वर्गका भन्दा कम आकर्षक देखिन सक्छन् । तर, ती सर्वहारावर्गका लागि अमृततुल्य हुन्छन् । त्यसैले सर्वहारावर्गले आफ्नै वर्गका कला, साहित्य र संस्कृतिको अवलम्बन गर्नु उपयुक्त हुन्छ । पुँजीपतिवर्गले अरबौँ रुपियाँ खर्च गरेर आफ्नो वर्गपक्षीय कला/साहित्यको सृजना, विकास र प्रचारप्रसार गर्छन् भने सर्वहारावर्गले पनि आफ्नो सम्पूर्ण शक्ति लगाएर आफ्नै कला/संस्कृतिको विकास गर्नु जरुरी छ । अथक् मिहिनेत, अनवरत प्रयत्न र कडा सङ्घर्षद्वारा मात्र त्यो काम अगाडि बढाउन सम्भव हुन्छ । सर्वहारावर्गका स्रष्टा, उनीहरूलाई सहयोग गर्ने सचेत व्यक्तित्वहरू तथा सङ्घ/संस्थाहरू र आमदर्शक तथा श्रोताहरूको सामूहिक प्रयत्नबाट मात्र जनताका कला/साहित्य तथा संस्कृतिहरूलाई माथि उठाउन सकिन्छ ।

सर्वहारावर्गका कलाकार, साहित्यकार र संस्कृतिकर्मीहरूले पनि अहोरात्र खटेर जनताका लागि रुचिपूर्ण र आकर्षक सामग्रीहरू तयार गर्न जरुरी छ । खाए खान्छन्, नखाए घिच्छन् भनेजस्तो गरेर सर्वहारावर्गको नाममा जस्तो पायो त्यस्ता सृजनाहरू तयार गर्नु राम्रो हुँदैन । सर्वहारावर्ग आफैँ सङ्गठित हुन, त्यसको वरिपरि आमजनसमूहलाई गोलबन्द गर्न र सबैलाई जनवादी आन्दोलनमा अगाडि बढाउनका लागि उच्च सौन्दर्यात्मक मूल्य भएका सर्वहारावर्गका कृतिहरू तयार गर्नु आजको युगीन दायित्व हो । यसले निर्णायक लडाइँका लागि अहिलेको अवस्थामा गोला, बारुदले भन्दा बढी काम गर्न सक्नेछ । यस्तै सृजनाहरू सर्वहारावर्गका अहिलेका उच्चसौन्दर्य मूल्य भएका सृजनाहरू हुन् ।

■■

## ध्रुव मधिकर्मी

# ऐना



नवनियुक्त शासकले भन्यो, "यो ऐनालाई हटा यहाँबाट !"

"के भो हजुर ?" सेवकले सोध्यो ।

"कस्तो ऐना यो ! अनुहारै राम्रोसँग देखिँदैन । जतिखेर हेरे पनि नमिल्दो मात्र देखिन्छ ।"

"फोहोर भएर होला हजुर," भन्दै सेवकले ऐना टिलिक्क पारेर पुछपाछ ग-यो ।

भोलि पल्ट पनि शासकले ऐनामा आफ्नो अनुहार राम्रोसँग हेर्न पाएन ।

शासकले ऐना ओल्टाइपल्टाइ हे-यो । तैपनि, ऐनामा अनुहार मिलेजस्तो लागेन ।

"के हो ? राम्रोसँग ऐना पुछेनौ ? अनुहार अर्कै-अर्कै पो देखिन्छ त !" शासकले झर्कंदै भन्यो ।

"यो ऐना पुरानो भो हजुर ! यसमा लागेको फोहोर सामान्य टालोले जालाजस्तो लागेन हजुर," नजिकको सेवकले भन्यो ।

त्यसपछि नयाँ टालोको लागि बजेट निकासा भयो । कामदारहरूले ऐनालाई टिलिक्क पारेर पुछपाछ गरे ।

दुई-चार दिनपछि नवोदित शासक पुनः गर्जियो, "अब त हदै भो ! यो ऐनै ठीक छैन ।"

"के भो हजुर ?"

"खै त, ऐनाले सफा अनुहारै देखाएन । कसरी पुछ्यौ तिमीहरूले ?"

त्यसपछि एउटा आयोग बन्यो । आयोगबाट निष्कर्ष निकालियो– दोष अनुहारको होइन, ऐनाकै हो ।

अब त्यहाँ एकपछि अर्को ऐना फेर्ने प्रक्रिया सुरु हुन थाल्यो ।

राजेशमान के.सी.

# विज्ञान, धर्म र अध्यात्म



विज्ञान प्रकृति (matter) र उर्जा अथवा शक्ति (Energy or Forces) को पछाडि हुने नियमहरूको अध्ययनको नाम हो । खासगरी प्रकृतिमा हुने रूपान्तरण, प्रकारान्तरण वा परिवर्तन र त्यसको गुण, प्रभाव अथवा प्रयोग र तिनमा हुने, भइरहने क्रिया-प्रतिक्रिया (Actions and Reactions) को अध्ययन-अनुसन्धान, परीक्षण तथा प्रयोग गर्ने विधिको नाम नै 'विज्ञान' हो ।

आज विज्ञान प्रविधिको क्षेत्रमा भएको अभूतपूर्व प्रगतिका कारण सिङ्गो विश्व एउटा सानो गाउँ अर्थात् 'ग्लोबल भिलेज' मा परिणत हुन पुगेको छ । हामी संसारको कुनै पनि मुलुकमा केही घण्टाको यात्राबाट सहज रूपमा पुग्न सक्ने भएका छौँ । टेलिभिजनको आविष्कारले गर्दा हामी घरभित्रको एउटा सानो कोठामा बसेर संसारका गतिविधिहरू देख्न र सुन्न सक्ने भएका छौँ । वातानुकूलित यन्त्रको आविष्कारले गर्दा हामी घरभित्र कोठामै बसेर मौसमी तातो वा चिसोबाट बच्न सक्ने भएका छौँ ।

विशेषगरी सूचना-प्रविधिको क्षेत्रमा भएको अभूतपूर्व प्रगतिले गर्दा हामी संसारको कुनै पनि मुलुकमा रहेका व्यक्ति अथवा नातेदारसँग घरको एउटा सानो कोठामा बसेर प्रत्यक्ष कुराकानी अथवा सन्देश आदान-प्रदान गर्न सक्ने भएका छौँ । केही दशक अघिसम्म मात्र एक ठाउँको चिठी अर्को ठाउँमा पुग्न हप्तौँ र महिनौँ लाग्ने गर्थ्यो । तर आज मोबाइल, टेलिफोन, इन्टरनेट, भाइवरजस्ता संचार प्रविधिको विकासले गर्दा हाम्रो सूचना र सञ्चार प्रणाली अत्यन्त सहज र सुलभ हुन पुगेको छ ।

त्यसैगरी धर्मको अर्थ हुन्छ 'धारणा' । जीवनमा यस्तो नैतिक मूल्यको धारणा, जसबाट हाम्रो कर्म श्रेष्ठ होस् र त्यो श्रेष्ठ कर्मको सकारात्मक सन्देश हामी आफ्नो सामाजिक जीवनमा पनि फैलाउन सकौँ । त्यसैले धर्म मनुष्यको जीवनमा कुनै असल नियम, असल गुण वा असल विचार एवम् दृष्टिकोण अपनाउनुलाई भनिन्छ । धर्मले नै हामीलाई गलत कर्मबाट बचेर रहने शिक्षा दिन्छ । हाम्रो मनुस्मृतिमा धर्मको दश वटा लक्षणहरूबारे स्पष्ट रूपमा उल्लेख गरिएको पाइन्छ,

जस्तै : **धृति, क्षमा, दमोस्तेयं शौचमिन्द्रियनिग्रहः धीर्विद्या सत्यमक्रोधो दशकम् धर्म लक्षणम्** । अर्थात् धैर्य, विद्या, सहनशीलता, क्षमा, इन्द्रिय निग्रह, अस्तेय वा चोरी नगर्नु, क्रोध नगर्नु, पवित्र रहनु, मनलाई दमन गर्नु वा मनलाई वशमा राख्नु, अहस्तक्षेप वा अरूको काममा हस्तक्षेप नगर्नु । यी धर्मका दश आधारभूत लक्षणहरू हुन् ।

वास्तबमा संसारमा जति पनि धर्म छन्, तिनको एक प्रमुख उद्देश्य भनेको मनुष्यको असल चरित्र निर्माण गर्नु नै हो । यसको अलावा धर्मको लक्ष्य मनुष्यको संस्कार तथा व्यवहारलाई सुधार गर्दै उसलाई समाजका लागि एक जिम्मेवार र उपयोगी नागरिक बनाउनु पनि हो । उसको नैतिक-चारित्रिक उत्थान गर्दै उसलाई एउटा असल मानवत्वको दर्जामा पुर्‍याउनु पनि हो । यद्यपि धर्मको विकृत स्वरूप भने मानव समाजका लागि हानिकारक पनि हुन्छ । विगत केही शताब्दीहरूमा धर्मको नाममा जुन किसिमका साम्प्रदायिक दङ्गा अथवा युद्धहरू भएका छन्, त्यसले गर्दा कतिपय मानिसमा धर्मप्रति एक किसिमबाट वितृष्णा बढेको पनि देखिन्छ । त्यसैले धर्मलाई आ-आफ्नो स्वार्थअनुकूल व्याख्या गर्ने र आफ्नै धर्मलाई मात्र ठूलो ठानी अरूको धर्मलाई गौण मान्ने जुन किसिमको चलन वा प्रवृत्ति देखिने गरेको छ, त्यसलाई भने हामीले परित्याग गर्नै पर्दछ ।

वास्तबमा धर्म होस् वा विज्ञान, दुवैको मुख्य उद्देश्य भनेको मानव जीवनलाई सुखी र समृद्ध बनाउनु नै हो । विज्ञानले मानवीय इच्छाहरूको परिपूर्ण गर्ने साधनको खोजी गर्दछ भने धर्मले मनुष्यको अनियन्त्रित इच्छा आकाङ्क्षाहरूलाई सन्तुलित राख्ने यत्न गर्दछ । अतः हामी भन्न सक्छौँ कि धर्म र विज्ञान परस्पर विरोधी होइनन् । बरु यी दुवै एकअर्काका परिपूरक हुन् र दुवै मानव-हित र कल्याणको लागि आवश्यक छ । विज्ञान भौतिक सुखको लागि आवश्यक छ भने धर्म शान्ति र शुद्ध आचरणको लागि । त्यसैले धर्म र विज्ञान मानिसका लागि दुई जोडी आँखाजस्तै हुन् । मानव शरीरका लागि जसरी दुवै आँखा जरुरी छन्, यसैगरी समाजको लागि पनि धर्म र विज्ञान दुवै आवश्यक छ, जरुरी छ ।

त्यसो त विज्ञान आफैँमा नराम्रो वस्तु होइन तर यान्त्रिक विकाससँगसँगै मानवीय भावना विलुप्त हुँदै जानुका कारण भने यसको सही उपयोगमाथि प्रश्न पनि उठिरहेको छ । हामी देख्दछौँ कि प्रविधिको उपयोग सकारात्मक कार्यहरूमा भन्दा पनि नकारात्मक कार्यकै लागि बढी हुने गरेको छ । आज चारित्रिक मूल्य, नैतिक आचरण या धार्मिक मर्यादाहरूले आफ्नो महत्त्व गुमाउँदै गइरहेको अवस्था पनि छ । जसको परिणाम यो हुन गएको छ कि मनुष्यको सुख-सुविधाको

लक्ष्यलाई लिएर अगाडि बढिरहेको विज्ञानले पनि आज विनाशको लागि मार्ग तय गरिरहेको अवस्था देखिन्छ ।

अब आध्यात्मिक प्रसङ्गमा पनि अलिकति चर्चा गरौँ । अध्यात्मले मनुष्यको व्यवहार एवम् आचरणलाई सुधार गर्दछ र उसको गलत संस्कारहरूमा परिवर्तन ल्याई उसलाई असल मानवीयताको बोध गराउँदछ । आध्यात्मिकताकै कुरा गर्दा योग र ध्यानको प्रसङ्ग पनि जोडिएर आउने गर्दछ । योग र ध्यानले मनुष्यको विचारलाई श्रेष्ठ र व्यवस्थित तुल्याउँदछ । साथै यसले हाम्रो मनको एकाग्र शक्ति (Power of Concentration) बढाउँदछ । जसले गर्दा ईर्ष्या, द्वेष, घृणा, क्रोध अथवा प्रतिशोधको भावनाले हाम्रो मनमा जरा गाड्न पाउँदैन । वास्तबमा मनुष्य जीवनमा आइपर्ने सबै किसिमका व्यावहारिक समस्याहरूको समाधान मानिसको मनोभावनामा आधारभूत परिवर्तनबाट नै हुन सक्तछ र मनोभावनामा आधारभूत परिवर्तन ल्याउनु नै वास्तबमा आध्यात्मिक ज्ञानको मुख्य उद्देश्य हो । किनकि आध्यात्कि ज्ञानमा नै मानिसको विचार, भावना अनि मनोकाङ्क्षालाई सही दिशा दिने शक्ति अथवा क्षमता अन्तरनिहित रहेको हुन्छ । आज विज्ञान र प्रविधिको उच्चतम विकास गरी भौतिकवादी दृष्टिकोण अपनाइरहेका विकसित मुलुकहरूमा पनि जुन किसिमको हिंसा, कलह र अशान्तिको बादल मडारिँदै गइरहेको छ र यसबाट सामाजिक मूल्य–मान्यताहरूमा समेत क्रमिक रूपमा ह्रास आइरहेको छ, त्यो धर्म र अध्यात्म–ज्ञानकै कमीको कारणले गर्दा हो भन्न सकिन्छ । बरु यसले विज्ञान–प्रविधिले गरेको विकास र उपलब्धिलाई मानव–हितमा यथोचित रूपले उपयोग गर्न नसकिएको यथार्थतालाई नै उजागर गर्दछ ।

त्यसैले समग्रमा हामी के भन्न सक्तछौँ भने धर्म र अध्यात्म–ज्ञानको माध्यमबाट आधुनिक विश्व जगत्मा भएको विज्ञान र प्रविधिको उपलब्धिलाई सही रूपमा उपयोग गर्न सकिएको खण्डमा नै हामी मानव–हित र विश्व–कल्याणको लागि सकारात्मक योगदान पुऱ्याउन सक्तछौँ । यसको लागि विज्ञानसँग धर्म र अध्यात्मको समन्वय गर्नु वर्तमान सन्दर्भमा अति नै आवश्यक देखिन्छ । हैन भने आज जुन विज्ञान–प्रविधिको विकास र उपलब्धिलाई लिएर हामी गर्व गरिरहेका छौँ, भोलि गएर त्यही नै हाम्रो लागि विनाशको प्रमुख कारक पनि बन्न सक्तछ । अहिले विश्वभरि भयावह रूपमा देखा परिरहेको कोरोनाको महामारीलाई पनि हामीले यसै सङ्केतको रूपमा लिनु युक्तिसङ्गत होला कि ?

■■

*(लेखक नास्टका निवृत्त वरिष्ठ प्रवर्धन अधिकृत हुनुहुन्छ ।)*



**नेत्रबहादुर कुँवर**

# माइला दनुवार



“हाच्या ! हाच्या !”

हेर्दाहेर्दै, भन्दाभन्दै कुकुरले मासुको पोको लुछि त गयो । माइला दनुवार दुईचार पाइला त कुकुरको पछिपछि पनि लाग्यो तर उसको मनमा कुकुरद्वारा लुछिएको मासुको पोको पाइन्नँ भन्ने लागेछ क्यारे, केवल कुकुरको मुखले च्यापिराखेको त्यो पोकोतिर मात्रै हेरिरह्यो । कुकुरचाहिँ युद्धमा ठुलो जित हात पारेझैँ गरी पुच्छर हल्लाउँदै बडो जोडले कुदिरहेको थियो । माइला दनुवारले केही प्रतिक्रिया दिन सकेन । उसले कुकुरको त्यो गतिविधिलाई एकटकले हेरि मात्र रह्यो ।

माइला दनुवारले निकै निन्याउरो अनुहार लगाएको थियो । मन गह्रौँ पारेर बसेको उसलाई केही सहानुभूति दिनकै लागि भए पनि म उसको छेवैमा गएँ । सुरुमा त कुकुरले पोको थुतेर लगेको झोकमा उल्टै भकुर्ने पो हो कि भन्ने डरडर पनि लाग्यो । उसको अनुहारमा पोतिएको विरक्त पीडालाई केही बेर नियालेपछि पक्का भयो, यसले भकुर्न चाहिँ भकुर्दैन ।

उसलाई गम्भीर मुद्रामा विनम्रतापूर्वक सोधेँ, “ज्या ! देख्न त देखेँ दाइ, दूधको पाकेट जस्तो छ तर साँच्चै कुकुरले केको पोको थुतेर लग्यो र ?”

उसले मेरो शिरदेखि पाउसम्म एक पटक सरर नियाल्यो र मलीन अनुहार लगाउँदै रुन्चे स्वरमा छोटो जबाफ दियो, “मासुको ।”

बिचराको दयनीय अवस्था देखेर मलाई करुणा जाग्यो । जागेर पनि म दस-बाह्र वर्षको बच्चाले गर्न सक्ने त्यस बेला केही पनि थिएन । देखेँ, रुन्चे हाँसो उसको अनुहारभरि लतपतिएर पोतिँदै थियो । निकै जटिल र सङ्गीन मोडमा उभिएझैँ यो गरूँ कि त्यो गरूँ गरी ऊ गमिरहेको थियो ।

माइला दनुवारसँग फेरि मासु किन्नका निम्ति पक्कै पनि रूपैयाँ थिएन । उसको भावभङ्गी, उसले लगाएको गाँसोट हात्तीछाप चप्पल र च्यातिएको लुङ्गीले त्यही सङ्केत गर्थ्यो ।

'रित्तो हात घर जानु पनि भएन !' यस्तै सोचेर माइला दनुवार वाल्ल परी उभिइरहेको हुँदो हो । झटपट मैले त्यसलाई ध्यान नदिएझैँ, अन्त हेरेझैँ गरेँ । ऊ किंकर्तव्यविमूढ भएर दोबाटामा बिजुलीको खम्बाकै छेउमा उही बिजुलीको खम्बाजस्तै ठिङ्ङ उभिरह्यो । उता कुकुरले पोको अलिक पर लगेर फुकाई बाटाभरि छ्यालब्याल बनाएर खाँदै थियो । यता माइला दनुवार भने कुकुरलाई बारम्बार हेर्दै घरिघरि रोऊँरोऊँझैँ गर्दै थियो ।

माइला दनुवारले पक्कै सोचेको हुँदो हो, 'स्वास्नी र छोरा सँगसँगै बसेर मिठोमसिनो नखाएको पनि आधा वर्ष बितिसक्यो । आज त जहान परिवारसँग बसेर खुबै मज्जाले मासुभात खाइन्छ । यो नयाँ वर्ष जहान-परिवारसँग रमाइलो गरी मनाइन्छ ।'

उस्तो मासु खान नपाउने वर्गको व्यक्ति हो– माइला दनुवार । वर्षको दसैँ र यस्तै नयाँ वर्षमा त हो उसले मासुभात खाएर र परिवारलाई खुवाएर आनन्द साट्ने । उसका निम्ति त्यही एक पोको मासु नै जीवनको सबैभन्दा बढी खुशी बनाउने कारक थियो । तर के गर्नु ? कुकुर उसको खुशीको हत्यारा भएर आइदियो । ठिक त्यही हत्यारा जस्तो, जसले एउटा गरीबको छोराले विश्वविद्यालयीय अध्ययन पूरा गऱ्यो भनेर आफ्नो कुण्ठा हटाउन शासकसमक्ष विद्रोही भएको भ्रामक खबर दिन्थ्यो र हत्या गर्न अथवा गराउन सफल बन्थ्यो । त्यति बेला चल्नु न चट्पटाउनु भएर माइला दनुवार दरबारमार्गको सालिकजस्तै उभिरहेको थियो ।

त्यसताका मलाई माइला दनुवारको त्यो व्यवहारको खासै त्यस्तो गम्भीर असर परेको थिएन । त्यसमा पनि त्यो बबुरो मस्तिष्कले उसको रमिताको प्रत्यक्ष रमिते बन्ने संयोगको मज्जामात्रै लिन चाहन्थ्यो । तर, त्यस्ता कमाइ-खानेहरूलाई सानासाना भनिएका घटनाहरूले कतिसम्म सङ्कटग्रस्त बनाउँदो रहेछ भनी त्यही दिनपछि मात्र बुझेँ ।

एउटा घरमूली, जो परिवारका सदस्यहरूलाई वर्ष दिनको विशेष अवसर कुराएर मात्र मासुभात खुवाउन सक्छ, कहिलेकाहीँ पछि खाऔँला भनी रहर मार्छ, एउटा घरमूली जो परिवारका सदस्यहरूलाई वर्षको एकसरो राम्रो लगाउन दिन सक्दैन, कहिलेकाहीँ स्वास्नीको लाजसमेत ढाक्न असमर्थ हुन्छ– उसैलाई नै ठग्ने रहेछ परिस्थितिले पनि । अनि जाँतो बनेर पेल्दो रहेछ नियतिले । र त, त्यस दिन कुकुरको लुछाइ र झम्टाइमा माइला दनुवारले एउटा ऐतिहासिक हार

बेहोरेको थियो । उसको हारमा कुकुरले जितेको थियो । मानौँ– एउटा वंशको समाप्तपछि उदाएको अर्को वंशको शासक र उसको शासन आउँदाको जित । मानौँ– बहु प्रतीक्षित खेलमा विजय प्राप्त भएका खेलाडी र तिनको चामत्कारिक खेलको जित ।

माइला दनुवार लऱ्याङतऱ्याङ गर्दै अघि बढ्यो । ऊ रित्तो हात लिएर सुकुम्बासी दनुवार बस्तीको एउटा छाप्रोभित्र पस्यो । ऊ पसेको छाप्रो माइला दनुवारकै हो भन्ने कुराको प्रमाण उस्तै-उस्तै स्वरूपले स्पष्ट पार्थ्यो । छाप्राको छानो खरको थियो, खर मक्किसकेको थियो । मुढा चिरेर निकालिएका चिर्पटबाट छाप्रो बारिएको थियो । बाहिर बस्नलाई काठका डोला-डोला मुढा ठड्याइएका थिए । कमेरो माटाले लिपपोत गरिएको छाप्राको भित्ताले लगभग बतासे पानी छेक्दैनथ्यो ।

"बुबा ! मासु खोई ?" त्यही छाप्रोभित्रबाट एउटा बालकण्ठ बजेको सुनियो । "ला माई ! बुबाले त मासु ल्याएनछन् ।"

मैले छाप्रो र छाप्रोभित्रबाट आएको मानव ध्वनिलाई जिज्ञासापूर्वक सुनिरहेको थिएँ । तिनीहरूबीचमा भएको कुराकानी सुन्न निकै उत्सुक भइरहेको थिएँ । अब के हुने होला ? अब के हुने होला ? यही कुतूहलताले गर्दा एकदमसँग चाख मानेर तिनीहरूको कुराकानी सुनिरहेको थिएँ । घरभित्र केही अस्पष्ट आवाजमा कल्याङकुलुङ पनि जमिरहेकै थियो । त्यही कल्याङकुलुङमा आइमाई (माइला दनुवारकी स्वास्नी) को आवाज सुनियो, "छोरालाई मासुभात खुवाएर नयाँ वर्ष मनाउँला भनेको त रित्तै हात पो आएछ । खै, मासु ल्याउनु पर्दैन ? मैले भने यहाँ मासु पकाउने मरमसालासमेत जुटाइसकेको छु । कि अस्तिको जस्तै मासु ल्याउने पैसा पनि अरूलाई नै दान दिएर आयौ ? आफू नाङ्गो र भोको भएको थाहा छैन, बडो दानी बन्नुपर्छ । म त मर्न पाए पनि हुन्थ्यो ।"

"ए भुसुक्कै पो बिर्सिएछु । कामै कामले सम्झना नै भएन । रमेश मालिकले जितपुरबाट केही सामान किनेर ल्याइदे भन्नुभएको थियो । त्यता गएर आउँदा आफ्नो काम भने बिर्सेछु ।" माइला दनुवारको कल्पित जबाफ हो जस्तै आवाजमा सुनियो ।

कल्याङकुलुङ बढ्दै थियो । त्यसैबीच उनीहरूका बीच दनुवारी भाषामा पनि संवाद भएको सुनियो ।

"किवटा भेलो ? किसा एरङ करिहिङ बस्ला ?"

"मोरानी किच्छु नाहा भेलो ।"

"टोरा बाटिहिरक चाल डेखिवानाई डिक्कै लागि सकगे । अनि टुई कसाक जाबा ठालो ?"

"बुटा मुई एक छिन नै आइ हालम्ना ।"

एकछिनपछि माइला दनुवार छाप्राबाट निस्कियो । तिनीहरूको कुराकानी सुनिरहेको म केही असभ्य देखिएला भनी सतर्क भएँ । उसले मलाई उति नै बेला देख्यो । म भने ऊ र उसका घरायसी विषयमाथि चासो नै नराखेझैँ गरी वर यताउता टहल्न थालेँ । तैपनि मलाई कताकता भित्री मनमा असजिलो भने महसूस भइरहेकै थियो । ऊ भने मलाई वास्ता नै नगरी त्यहाँबाट फटाफट सखुवाघाटतिर उँभोउँभो लाग्यो ।

माइला दनुवारसँग मासु किन्नका निम्ति बाँकी रकम छैन भन्ने कुरा उसका अघिका क्रियाकलापबाट बुझिसकेको थिएँ । उसले पैसाविना नै कसरी मासु किनेर ल्याउँदो रहेछ भनी खुलदुली भयो । त्यही खुलदुली मेट्न उसकै प्रतीक्षामा म त्यहाँ अबेरसम्म बसेँ । बेलुका अबेरसम्म पनि ऊ उसको छाप्रो फर्केन । अब मलाई पट्यार लागिसकेको थियो । मेरो धैर्यताको बाँध टुट्यो । बाल चञ्चलताले प्रभाव पारेर पनि हुन सक्छ, म त्यसपछि घरतिरै हुर्रिएँ ।

म घरमा पुगेँ । हाम्रो घरमा मासुभात नै पाकेको रहेछ । खाना खाँदा मैले उही दिउँसोको घटना झलझली सम्झन पुगेँ र टोलाएँ ।

गरीब माइला दनुवारले जम्मा पारिराखेको रकमले मासु किनेको, उसले परिवारलाई खुवाउन भनी किनेको मासुको पोको कुकुरले थुतिदिएको, ऊ किंकर्तव्यविमूढ हुँदै रित्तै हात आफ्नो छाप्रो फर्केको, घरमा मासु नल्याएकामा छोरा र स्वास्नीले टोकसो गरेका इत्यादि दृश्यहरू मेरा आँखाअगाडि झलझली हुन थाले ।

म टोलाएको देखेर आमाले सोध्नुभयो, "के हो, तैँले भाङ-धतुरो खाएर आइस् कि सखुवाघाटको भूत लाग्यो ?"

"केही भएको छैन, यत्तिकै ।" मैले आमालाई सामान्य ढङ्गले उत्तर दिएँ । खाना खाइवरि ओछ्यानतिर लागेँ । निद्राले ज्यादै सताएको थियो । ओछ्यानमा पल्टिएको केही क्षणमै भुसुक्क निदाएँ ।

भोलिपल्ट बिहान मुखसुख धोएर डुल्न भनी गाउँतिर निस्किएँ । गाउँमा माइला दनुवार हराएको खबर फैलिएको थियो । कसैले उसलाई प्रहरीको सुराकी

भएको आरोपमा माओवादीले चारकोसे वनभित्र लगेको, कसैले माओवादी भएकैले उतै लडाकु बनेर गएको लख काटेका थिए ।

केहीबेरको घुमफिरपछि म घर फर्किएँ। मलाई माइला दनुवार हराएकामा चिसो पसेको थियो अनि कताकता असह्य पीडा पनि भइरहेको थियो । यता आमाले भने मलाई माइला दनुवार हराएको भन्दै हिँड्दा अलिक होस पुऱ्याएर हिँड्न भन्नुभयो । मैले, "हवस्" भनेँ । मन एक तमासको भइरहेको थियो । म आँत्तिएको पनि थिएँ । डराएर आमाको नजिक गएँ । आमालाई अँगालो हालेँ । आमाले अचम्म मान्दै मेरो कपाल सुम्सुमाउनुभयो ।

त्यस यता धेरै दिन, वर्ष बिते । माइला दनुवार कहिल्यै फर्किएन, कतै कसैले देखेको भन्ने खबरसम्म पनि सुनिएन । उसकी स्वास्नीले केही वर्ष त उसको बाटो हेरेर "टोरा बाटेर आइस्" भनी छोरालाई सम्झाउँदै बसी । पछि आफैँलाई पनि आशा लाग्न छोडेछ क्यारे, छोरालाई एक्लै छाडेर सिन्धुलीतिरको एउटा दनुवार केटासँग पोइला गई ।

अब माइला दनुवारको छोरो एक्लो भयो । बाँच्नकै निम्ति उसको छोराले रमेश पाइलटको घरमा गाईवस्तु चराउने काम गर्न थाल्यो । उसको झुप्रो घर मानिसविहीन भएपछि केही वर्षमै भग्नावशेषमा परिणत भयो । त्यही भग्नावशेषमा त्यही बस्तीको अर्को सुकुम्बासी दनुवारले उस्तै छाप्रो बनाएर बस्यो । मैले मान्छेको जीवनले मोड लिन ठुलाठुला घटना नै घट्नुपर्ने रहेनछ, साना साना घटनाले पनि कतिसम्म गहिरो प्रभाव पार्दो रहेछ भन्ने कुरा त्यसै दिनपछि मात्र चाल पाएँ ।

आजभन्दा करिब पच्चीस वर्षअघिको त्यो घटनालाई सम्झँदा जीवन भोगाइका क्रममा आइपर्ने अभाव, समस्याबाट भाग्नकै लागि मात्र हो या सङ्घर्ष गर्नका निम्ति हो भन्ने दोमनमा पर्छु । अभावको चपेटामा परेको जीवनमा सबै आदर्श र दायित्वभन्दा पलायनवादी सोच नै प्रिय त हुँदैन भन्ने यदाकदा परिरहन्छ । मेरो- जीवन बाँच्न र बचाउनकै लागि हो भन्ने आशावादी, सकारात्मक दृष्टिलाई त्यो घटनाले बेला बेला प्रहार गरिरहन्छ र म तर्सिरहन्छु ।

■■

*hamroashok@gmail.com*



## पौडेल विमुन्स

# मान्छे बनिन्न

मान्छे बने कि कोही भन्ने विचार बोकी
रुन्छन् हजार आँखा सन्ताप भित्र छोपी
यस्तो विचार आयो मान्छे नदेख्न सक्ता
धर्ती समुद्र बन्नै लाग्यो हियार बग्दा ॥१॥

हुन्छन् हजार झेला, हुन्छन् हजार खेला
मान्छे बनेर सोचे देखिन्छ सत्य मेला
संसारका समस्या बोकिन्न काँध थापी
मान्छे शरीर बोकी मान्छे बनिन्न बाँकी ॥२॥

लुट्ने-लुटाउनेको संवाद बुझ्न गाह्रो
बच्ने बचाउनेका छन् त्याग छोप्न गाह्रो
पापीहरू अनेकौँ सञ्जाल मिच्न सक्छन्
मान्छे बनेर सोचे छर्लङ्ग हुन्छ भन्छन् ॥३॥

यो बुद्धि सुम्पिएको मान्छे भनेर नै हो
संस्कार लेखिएको सच्चा बनेर नै हो
जो फेर्छ नित्य काया जोखेर दुःख दिन्छ
मान्छे हुनेहरूले यो सत्य भित्र लिन्छ ॥४॥

सच्चा हुनेहरूका छन् बन्द आज आँखा
लुट्नेहरू बढेका छन् यत्र गाउँ-पाखा
लेखेर काव्यमात्रै बन्दैन देश न्यानो
मान्छे बनेर बुझ्दा छोपिन्छ कष्ट छानो ॥५॥

काया सडेर जाँदा बाँकी रहन्छ नाम
मान्छे बनेर देऊ सच्चा स्वतन्त्र काम
बाँच्दैन वर्ष कैयौँ ती कोष गल्छ, मर्छ
मान्छे बनेर आफ्नो सत्कर्म चिन्नुपर्छ ॥६॥

■■

*पोखरा, छन्दः दिक्पाल*

मान्चुकुमारी श्रेष्ठ

# सोच



कौसीमा झुल्के घाम पहेँपलपुर भएर पोखिएको थियो । घामको उपस्थितिसँगै बाक्लो हुस्सु पनि भुइँ छाडेर आकाशतिर उचालिँदै थियो ।

शर्मीला हातमा रडको सानो कुटो लिएर गमलामा सारिएका फूल–बिरुवा गोडमेल गर्दै थिइन् । पल्ला घरकी छिमेकी प्रमिला घरमा बिहानको चिया नास्ताको प्रबन्ध मिलाएर साथी शर्मीलाको घरमा गफ गर्न आइपुगिन् ।

बिहानको घाम पारिलो र न्यानो थियो । तर पनि शर्मीलाको निधारमा पसिनाका थोपा मोतीझैँ टल्केका थिए । प्रमिला आएपछि हातको कुटो भुइँमा बिसाएर दुई छिमेकी दिदीबहिनी फूलका हरिया चिल्ला पात सुमसुम्याउँदै एकआपसमा कुराकानी गर्न थाले–

प्रमिलाको कुराको उठान गरिन् ।

“के छ नि तिम्री नयाँ बुहारीको हालखबर ?” प्रश्न भुइँमा खस्न नपाउँदै शर्मीलाको तातो र बाफिलो प्रतिक्रिया आइहाल्यो, “के हुनु नि ! यस घरमा भित्रिएको एक महिना भइसक्यो । उसलाई आफू एक्लैले कुनै पनि काम ढङ्ग पुऱ्याएर पूरा गर्न सक्छु भन्ने आँट नै छैन भन्या ! अहिलेसम्म पनि भित्र भान्छामा पकाइतुल्याइ गर्नसमेत उसकै बूढाले सघाउनुपर्छ ।”

कौसीबाट भान्छाकोठातिर चोर औँलाले देखाउँदै शर्मीलाले थपिन्, “ऊ, हेर न ! अहिले पनि भान्छामा नै छे । एक काम, दश अलमल भनेजस्तो छ उसको चाला । जति वेला पनि मोवाइल साथमै हुन्छ । काममा ध्यानै छैन भन्या ! काम एकातिर, ध्यान अर्कैतिर ! मुख छुराजस्तै चल्ने उसैको ! उसका बाबुआमाले शिक्षा त दिएछन् तर सीप र संस्कार भने सिकाएका रहेनछन् । हाम्रो पालामा त...!”

शर्मीलाले आफ्नो पालामा खेप्नुपरेको बुहार्तन सुनाउन खोजिन् । स्वयम् आफैँले पनि भोगेको बुहार्तनको बासी कथा सुन्नुभन्दा शर्मीलाकी विवाहित छोरीको बारेमा पनि केही जान्ने उत्सुकता देखाउन उचित ठानिन् प्रमिलाले ।

“मेरी छोरी त सात प्रान्तकी महारानीजस्तै भएर बसेकी छ । ज्वाइँले बाहिरी व्यवहार सबै हेरिहाल्नुहुन्छ । हप्तामा एक दिन ज्वाइँ–छोरी डिनरका लागि आउटिङ जान्छन् । स्वदेश त सबै घुमिसकी त्यसले । वेलावेला थाइल्यान्डतिर पनि घुम्न जान्छे ! भातभान्छाको काम हेर्न घरमा सुसारे राखेका छन् । सासूले दैलो कसिङ्गर गरेर पूजाआजा गरिसक्दा पनि उसले ओछ्यान छाड्नुपर्दैन । मेरी छोरीजस्तो भाग्यमानी त०००!”

शर्मीलाले गर्वले फुर्किँदै छोरीको प्रशंसा गरिरहँदा उनको लयालु बोलीमा नजानिँदो तरिकाले दम्भको भाव प्रकट भइरहेको थियो । शर्मीलाको ओठबाट बीचबीचमा छुटेको हाँसोको फोहोराका कारण प्रमिलाले आफूलाई जबर्जस्ती भए पनि हासिदिनुपर्ने कमेडी सोको दर्शकजस्तै महसूस गरिरहेकी थिइन् ।

शर्मीलाको छोरी र बुहारीप्रतिको विभेदपूर्ण सोचका बारेमा चाल पाएर प्रमिलाको मनमा एकै चोटि दशौँ प्रश्न उब्जिएको थियो । तर, तत्काल ठाडो प्रतिक्रिया दिइनन्, बरू होसियारीपूर्वक ओठमा ताल्चा लगाएरै बसिन् ।

उनीहरूबीच कुराकानी हुँदै गर्दा घाम मस्त रापिलो भइसकेको थियो । प्रमिलाले मनका सारा उकुसमुकुस मनमै रोकेर घामतिर देखाउँदै साङ्केतिक रूपमा यतिमात्र भनिन्, “हेर बहिनी ! यो घामले कति प्रेमपूर्वक तिम्रो कौसीमा हुर्कँदै गरेका सबै प्रजातिका बिरुवालाई समान पोषण दिएर फस्टाउन मद्दत गरिरहेको छ ! हामी त विवेकशील प्राणी, मान्छे हौँ नि झन्०००, होइन र ?”

आफ्नो कुरा शर्मीलाले बुझिन् वा बुझिनन् अथवा बुझेर नि बुझ पचाइन्, त्यसको छिनोफानो गर्नेतिर नलागी यति भनेर प्रमिला चुपचाप आफ्नो बाटो लागिन् । किनकि उनलाई घर पुगेर सुत्केरी बुहारी र नातिनीको स्याहारसुसार गर्न हतार भइसकेको थियो ।

■■

*सहायक लेखापाल, रत्नपार्क वितरण केन्द्र*

आविष्कार कला

# दुई छोटा कविता



## जिम्मेवारी

कारागारभित्र
कैदीहरूको राष्ट्रिय सम्मेलन उद्घाटनमा
प्रमुख अतिथिले भने–
कारागार समाज-सुधारकको विश्रामस्थल हो ।

विगतमा
टाउकाका गिट्टी बनाएर
संस्कारलाई
स्वर्ग पठाउन सफल भएपछि
वर्तमानमा
प्राकृतिक स्वर्गको देशमा
कित्ताकाटको
युगीन जिम्मेवारी पाएका छौ ।

## प्रश्न

प्रजातन्त्र र जनवादको
पाँचवर्षे दौडमा
चालकबाट निर्देशन भयो–
बरु शहीदको सङ्ख्या बढोस्
जित जनताको हुनपर्छ ।

चौरासी पुगेकी आमाले खोक्दै भनिन्–
यसरी शहीद बनाउँदै अघि बढे
अर्को प्रजातन्त्रको अभ्यासमा
मतदाता कहाँ खोज्ने हो बाबू ?

*प्यूठान*

घनबहादुर थापा

# फुर्सद



बर्सादको पहिरोले कच्ची मोटरबाटो थुनियो । फाट्टफुट्ट चल्ने सवारी साधन पनि ठप्प भए । पहिरो हटाउन सहयोग माग्दै कटुवाल दाइले गाउँभरि उर्दी फिराए, "हेर हे साहे'बो ! खहरेको मोटरबाटो पहिरो आएर पुरिएको छ । पहिरो हटाउनलाई सबैले गैँची, बेल्चा, कोदालो जे छ, त्यही लिएर भेला हुनुपर्‍यो । पछि सुनिनँ; थाहा पाइनँ भन्न पाइने छैन ।"

कटुवाल दाइले गाउँमा सञ्चारको काम गर्थे । गाउँ प्रमुखले जनतालाई सुनाउनु भनेको सार्वजनिक सूचना ठूलो स्वरमा कराएर सुनाउने कामलाई 'कटुवाल घोक्ने' भनिन्छ । अग्लो ठाउँबाट गाउँभरिका मान्छेले सुन्ने गरी ठूलो स्वरले चिच्याएर उनले कटुवाल घोक्थे । यस बापत उनले गाउँलेबाट वार्षिक तोकिएको नगद, कोदो, मकै, धान आदि पाउँथे ।

चनमती, मनमती, चङ्खे, बिर्खेलगायत सबै गाउँलेले उर्दी सुने । "म त जान भ्याउँदिनँ, मेला जानु छ... म त स्वास्थ्य चौकी नगई हुन्न, कसरी जानु र पहिरो हटाउन... मेरो त रोपाइँ छ, फुर्सदै छैन... ।" सबैले एक/एक बहाना बनाएर पन्छिए । सामाजिक काम गर्न भनेपछि गाउँलेलाई ज्वरो नै आउने । आफ्नै घरको काम बित्यो भन्दै कोही पनि पहिरो हटाउन गएनन् । गाउँदेखि सडक-विभाग निकै टाढा थियो । तै पनि दुई दिनसम्म सडक अवरोध नहटेपछि विभागले डोजर पठाइदियो । डोजरले धमाधम ढुङ्गा, माटो पन्छाउन थाल्यो ।

डोजर आएको थाहा पाएपछि गाउँलेहरू हस्याङ-फस्याङ गर्दै आए । पहिरोको वरिपरि झुम्मिएर तमासे बने । डोजर देखेर छक्क परे । ठूलाठूला ढुङ्गा र माटो उठाएर फालेको देखेर दङ्ग परे ।

"आम्मैऽऽ नि ! कस्तो है यो गाडी त ! सप्पै ढुङ्गा उठाएर फाल्दो र'छ । ओहो ! कस्तो खतरा !!"

सबैले चकित हुँदै साउती मारे । पहिरोको वरिपरि मान्छेको भीडले टेक्ने ठाउँ भएन । कटुवाल दाइले हातको पाली बनाएर भीडतिर हेर्दै भने, "हैन, अहिले भर्खर यी गाउँलेहरूलाई कसरी फुर्सद भयो हँ ?" ■■



## विष्णुप्रसाद आचार्य ‘अतृप्त’



# सोलुको यात्रा: खुम्बु छेकिएर जात्रा !

“सोलु कोरिडोर १३२ के०भी० प्रसारण लाइन चार्ज गर्नुपर्ने भो; आवश्यक पूर्वतयारी र आयोजनास्थलमा खटिएका कर्मचारीलाई मर–मद्दत गर्न तपाईं पनि त्यता जानुपर्ने भो,” ग्रीड विकास विभागका निर्देशक दुर्गानन्द बडियैत सरले कार्यकक्षमा बोलाएर कामको प्रसङ्गको उठान गरे ।

रूख कटान र जग्गाको क्षतिपूर्ति वितरणसम्बन्धी कामको अनुगमन गर्ने र रहलपहल कामलाई तीव्रता दिन सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय गर्ने भूमिकामा म खटिनुपर्ने भयो । मिर्चैया र तिङ्लामा बनेका सवस्टेसनहरूको चार्जिङ–कमिसनिङ गर्ने र दुई सवस्टेसनलाई जोड्ने प्रसारण लाइनको Tower to Tower प्राविधिक परीक्षणका लागि भारतीय ठेकेदार कम्पनी मोहन इनर्जीसँगै काम गर्ने भूमिकामा विभागकै इन्जिनियर राजु महतो खटाइए ।

उक्त प्रसारण लाइन तराई, पहाड र हिमाल सबै बेल्टलाई छुँदै सिराहाको मिर्चैयादेखि सोलुखुम्बूको तिङ्लासम्म करिब ९० कि०मि० लम्बाई (डबल सर्किट) मा विस्तारित रहेछ । कूल ३०२ वटा टावर इरेक्सन भई तार तान्ने काम (Stringing) समेत सम्पन्न भैसकेको अवस्थामा लाइन चार्ज हुनुपूर्व वन र जग्गासम्बन्धी केही मामलाहरू व्यवस्थापन हुन बाँकी थियो ।

हाम्रो टोली २०७८ पुस २१ गते काठमाडौँबाट सिराहाको मिर्चैया पुगेको थियो । भोलि पल्ट बिहान आयोजनाका प्रमुख जनार्दन गौतम, प्रशासन प्रमुख यादवराज घले, इन्जिनियरद्वय राजेश बुढाथोकी र श्वेत बस्नेत, विभागबाट सँगै गएका इन्जिनियर राजु महतो, आयोजनाका कर्मचारी पवन सापकोटासहितको टोली मिर्चैयाबाट बिहान ०९:०० बजे उदयपुरको कटारीका लागि प्रस्थान गरियो ।

मिर्चैयाबाट चुरे पहाड छिचोल्दै करिब २५ कि०मी० यात्रा तय गरेपछि उदयपुर जिल्लाको कटारी पुगिँदोरहेछ । प्रायः सिमेन्ट र माटाको टायलयुक्त घर र कतैकतै झिङटीको छानायुक्त घर पनि कटारी जाँदा बाटामा देखिए । मिर्चैयादेखि कटारीहुँदै ओखलढुङ्गा, खोटाङ र सोलुसम्म जाने बाटो भएर पनि राम्रो मर्मत

नपाएको सिद्धिचरण राजमार्ग देखेर मन त्यसैत्यसै कुँडिएर आयो । कतै पिच, कतै पिच उप्केको उबडखाबड घुम्ती बाटो छिचोल्दै आस्ते-आस्ते कटारी पुगियो ।

प्रदेश नम्बर १ अन्तर्गत भित्री मधेशमा पर्ने उदयपुर जिल्लामा पहिले उदय नाम गरेका राजाले शासन गरेको भएर जिल्लाको नाम उदयपुर रहन गएको लोकविश्वास रहेछ । यस जिल्लामा महाभारत पर्वत शृङ्खलादेखि चुरे पर्वतमालासम्मको पहाडी र केही समथर टारहरू समेटिएको रहेछ । यस जिल्लाको मुख्य औधोगिक गौरव उदयपुर सिमेन्ट कारखाना रहेछ । जातिगत हिसाबले मुख्यतया राई, मगर, थारू, बाहुन र छेत्रीको बसोबास थलो रहेछ उदयपुर ।

उदयपुरको 'मरुवा' प्रसारण लाइन निर्माणका क्रममा निकै विवादित थलो बनेको थियो । सोही ठाउँको मरुवा हरित सामुदायिक वनअन्तर्गत कटान गर्न बाँकी रुखहरूको लगत लिन वन कार्यालयका प्राविधिकसहित सामुदायिक वनका अध्यक्ष र सचिवलाई लिएर मौरी ढुङ्गा सामुदायिक वनमा प्रवेश गरियो । छूटपुट लगत प्रमाणीकरणको काम सकेर अध्यक्षसहित हाम्रो टोली पुनःकटारी फर्कियो ।

उदयपुरको काम बाँकी नै थियो तर ओखलढुङ्गा र सोलुको काम पनि सँगै अघि बढाउने सल्लाह भएअनुसार भोलिपल्ट हाम्रो समूह चोइटिएर ओखलढुङ्गाका लागि निस्कियो । हामी नौलातौला, भाइ पवन सापकोटाको पदचाप पछ्याएर मिर्चैयाहुँदै सोलुसम्मको यात्रा तय गरेर निस्कियौँ । घुम्ती बाटोहुँदै आकाशतिर उचालिँदै गयौँ हामी । बाटामा सिराहाको मिर्चैयामा रहेको सौर्य र मारुती सिमेन्ट उत्पादनका लागि आवश्यक चुनढुङ्गा ओसार्ने हेभी गाडीको लावालस्कर देखिन्थ्यो । कुरैकुरामा चुनढुङ्गाको खानीयुक्त बाँदर लड्ने भीर बेचेर काठमाडौँमा अमूक व्यक्तिले दरबार ठड्याएको प्रसङ्ग पनि भाइ पवन सापकोटाले सुनाउन भ्याए । 'भाग्य आ-आफ्नो !' बस, यही सोचियो ।

उदयपुरको बेतिनी पुगेपछि चिसो सिरेटो चल्न थाल्यो । लाउँदालाउँदैको लुगा पातलो बनिदियो । एकएक कप चिया घुट्क्याएर हामी प्रसारण लाइनको रूट निरीक्षण गर्दै अगाडि बढ्यौँ । विकट पहाडी बाटो, धुलाम्मे सडक, गाडीलाई मोड नपुग्ने छोटो घुम्ती र पातलो बस्ती छिचोल्दै हामी अघि बढि नै रह्यौँ । मिर्चैयाबाट तिङ्ला सवस्टेशनसम्म पावर ट्रान्सफरमर ल्याउन मोड काट्दै अघि बढ्दा गाडीलाइ २१ दिन लागेको सन्दर्भ पनि सुन्न पाइयो त्यही बेला । सो बाटोमा ट्रिपर दुर्घटना लाइभ देखेको घटनाको बेलिबिस्तार सुन्दा आँखामा डरलाग्दो चित्रविम्ब पैदा हुन पुग्यो ।

बेतिनीमा टावर क्लियरेन्स नपुगेको भन्दै स्थानीय बासिन्दाले हामी चढेको गाडी रोक्काए । बेतिनीमा चिया खाने क्रममा उक्त ठाउँमा प्रसारण लाइनको टावर निर्माण गर्दा काँचो कटुस खानाले पूरै टिम वायुविकार र झाडा पखालाको शिकार भएको र काम नै केही दिन हल्टा भएको अनुभव पनि पवन भाइले सुनाए ।

सिन्धुपाल्चोके भाइ, ड्राइभर सञ्च, त्यस्तो घुम्ती पहाडी बाटोमा पनि सञ्चोसँग महिन्द्रा डबल क्याब हाँक्दै थिए । सञ्च भाइ कम बोल्ने तर बिन्दास तरिकाले नियन्त्रित गतिमा आत्मविश्वासका साथ गाडी कुदाउने चालक ।

यात्राको क्रममा उदयपुरको हर्दिनी भन्ने ठाउँ आइपुग्यो । त्यहाँको अदुवा प्रसिद्ध मानिँदोरहेछ । 'सोलुमा तरकारी महङ्गो हुन्छ !' भन्दै तरकारी किनमेल गरेपछि हाम्रो यात्रा गहुँबारी, लेखानीहुँदै घुर्मीमा पुग्यो । घुर्मी उदयपुरको अन्तिम सीमा रहेछ । कटारी नगरपालिका घुर्मीसम्मै विस्तारित रहेछ । त्यसैले बेतिनी र घुर्मीतिरका बासिन्दाहरूले नगरपालिकाको सदरमुकाम पायक नपरेको भनी अलग्गै गाउँपालिका माग गरेको सन्दर्भ पनि त्यहाँ सुन्न पाइयो ।

"यो बाटोचाहिँ कता तेर्सियो फेरि ?" मैले पुल तर्नुअघि प्रश्न गरेँ ।

"यो बाटोहुँदै करिब तीन घण्टाको यात्रा तय गरेपछि खुर्कोट पुगिन्छ, घुर्मी-खुरकोट सडकखण्ड बन्नुअघि ओखलढुङ्गा, खोटाङ र सोलु जानेहरू पनि कटारीहुँदै आउँथे नि !" पवन भाइको उत्तरले "पहिले त काशी जाने कुतीको बाटो भनेजस्तै पो रै'छ है !" भनेर एक छिन हाँसियो पनि ।

घुर्मीको पक्की पुल तरेपछि सुनकोशीको किनारस्थित हर्कपुर, हिलेपानीहुँदै गाडीले रफ्तार पक्रियो । त्यसबीचमा बाटामा प्रशस्तै खयरघारी देखिन्थ्यो । खयरलाई संरक्षित वनस्पति मानिने हुनाले प्रसारण लाइनको Row मा खयरको रूख कटान अलि टाउको दुखाइको विषय नै बन्दोरहेछ । घुर्मीबाट केही माथिको घुम्ती हिलेपानीबाट ४० कि॰मी॰ पूर्वतर्फ ओरालो झर्दै खोटाङ, हलेसी मन्दिर पुगिँदोरहेछ । "व्याकुल माइलाको गाउँ पनि यतै हो," एक मित्रले सुनाए । मनमा राष्ट्रिय गानको सङ्गीत घन्कन पुगेछ ।

बिस्तारै थाक्ले, जेरुङगाउँ हुँदै मानेभन्ज्याङ पुगियो । त्यहाँ प्रसारण लाइनमा पर्ने एउटा अजङ्गको सिमलको रूख काट्न बाँकी रहेछ । जग्गाधनी कुमारी मगर सिमलको रूखको बीस लाख मूल्य माग्दिरहिछन् । लामो अडानपछि उनको माग ह्वात्तै दश लाखमा आएर झरेको रहेछ । उनलाई

मानेभन्ज्याङबाट ओखलढुङ्गा बोलाएर रूख काट्न सहमति दिने विषयमा छलफल गरियो । उक्त रूखको लागत मूल्याङ्कन डेढ लाखमात्र थियो ।

सिमललाई पानीको मूल संरक्षण गर्ने वनस्पती र चिलको आश्रयस्थल मानिँदोरहेछ । सिमलको रूखमुनि एउटा मन्दिर पनि रहेछ । यिनै विषयहरूलाई मुद्दा बनाएर जग्गाधनीले चर्को सौदाबाजी गरिरहेको अवगत भयो । उनलाई सम्झाई–बुझाई त गरियो तर तत्काल सो समस्या हल हुने लक्षण देखिएन । त्यो मामलाको व्यवस्थापन पछिमात्र भयो । त्यो पनि केही प्रशासनिक धरपकड गरेपछि मात्र ।

हामी बालेथाम, गुरुङ डाँडा, कोल्टार, केत्तुकेहुँदै ओखलढुङ्गाको सदरमुकाम पुगेका थियौँ । पारिसम्म परेको ठूलो रुम्जाटार रहेछ । त्यो टार देख्दा 'रुम्जाटारको कोदाको पिठो निर्गुणको दाउन, धर्मकर्म गुरुङले गरे छक् परे बाहुन !' सन्तकवि ज्ञान दिलदासको व्यङ्ग्य कविता झलझली भयो । रुम्जाटारमा सदरमुकाम नराखेर किन भिरालो पहाड ओखलढुङ्गामै सदरमुकाम राखियो होला भन्ने कुतूहल हामीमा बढेर गयो । रुम्जाटार सदरमुकाम भएको भए ओखलढुङगाका सरकारी कार्यालयहरू यत्रतत्र छरिएर रहँदैन्थ्यो र सेवाप्रवाह सरल हुने थियो भन्नेमा सबैको मत मिल्यो ।

ओखलढुङ्गा जिल्लासँग कवि सिद्धिचरण श्रेष्ठको नाममात्र जोडिएको रहेनछ; पञ्चायतकालीन शहीद कप्तान यज्ञबहादुर थापा, समाजसेवी अनुराधा कोइराला, सीमाविद् बुद्धिनारायण श्रेष्ठआदिको नाम पनि पो जोडिएको रहेछ । ओखलढुङ्गा पुग्दा अपूरो बुझाइले पूर्णता पाएको आभास पनि भयो । सामान्य ज्ञानमा पढेको बहुचर्चित 'पोकली झरना' पुग्ने रहरले भने साकार रूप लिन सकेन ।

तत्पश्चात् ओखलढुङ्गा बजारमा अवस्थित बलबहादुर राईको सालिकमा तस्वीर खिचाएर एकएक प्लेट मम उदरस्थ गरियो । सेतो डल्लो निल्दै गर्दा जिल्लाको नामकरणका बारेमा जिज्ञासा राख्न मन लाग्यो । यसका बारेमा महाभारत कालमा भीमले त्यहाँ रहेको ओखलजस्तो गहिरो खोपिल्टे ढुङ्गामा मुसलको सहायताले धान कुटी खाना खाएको जनश्रुति प्रचलित रहेछ । ओखलढुङ्गा बजारमा रहेको सो ढुङ्गा, सिद्धिचरण पार्क र सिद्धिचरणको सालिकको अवलोकन गर्ने मेसोचाहिँ सोलुको काम सकाएर काठमाडौँ फर्कने क्रममा मिलेको थियो ।

यात्राका क्रममा देउराली, टोड्के, ठाडे, पत्तालेहुँदै हामी निरन्तर चुलिँदै गयौँ । घुर्मीदेखी सोलु सल्लेरीसम्म सिङ्गल लेनको पिच बाटो भए पनि ठाडे र

टोड्केमा बाटो अलि बेसरी बिग्रेको पाइयो । पत्ताले ओखलढुङ्गाको पर्यटकीय सम्भावना बोकेको महत्त्वपूर्ण थलो रहेछ । त्यहाँबाट मौसम सफा भएको बेला सगरमाथा नजिकै देखिने रहेछ । पत्तालेबाट बिहान, दिउँसो र बेलुकी विभिन्न रङमा सगरमाथाले देखाउने बहुरङ्गी स्वरूपको दर्शन पाइने रहेछ । त्यहाँ एउटा टेलिस्कोप राखे कति राम्रो हुने थियो होला भन्ने तर्कना मनमा उठ्यो । साँझ परिसकेको हुनाले सगरमाथाको दृश्यावलोकन गर्ने गुन्जाइस भने थिएन । एउटा ठूलो रहर थाती राख्नुपर्दा त्यतिवेला छाती अलिक भारीजस्तो चाहिँ भएको थियो ।

अब हाम्रो ओरालो झर्ने पालो थियो । हाम्रो भूमिबाहन बाघखोर बेलिडाँडा, पेकनासहुँदै तिङ्ला भन्ने स्थानमा पुग्यो । रातको समयमा माथिबाट हेर्दा एभिएसन लाइट बलेको विमानस्थलको धावनमार्गझैँ देखिने तिङ्ला अदभूत सुन्दर ठाउँ रहेछ । त्यहाँबाट भोलिको सूर्योदयसँगै नुम्बुर हिमाल प्रस्ट देखिने जानकारी प्राप्त भयो । तिङ्ला सबस्टेशनमा खाना खाएपछि सुत्ने तरखर गरियो । जाडो बढेकाले हिटरमा हातखुट्टा सेकेर बिस्तरामा सिरक ओढेर पल्टिएको तर चिसोका कारण परेला जोडिनै मानेनन् । अचम्म ! हिटरले तातो दियो तर सिरकले न्यानो दिन सकेन । त्यतिवेला थाहा भयो– तातो र न्यानोबीचको अन्तर । अनि, बोध भयो कि जिन्दगीमा तातो र न्यानो दुवै आवश्यक पर्दारहेछन् ।

अघिल्लो दिनको दौडधूप र थकानका कारण भोलिपल्ट बिहान ८ बजेसम्म आँखा खुल्नै मानेनन् । अकस्मात बिउँझँदा सिरानीमै रातो सूर्य उदाएजस्तो देखेर झसङ्ग भएछु । राता रापिला किरण झ्यालको चेपोबाट चियाउँदै रहेछन् । शनिबार अन्यत्र अफिसियल काम नहुने हुँदा सल्लेरी बजार घुमघाम गर्ने योजना अघिल्लो दिन नै तय भएको थियो । त्यसैले रमितेको ओरालो घुम्ती पार गर्दै अपर सोलु पावरहाउसहुँदै उकालो घुम्तीबाटो भएर हामी सल्लेरीतर्फ बेगियौँ ।

अपरसोलु पावरहाउसअगाडि पनि रै'छ कृष्णभीर, देख्दै डरलाग्दो ! आँखा परेर पनि नोटिस नगरिएको अजङ्गको पहिरे डाँडो । अपर सोलु पुग्नासाथ केही समय अघिमात्र सोलुखोला दूधकोशी जलविद्युत् आयोजनामा पावरहाउसको पेनस्टक पाइप फुटेर २ जवान होनाहार प्राविधिक कर्मचारीको दुःखद मृत्यु भएको सम्झनाले मन चिमोटियो ।

सोलु दूधकुण्ड नगरपालिकामा पर्ने सल्लेरी बजार उक्लनेबित्तिकै शनिबारे हाट हेर्ने सल्लाह भयो । हाट भर्ने क्रममा तोङ्बा चाख्नेमा सहमति जुट्यो । कोदाको दाना र मर्चामिश्रित गरेर बनाइने ठोस लेदोमा तातो पानी हालेर पाइपले पिइँदो रहेछ तोङ्वा । स्वादचाहिँ हल्का मतमत र अमिलो । चाखियो मात्र, खाइएन । किनकि, खानु हाम्रो उद्देश्य नै थिएन ।

तोङ्बा तान्दै गर्दा सोलु, सल्यानका साथी मिलन राईको सम्झना आयो । धेरै वर्षअघि उनले मेरो शब्द र पविधन खालिङको सङ्गीतमा 'मुस्कानको मुहानजस्ती...... झुल्के घामको बिहानजस्ती' बोलको एउटा आधुनिक गीत रेकर्ड गराएका थिए । उनले सोलु पुग्दा हेर्नै पर्ने केही ठाउँहरू भनेर बताएका थिए केही नामहरू, जस्तैः फाप्लु, बेनी, च्याल्सा गुम्बा र पत्ताले डाँडा । पत्ताले बाटामै पर्ने रहेछ । उनले बताएअनुसारका बाँकी ठाउँ घुम्ने सम्बन्धमा तोङ्वा तान्दै गर्दा आपसी छलफल गरियो । काम हाम्रो मुख्य प्राथमिकताको विषय रहेकाले सबै गन्तव्यमा पुग्न भने भ्याइएन ।

त्यहाँको प्रसिद्ध 'सुचिया' खाने कुरो चलेको थियो तर तोङ्बा खाने दोस्रो प्रस्तावले अघिल्लो प्रस्तावलाई प्रतिस्थापन गरिदियो । हामीले हाटमा गएर चौँरीको बटर के.जी.को रु. एक हजारमा किन्यौँ । रु. दुई सयको थोरै भेडाको घीउ पनि खरिद गर्‍यौँ । चौँरीको घीउले स्टामिना बुस्ट गर्ने र भेडाको घीउले जोर्नी दुखेको निको पार्ने, काटेको ठाउँमा खत बस्न नदिने अनि पोतो-चायाँ हटाउने ओखतीका रूपमा काम गर्ने विश्वास गरिँदोरहेछ । त्यहाँको हाटमा बिक्रीमा राखिने राता, सानासाना यार्सागुम्बा पश्चिम नेपालतिरबाट आयातित हुने रहेछ । "यताको भने कालो हुन्छ," एक शेर्पा दाजु हामीलाई यार्सा बेच्न खोज्दै थिए । किन्नु त थिएन तैपनि मूल्य सोधियो– एक गोटाको रु. पाँच सय !

त्यसपछि हामी अल्लोको सामान भएको पसलतिर लाग्यौँ । टोपी, पर्स, क्याप, लेडिज ब्याग, ल्यापटप ब्यागआदि पसलमा सजाइएका थिए । दारको ठेकी पनि रहेछ तर मझौला साइजको ठेकीकै मूल्य रु. नौ हजार अङ्कित थियो । 'बुङ' घर बताउने शेर्पिनी साहुनीले अल्लोका सबै आइटम हामीलाई देखाइन् । सेतो गालामा रातो रगत टलपलाएका; निक्कै नै हिस्सीदार थिइन् साहुनी । उनले सल्लाको पातझैँ सिल्की कपाल सुमसुम्याउँदै अल्लोको जुत्ता-चप्पलले प्रेसर घटाउने कुरो बताइन् । मनमा जुत्ता किन्ने चौ-चौ उकासिएको थियो तर मेरो साइजमा उपलब्ध हुन भने सकेन ।

त्यही मेसोमा सल्लेरी बजारमै रहेको ज्याकेट बनाउने गार्मेन्टमा पनि पसियो । विदेशबाट आयातित एक जातको चराको भुत्ला (डाउन) प्रयोग गरी सिलाइएको न्यानो भुकुल्ले ज्याकेट सिलाइँदो रहेछ त्यहाँ । पवन भाइले चिसो निकै बढेकाले ज्याकेट किन्न खोजेका थिए तर त्यो पनि मिल्दो साइजमा फेला पार्न सकिएन ।

"फाप्लु एयरपोर्ट घुम्नुपर्ने ठाउँ हो" साथी मिलनले भनेको सम्झेँ । सल्लेरीबाट नजिकै रहेकाले त्यहाँ जाने सल्लाह भयो । भर्खरै डेन्टपेन्ट गरेको जस्तो

कालो, चिल्लो पिच रहेछ एयरपोर्टको । सानो धावनमार्ग, दुवैपट्टि भीर रहेछ । १८ मिनेटमा काठमाडौँ पुगिने कुरा, यति र सुमित एयरको १८/२० सिटे सानो जहाज चल्ने कुरा अनि दिनको सरदर दुई उडानमात्र हुने कुरा त्यहाँका कर्मचारीबाट जानकारी पाइयो । मौसमको कारण त्यहाँ निर्धारित समय तालिकामा उडान भने नहुने रहेछ । त्यसैले विमान उड्नुअघि प्रत्येक प्यासेन्जरलाई कर्मचारीले फोन गरेर उड्ने समयको सुनिश्चिततासम्बन्धी जानकारी दिँदारहेछन् ।

फाप्लुबाट लुक्ला एयरपोर्ट ५ मिनेटको उडान-दूरीमा रहेछ; एउटा डाँडापारि मात्र । कार्गो ढुवानीका लागि मात्र फाप्लु-लुक्ला उडान हुने रहेछ । रिजर्भ गरेर रू॰ पाँच हजारमा फाप्लुबाट लुक्ला पुग्न सकिने रहेछ । एयरपोर्टको छेउमै लुक्ला ढुवानीका लागि सल्लाको फलेक, उत्तिसको काठ उरुङखात पारेर राखेको देखिन्थ्यो । केवलकार सञ्चालन गर्ने हो भने कम्तीमा यात्रुको आवागमन सहज हुने रहेछ भन्ने हाम्रो निचोड रह्यो ।

लुक्ला नजिकै अर्को एयरपोर्ट स्याङ्बोचे पर्ने रहेछ । सगरमाथा जानेवाला पर्यटकहरू भने प्रायः सिधै काठमाडौँबाट स्याङ्बोचे उडान भर्दा रहेछन् । फाप्लुमा निकै बेर टहलियो तर प्लेन उडेको वा ल्यान्ड भएको हेर्ने रहर भने पूरा गर्न पाइएन ।

मोटरेवल बाटो सोलुको सल्लेरीसम्म मात्र पुगेको रहेछ । सल्लेरीबाट तीन दिनको पैदलमा नाम्चे पुगिने जानकारी त्यहाँ प्राप्त गरियो । सल्लेरीतिर मकै, गहुँ, आलु उत्पादन हुने रहेछ । त्यहाँ किवीको व्यासायिक खेती सुरु भएको जानकारी पनि पाइयो । सोलुमा 'बुङको आलु' प्रसिद्ध मानिँदो रहेछ । बुङको आलु घुरान पोलेर तयार गरिएको विशेष खालको मल प्रयोग गरी अलि बेग्लै तरिकाले उत्पादन गरिँदोरहेछ । सोलु र ओखलढुङ्गा दुवै जिल्लामा बुङको आलुको व्यावसायिक उत्पादन हुँदो रहेछ । बुङको आलु खेतीका लागि सरकारले पकेटक्षेत्र निर्धारण गरी किसानलाई विभिन्न अनुदान पनि दिने गरेको रहेछ ।

नुम्बुर हिमालको फेदीमा दूधकुण्ड पर्दो रहेछ । त्यहाँ मेला लाग्ने गरेको जानकारीसम्म पाइयो । विश्वकै अग्लो स्थानमा रहेको होटल एभरेस्ट भ्यू फाप्लु नजिकै पर्ने जानकारी पनि पायौँ हामीले । थकाइले लेथ्नु बनाएको त्यता जाने जाँगर भने पलाएन ।

सल्लेरी घुम्दै गर्दा सोलुखुम्बू जिल्लाको नामकरणका बारेमा जान्ने कुतूहलता बढेर गयो । नेपाल उपत्यकाबाट किराँतहरू पराजित भई पूर्वतिर लागेपछि उनीहरू पूर्वका तीन वटा गुफामा बसी शिकार खेलेर जीविकोपार्जन गर्न थालेछन् । किरात राई थुलुङ भाषामा 'स्युले' को अर्थ तीन र 'खोम बु' को अर्थ

गुफा रहेछ । 'स्युले खुम बु' शब्दको प्रयोग आधिक्यताका कारण सोही शब्दबाट अपभ्रंश भएर सोलुखुम्बू नाम रहन गएको रहेछ । 'सोलु' शब्दले तल्लो र 'खुम्बू' शब्दले माथिल्लो उच्चहिमाली क्षेत्रलाई जनाउँदो रहेछ । सोलु राई र खुम्बू शेर्पा जातिको थातथलो मानिँदो रहेछ । जडिबुटीको खानी, बौद्ध सांस्कृतिक सम्पदाको धनी र पर्यटकहरूको साङ्ग्रिला भनेर चिनिने सोलुखुम्बूमा पाइला टेक्न पाएकोमा छुट्टै आनन्द मिलिरहेको थियो ।

उदयपुरको घुर्मीतिरै हुँदा बिग्रेको गाडीको हर्न अझै बनाउने मेसो मिलेको थिएन । बेलाबेलामा मोडमा अर्को गाडीसँग जम्काभेट हुँदा मनै जिरिङ्ग हुने ! सल्लेरीबाट घुम्ती बाटो ओर्लँदै गर्दा गाडीको हर्न मर्मत गरियो । अब कुनै डर थिएन । पारिका डाँडाकाँडा हेर्दै बसोबासस्थल तिङ्ला झर्दा मनमा टीका चाम्लिङको शब्दमा पार्वती राईले गाएको यही गीत गुञ्जिरहेको थियो :

'कलकल बगिरहन्छ खोला कल्लेरी
आउनुस् हजुर हिमाल हेर्न सोलु सल्लेरी.....।'

सोलु दूधकुण्ड नगरपालिकाको तिङ्ला–११ जनप्रतिनिधिविहीन वडा हो भन्ने कुरा मैले भुलेको रहेछु । २०७४ सालको स्थानीय निर्वाचनमा त्यहाँ 'नो भोट' अभियान चलेको याद ताजा भयो तिङ्ला बसाइमा । वडासचिवले नै वडा–अध्यक्षको काम हेर्दै आएको सन्दर्भ पनि जानकारीमा आयो । आफूहरूलाई सोलु दूधकुण्ड न.पा. मा नराखी नेचा सल्यान गाउँपालिकामा समायोजन गरेकोमा रुष्ट भएर त्यहाँ 'नो भोट' अभियान चलेको रहेछ ।

हाम्रो उद्देश्य यथाशीघ्र सोलु कोरिडोर लाइन चार्ज गर्नु नै थियो । सो लाइन चार्ज नहुँदा अपर सोलुबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोडिन सकेको थिएन । अपर सोलुमात्र होइन, सोलु कोरिडोरमा निर्माणाधीन करिब ३०० मेगावाट विद्युत् प्रसारण गर्ने एकमात्र प्रसारण हाइवे थियो त्यो । सो लाइन चार्ज गर्न तिङ्लानजिक रहेको कडेनी झरेनी सामुदायिक वनमा रूख तथा हाँगाबिगा कटाउनुपर्ने अवस्था थियो । त्यसैले, साँझतिर वन कार्यालयका कर्मचारीसँग समन्वय गर्न सोलु सब डिभिजन कार्यालय पुगियो ।

मूल सडकभन्दा केही माथि रहेको वन कार्यालयमा पुग्ने क्रममा हिउँमा जुत्ता भासियो । अफिस पुग्दा वन प्राविधिकहरू हिउँको थुप्रोको छेवैमा क्याम्प फायर गर्दै रहेछन् । साना साना १५/२० हाँगाले लाइन छोएको हुन सक्ने अनुमानसहित भोलिपल्ट ठेकेदार र आयोजनाका कर्मचारीहरू गएर हाँगाबिँगा हटाउने काम सुरु गरियो ।

सो सामुदायिक वन क्षेत्रभित्र नै चर्चित टिम्बुरबोटे हत्याकाण्ड घटित भएको रहेछ । उक्त वनमा गोब्रे सल्ला बढी पाइने र त्यो फलेकमा बढी प्रयोग हुने रहेछ । बाघ-भालुको आक्रमणको डर पनि त्यहाँ त्यत्तिकै हुने रहेछ । अघिल्लो दिनमात्र एक जना अपरिचित महिलाको शव हत्या गरिएको अवस्थामा जङ्गलमा फालिएको भन्ने खबर सुन्दा त्यहाँ काम गराउने सिलसिलामा हाम्रो मनमा अव्यक्त डरले बास गरेको थियो ।

भोलिपल्ट तिङ्लाको आँगनमा घाम उदाइसकेको थियो । घाम रापिलो थियो । सँगै चिसो सिम्फोनीले बिहानैदेखि मुटु कमाइ पनि रहेको थियो । सोलुबाट ओखलढुङ्गा फर्कने तयारीमा हामी जुट्यौँ । ओखलढुङ्गा आउँदै गर्दा लामालामा गाडीलाई जेसिभीले धकेल्दै विद्युतीय सामग्री ढुवानी गरिरहेका गाडीहरू प्रशस्तै भेटिए । ओखलढुङ्गा फर्कँदा पत्तालेबाट सगरमाथा हेर्ने रहर फेरि उकासिएको थियो । तर, हुसुसुसु उठेको हुस्सुले सारा रहर क्षणभरमै मेटाइदियो । पत्तालेमा खोल्सा खर्कमा जमेको हिउँ भने ज्यादै ज्याद्रो देखिन्थ्यो । निकै अगाडि परेको हिउँ धेरै दिनको घामको प्रभावले पनि पग्लन अटेर गरिरहेको देखिन्थ्यो ।

एउटै कामको मेसोमा तीन जिल्लाको भ्रमण गरियो । तर, आवश्यक भौतिक पूर्वाधारको यथोचित विकास नहुँदा सबै जिल्लाको जनजीवन कष्टकर रहेको निचोड निकालियो । तिनै जिल्ला प्राकृतिक रूपमा सुन्दर थिए । तर, के थाहा भयो भने प्राकृतिक सुन्दरता क्षणभरका लागि मन बहलाउने साधनमात्र रहेछ । अधिक सुन्दरताभित्र अधिकतम कस्टप्रद जीवन भोगाइ छोपिएर रहेको हुँदो रहेछ । आखिर जीवनले क्षणिक आनन्दका लागि प्राकृतिक सुन्दरता र दीर्घकालीन सुबिस्ताका लागि भौतिक सुन्दरता नै खोज्दो रहेछ !

हाम्रो यात्रा यस्तै रह्यो । सोलु टेकियो तर खुम्बू छेकिएको छेकियै भयो । सोलु र खुम्बू दुवैलाई पैतालाले नाप्ने, आँखाभरि हेर्ने र मनभरि सजाउने धोको पूरा हुन समय-सीमाले पनि दिएन । सोलु पुगेको बेला सगरमाथाको आधार शिविरसम्म त पक्कै पुगिन्छ होला भन्ने मनको कल्पना 'उडेर जून छुने' कल्पना जस्तो पो हुन पुग्यो । तर, पुगिन्छ कि ! मेसो मिलिहाल्छ कि ! भन्ने आशाले यात्राभर रमाइलो तरङ्ग भने जन्माइ नै रह्यो । आखिर पन्चर टालेको थोत्रो टायर हुटमा राखेर 'स्पेयर टायर बोकेको छु' भन्ने भ्रामक आत्मरतिमा रुमल्लिँदा पनि यात्राको मजाचाहिँ लिन सकिँदो रहेछ !

■■

## के.पी. पौडेल

# नयाँ वर्ष



नयाँ वर्ष आयो, खुशी धेर छाओस्
नयाँ सोच राख्दै उँचो चाल जागोस्
सुता, मातृ पत्नी रहून् एकतामा
बनी अप्सराझैँ रमून् यो धरामा ।

नयाँ हर्ष बोकी नयाँवर्ष छाओस्
भलो कल्पनाले नयाँ मार्ग रोजोस्
पिता, वृद्ध-वृद्धा यता वन्दनामा
बनी देवताझैँ रमून् यो धरामा ।

यहाँ देशभित्रै मिलोस् रोजगार
युवाशक्ति हाम्रा जुटून् बार-बार
नयाँ वर्ष छाओस् भलो प्रार्थनामा
कुनै कष्ट-बाधा नहोस् यो धरामा ।

युवावर्ग हाम्रा बनून् सभ्य भक्त
दिऊन् देशका निम्ति ताजा छ रक्त
नयाँ हर्ष उम्रोस् मनोभावनामा
सुनौलो कहानी बनोस् यो धरामा ।

बडा मित्र आऊन् भलाम्नी सुदामा
नयाँ वर्ष हाँसोस् किसानी गरामा
सबै इष्ट, साथी डुबून् कामनामा
बनून् देवताझैँ रमून् यो धरामा ।

नयाँ रोग जाग्यो रुवायो धरामा
कडा कष्ट भोग्छन् कुना-कन्दरामा
नयाँ कान्ति छाओस् यहाँ पालुवामा
उँचो शान्ति जागोस् खुबै यो धरामा ।

दुखी सर्वहारा गले वेदनाले
नयाँ वर्ष जागोस् कडा साधनाले
भला, साधु, निर्धा परून् योजनामा
नयाँ वर्ष नाच्दै रमाओस् धरामा ।

■■

*वि.न.पा.-४, बट्टार, नुवाकोट*
*हाल : का.म.न.पा.-१६, बालाजु, काठमाडौँ*

*छन्द : भुजङ्गप्रयात*

विमल भौकाजी

# भाषामा कमजोरी



सञ्चारमाध्यमले सम्प्रेषण गर्ने कुनै पनि किसिमको विषय वा समाचारमा आजकल निकै नै गल्तीहरू सुन्नमा या देख्नमा आउने गरेका पाइन्छन् ।

उदाहरणका लागि–

सञ्चारमाध्यमबाट प्रसारण भएको एउटा समाचारको व्यहोरा उदेकलाग्दो छ । समाचारमा भनिएको थियो- '...पार्टीको एक सांसदलाई पक्राउ गरिएको छ । सूत्रका अनुसार उहाँमाथि गोलीका खोका बैङ्कको लकरमा राखिएको आरोप लगाइएको छ ।'

उक्त समाचार एक हिसाबले कुनै अचम्म लाग्ने खालको थिएन । हतियार खरखजानाअन्तर्गतको मुद्दामा यस्ता कसूर कसैका लागि पनि क्षम्य हुँदैन । तर, प्रश्न उठ्छ– के अपराध गर्ने आरोपीहरूमाथि गरिने सम्बोधनको व्यहोरा पनि फरक-फरक किसिमको हुन्छ ? कि त सामान्य नागरिक र राजनीतिक व्यक्तित्वमाथि गरिने सम्बोधन फरक हुनुपर्ने कानुनी प्रावधान नै छ ? अन्यथा अपराधीलाई कोही विशिष्ट अतिथिलाई झैँ 'उहाँ' भनेर 'मान्यवर'को संज्ञा दिनुपर्ने त्यस्तो कुन बाध्यता थियो उक्त सञ्चारमाध्यमको ? के शक्तिशाली पार्टीको सांसदले त्यो सञ्चारमाध्यमलाई भोलि कुनै किसिमको भौतिक कारवाही गर्ला भन्ने डर भएकाले त्यस प्रकार समाचार पढिएको हो ?

कदाचित् आरोपी राजनीतिक व्यक्तित्वमाथिको सम्बोधनमा आदर-भाव राख्नै पर्ने त्यस्तो प्रावधान संविधानको कुनै धारामा उल्लेख गरिएको छ भने रेडियोबाट समाचार प्रसारण गर्दा अब यस्ता खालका व्यहोरा आएको खण्डमा पनि आश्चर्य मान्नुनपर्ने भयो । जस्तै–

- उहाँले यस्तो-यस्तो किसिमको अपराध गर्नुभयो ।...
- उहाँले चोरी गर्नुभयो..., उहाँले ठगी गर्नुभयो ।...
- उहाँले फलानामाथि बलात्कार गर्नुभयो ।...
- उहाँले फलानाको ज्यान मार्नुभयो अथवा हत्या गर्नुभयो ।...

यस खालका भाषा सबै प्रकारका मिडियाले प्रचलनमा ल्याउन लागे भने अवस्था के होला ? अन्यथा, रेडियोजस्तो प्रभावकारी सञ्चारमाध्यमले यसरी समाचारहरू सम्प्रेषण गर्नुको अर्थ के हो ? कि त मान्छे जस्तासुकै होऊन्, समाजसेवी होऊन् कि चोर, लुटेरा, बलात्कारी वा हत्यारा जे होऊन्; मान्छे भइसकेपछि तिनलाई अपहेलनाको भाषा प्रयोग गर्न पाइन्न भन्ने सन्देश प्रवाह गर्न खोजिएको हो ? अथवा यसरी आदर गर्दा अपराध गर्ने व्यक्तिको चरित्रमा सुधार हुन सक्छ भन्ने मान्यता हो मिडियाको ? या त अपराध गर्ने व्यक्तिलाई यस्तो आदर-भाव व्यक्त गरेर व्यङ्ग्य गर्न खोजिएको हो ?

रेडियोमा रिपोर्टिङ गर्ने सञ्चारकर्मीले सङ्कलन गरेको वा स्टुडियोका सञ्चारकर्मीले सम्पादन गरेर तयार पारेको उपर्युक्त समाचारलाई समाचारवाचकले हचुवाको भरमा पक्कै पनि त्यत्तिकै वाचन त गरेनन् होला ! या त उक्त समाचार प्रसारण गर्ने रेडियोका म्यानेजर वा स्वयम् रेडियो मालिकले त्यस्तो व्यहोराको समाचार लेख्न र पढ्न दबाब दिए होलान् ! यो एउटा जिज्ञासाको विषय हुन सक्छ । तर, मूल रूपमा प्रश्न भने यो हो कि रेडियोबाट त्यसरी समाचार प्रसारण गरिनुको अर्थ के ? सीधै आशङ्का गर्न सकिन्छ, त्यस्तो व्यहोराको समाचार प्रसारण गरेर स्वयम् अपराधीलाई खुशी पार्न खोजिएको त हैन ?

अपराध सानो-ठूलो जुन प्रकृतिको गरे पनि अपराध गर्नेलाई 'अपराधी'कै विशेषण दिइन्छ । र, अपराधीलाई आदर गर्नुपर्छ भनेर न कुनै किताबमा लेखिएको छ, न त कतै शास्त्रमा नै उल्लेख गरिएको छ । सम्भवतः हाम्रै देशमा नै यस्ता किसिमका 'हाँडीगाउँको जात्रा' बेलाबखतमा देख्न-सुन्न पाइन्छ ।

कमसेकम समाचार वाचन गर्नेले वाचन गर्नुअघि एक पटक अध्ययन गरेर यस्तो भाषामाथि प्रतिवाद गर्न सक्ने हिम्मत राख्नुपर्छ । त्यसो त स्वयम् समाचारवाचकहरूकै कुरा गर्ने हो भने एफ०एम० रेडियोका अधिकांशका वाचनशैली सुन्दा तिनीहरू साउँअक्षर चिन्ने खालका मात्रै छन् कि जस्ता लाग्छन् । वाक्यको पूर्णविराम कहाँ हो ? सही शब्द उच्चारण कस्तो हुन्छ ? तिनलाई छेउटुप्पो केही थाहा हुन्न । जस्तो लेखिएको छ, बस खुरुखुरु पढ्ने गरेका सुनिन्छ । मानौँ, तिनलाई केवल समाचारवाचकको बिल्ला भिराएर तिनको घरखर्च चलाउने जिम्मेवारी बहन गरेका मात्रै हुन्, एफ०एम०हरूले ।

रेडियोको कुरो छाडौँ, टेलिभिजनका समाचारवाचकहरू पनि केहीमा त्यस्तो प्रवृत्ति देखिन्छ । बिहानै पत्रपत्रिकाको समाचार पढ्ने वाचकले एउटै

शब्दलाई कनिकुथी दोहो-याई-तेह-याई पढिरहेका देखिन्छन् । त्यति गर्दा पनि शुद्ध उच्चारण गर्न सकिरहेका हुँदैनन् । त्यसमाथि कुनै अङ्ग्रेजी शब्द, खास गरेर विदेशी खेलाडीको नाम उच्चारण गर्नुपऱ्यो भने खलखली पसिना चुहाउँछन् ।

सबै समाचारवाचकमा यस्तो समस्या छ भन्न खोजिएको होइन । एउटा घटना यहाँ सम्झन सकिन्छ । केही वर्षअघि नेपाल टेलिभिजनको पर्दामा एक समाचारवाचकले काठमाडौँको मौसमबारे समाचार वाचन गर्दा आफ्नो विद्वत्ता प्रदर्शन गर्दै जानाजानी 'सेल्सियस' र 'सेन्टिग्रेड'लाई फ्यूजन गरेर 'सेल्सिग्रेड' शब्दको आविष्कार गरेका थिए । त्यहाँ शब्दको अर्थ बुझ्दाबुझ्दै पनि उनले हेलचेक्र्याइँ गरेको प्रष्ट छ । त्यसैले यो विषयलाई लिएर टेलिभिजनमा निकै हल्लिखल्ली भयो । र, बोर्डको मिटिङ बसेर तत्कालै निज समाचारवाचकलाई स्पष्टीकरण मात्रै मागिएन, टेलिभिजनको जागिरबाटै उनलाई सम्भवतः बर्खास्त गरियो ।

समष्टिमा, शब्दहरूको सही ज्ञान गराउन सक्ने कुनै तरिका लागू गर्न नसकेसम्म समाचारवाचन वा लेखनहरूमा देखिने-सुनिने समस्याहरूको निराकरण हुन मुस्किल छ ।

■■

*bimalbhaukajee@hotmail.com*

यादवराज घले

# तीन मुक्तक



**एक**

सिउरिदिऊँ कि लाली टिपेर शिरैमा
बहकाइदिऊँ कि मन छिपेर शिरैमा
यस्तै-यस्तै त रहेछ जिन्दगीको मेला
सजाइदिऊँ कि हात लिखेर शिरैमा ।

**दुई**

तनको अर्थ छर्न कोशिश गर्दै छु
मनमा रङ्ग भर्न कोशिश गर्दै छु
मुस्कुराउँछिन्, मुसुक्क उनी
मनको डेरा सर्न कोशिश गर्दै छु ।

**तीन**

अनुसन्धान गर्न छोडिदेऊ
बाँझो खेतबारी गोडिदेऊ
भन्छन् ती वृद्ध बा-आमा
बुझी आफूलाई मोडिदेऊ ।

**नारायणप्रसाद आचार्य**

# भोको मजदुर



टाउकोमा
रिङ्गै घेरा फाटेको टोपी
टुपीहरू चिहाइरहेछन्
आँखिझ्यालबाट
कम्मरमा नाम्लो बाँधेको छ
शरीर ढाकेकै छ वस्त्रले
ढाकेको त के भन्नु
लाज छोपेको छ
चरचर चिरिएका पाइतालाहरू
०७२ को भूकम्पले धर्ती चिरिएजस्तै
खाली छन् खुट्टाहरू
हिजोको जस्तै भोकै सुत्नुनपर्ने आसमा
सडक किनारमा उभिएको छ
मजदुर दिवसको दिन
भोको मजदुर ।

ऊसँग
जोडिएका छन्
अनगिन्ती मान्छेका
अनगिन्ती आवश्यकताहरू
रोगी बाबुको औषधी
आमाको बल्झेको
पुरानो घाउको उपचार
छोरीको किताब-कापी
छोराको के-के हो के-के ।

श्रीमतीले बुझेकी छ उसको मजबुरी
कुनै माग छैन
बाँचे सँगै बाँच्ने
मरे सँगै मर्ने वाचामात्र
तैपनि आफूभित्रको रहर
पुरुष हुनुको विवशता
श्रीमतीलाई एकसरो
राम्रो लाउन दिने
हातमा चुरा अनि गोडामा पाउजु लगाइदिने अभिलाषा
यी सबै पूरा गर्न सङ्घर्ष गर्दै
काम पाउने अभिलाषामा
बसेको छ
मजदुर दिवसको दिन
भोको मजदुर ।

वर्षौं भयो
ऊ यसैगरी बसेको
यो शहरमा
आजसम्म
न शहरले उसलाई चिन्यो
न त उसले शहरलाई नै
पोहोर पनि यसैगरी
सडक किनारमा उभिइरहँदा
आएका थिए
सपनाको खेती गर्न
एक हूल सुकिला-मुकिला
डुबुल्की लगाउन लगाएका थिए
सपनाको सागरमा
चढाएका थिए
श्रमिक साम्राज्य स्थापनाको सगरमाथा
र, उद्घोष गरेका थिए
सामन्तको जरो-कीलो फाल्ने

व्यवस्था फेर्ने, नियम फेर्ने
व्यवस्था त पटक-पटक फेरिए
फेरिएन व्यवहार
अनि, हुनेखानेको व्यवसाय
पटक-पटक फेरिए नियम पनि
तर, फेरिएन नियति
फेरिएन मजदुरको दैनिकी
फेरिएको छ मालिकहरूको महत्त्वकाङ्क्षा ।

आँखैअगाडि उभिएको छ
सयौँ गगनचुम्बी महलहरू
रङ्गिएका छन् उसको रगत-पसिनाले
महलका मालिक मस्त उग्राएको छ मासुभातसँगै
मजदुरको सपनाको व्यापार गरी
तर, ऊ भने
अनगिन्ती आवश्यकताहरूको माझ भौँतारिइरहेको छ
बेलुकाको छाक टार्ने अभिलाषामा ।

आजकाल ठूला छैनन्
उसका सपना
हिजो पनि थिएन
बस्, बिरामी बाबुको औषधी
आमाको घाउको उपचार
छोराछोरीको किताब-कापी
र, बेलुकाको खोले-सिस्नु
यति सानो सपना पनि
पूरा गर्न नसकेकोमा
ग्लानि गर्दै
सडककिनारमा उभिएको छ
मजदुर दिवसको दिन
भोको मजदुर ।
■■

युवराज भण्डारी

# गजल



हरेक विविधताको नमुना धरामा हुन्छ
फूलको जस्तो रङ कहाँ जरामा हुन्छ !

देखासिकीमा माटोको गन्ध हुँदैन साथी
जीवन्त लय त आफ्नै परम्परामा हुन्छ ।

दुनियाँ शक्ति, सुरा र सुन्दरीको पछि
कमजोरी देवताको नि अप्सरामा हुन्छ ।

बाँचुन्जेल सधैँ सुवास छर्छन् फूलहरू
फूल चहार्दै उड्ने बानी भँमरामा हुन्छ ।

जब गुरु गर्छन् शास्त्रको अपव्याख्या
तब धर्मको मर्मसमेत खतरामा हुन्छ ।

■■

*डुम्रीबैँसी, तनहुँ, हालः टोरन्टो, क्यानडा*



शशिधर भण्डारी

# भारतमा प्रज्ञा-सम्मान, परम्परा र लता मङ्गेशकर



विश्वकाक कतिपय लेखक तथा चिन्तकहरूले भारतलाई एउटा सानो र अर्को संसारका रूपमा परिभाषा गरेका छन् । हावापानी, वनस्पति, मानव जनजीवन, भेषभूषा, भाषा, संस्कृति, भूगोल, इतिहास, धर्म र परम्पराआदिको विविधताको आलोकमा हेर्दा त्यो परिभाषा सही हो भन्ने देखिन्छ । भारतमा रहेका मानिसहरूको प्रकृति हेर्दा पनि करोडौँको सङ्ख्यामा साधु-सन्त र ज्ञानीहरू भेटिन्छन् । त्यत्तिकै सङ्ख्यामा अपराधी, लफङ्गा, ठग, चोर र गुण्डाहरूको पल्टन पनि देखिन्छ । प्रत्येक स्थानका भाषा, धर्म, संस्कृति, परम्परामात्र होइन; पहिरन र खानपानका परिकारहरू समेत मिल्दैनन् । आर्य सभ्यताको थातथलो मानिएको भारतले हजारौँ वर्ष पुरानो नालन्दा र गुरुकुलीय विश्वविद्यालयको इतिहास बोकेको छ । गङ्गा नदीको मैदानमा नै चार वेद, अठार पुराण तथा संस्कृत भाषा र वैदिक सभ्यताको विकास भएको थियो । संस्कृत भाषा र वैदिक सभ्यताको विकासमा तपोभूमिका रूपमा नेपालको पनि पटक-पटक नाम आउँछ । तर, नेपालको प्रज्ञा परम्परा अलि कान्छो देखिन्छ । गृहस्थ परम्परामा र आमोद-प्रमोदमा रमाउने मस्टोपूजक खस आर्यहरूको आदिम भूमिका रूपमा रहेको भारतको उत्तरी कछाडभूमि नेपालको विशेषता केही फरक पनि देखिन्छ ।

मानव-जातिको सभ्यताको इतिहासमा विश्वमा धेरै प्राचीन सभ्यताहरूको उत्थान र पतन, उदय र अस्त हुने गरेका छन् । नाइल नदीको घाटीमा विशाल पिरामिड निर्माण गर्ने मिश्रको सभ्यताको सांस्कृतिक मूल्यहरूको निरन्तरता आज छैन । सुमेरिया, असिरिया र बेविलोनिया सभ्यताका अनुयायी मनुष्यहरू आज भेटिँदैनन् । प्राचीन ग्रीस र रोममा विकास भएको सभ्यताको मूल्य छ तर त्यहाँ आज त्यसको निरन्तरताको तन्तुहरू छैनन् । तर, वैदिक सभ्यताको इतिहास बोकेको भारतमा गीता, उपनिषद् र अन्य पुराणहरूको धारा बगिरहेको छ । भारतीय चिन्तन परम्परामा आस्तिकताको प्रतिध्रुवमा उभिँदै आएको चार्वाक दर्शनले लोकायत दर्शनका रूपमा स्थान लिँदै र सङ्घर्ष गर्दै आएको देखिन्छ ।

भारतको भूगोल परलोकवादी चिन्तन-धाराको मात्र होइन; पूर्वीया इहलोकवाद र भौतिकवादी प्राचीन विश्वदृष्टिकोणको पनि भावभूमि हो । त्यसो त आज पनि पूर्वीय सभ्यतामा उदाएको भौतिकवादी दार्शनिक धारको प्रवाह पनि कुनै न कुनै रूपमा बगिरहेको छ । भौतिक दृष्टिकोणका नेपालमा जन्मेका गौतम बुद्ध र भारतमा जन्मेका महावीरको अहिंसा र शान्तिको निमित्त आत्म जागृतिको प्रभाव पनि भारतवर्षमा कायमै छ । भारतमा प्राचीनकालबाटै पटक-पटक वैदेशिक आक्रमणहरू भए, यहाँको सभ्यतालाई नष्ट गर्ने प्रयत्नहरू सफल हुन सकेनन् । भारतीय चिन्तन-परम्परामा आधारित सांस्कृतिक धारका मूल्यहरू पराजित भएनन् ।

कुनै पनि मुलुकको सभ्यताको प्रकाश, दार्शनिक चिन्तन, गीत, कविता, साहित्य, नाट्यकला, सङ्गीत, विचार र विश्व दृष्टिकोणको जगमा अडिएको हुन्छ । यसरी अडिएको मानव सभ्यतालाई जोगाउन राज्यका सञ्चालकहरूमा तत्सम्बन्धमा आवश्यक प्रज्ञा, वैज्ञानिक बुझाइ, गहिरो अध्ययन र चिन्तनप्रणालीको जरुरी हुन्छ । साम्राज्यवादी उत्पीडनको शिकार भएको भारतले धेरै जटिलताहरू झेलेको निर्मम इतिहास पनि बोकेको छ । आजाद भारतले साम्राज्यवादी उत्पीडकहरूले कमजोर हरूमाथि राज गर्न अपनाएका शोषण र जोरजबर्जस्तीका फर्मुलाहरू बोकेर हिँड्ने राजनीतिक संस्कृति काँधमा बोक्यो । जसको परिणाम प्राचीन सन्त परम्पराको खिल्ली उडिरहेको छ । तर पनि आधुनिक भारतको राजनीतिको मूल नेतृत्व-तह प्रज्ञाशील छ । त्यसैले, आज पनि भारतमा प्रज्ञा-सम्मान र स्रष्टा-सम्मान परम्पराले एउटा संस्कृतिका रूपमा निरन्तरता पाउँदै आएको देखिन्छ । १५ अगस्त १९४७ मा भारत स्वतन्त्र भएपश्चात् प्रथम प्रधानमन्त्री बनेका पण्डित जवाहरलाल नेहरूको इतिहास, दर्शन, कूटनीति, संस्कृति र विश्व राजनीतिका विषयमा भएको गहिरो अध्ययन नै सन् पचासको मध्यदशकबाट सुरु भएको असंलग्न आन्दोलनमा एउटा मार्गदर्शन बनेको थियो । त्यतिवेला तत्कालीन सोभियत सङ्घ र संयुक्त राज्य अमेरिकाका बीचमा चलेको शीतयुद्धलाई लडाइँ भन्दा तल र शान्तिभन्दा माथिको अवस्था भनेर राजनीति र अन्तर्राष्ट्रिय कूटनीतिमा व्याख्या हुन्थ्यो । त्यसलाई नेहरूले नै स्नायु युद्धको संज्ञा दिएका थिए । नेहरूको प्रज्ञा-सम्मानको आचरण पनि उच्च देखिन्छ । नेहरूले भारतका एकजना विद्वान् रामधारी सिंह दिनकरको 'संस्कृति के चार अध्याय' भन्ने पुस्तकमा भूमिका लेखेका छन् । त्यसमा उनले दिनकरले चुनेको विषय अत्यन्त मोहक र दिलचस्प भएको बताएका छन् । नेहरूले आफूले लेख्ने विषयमा सो पुस्तकको गहिरो छाप पर्ने बताएर

उनले आफ्ना मित्र, साथीका रूपमा रहेका दिनकरलाई उच्च सम्मान दिएका छन् । यद्यपि, त्यो क्षेत्रको ज्ञानमा नेहरूको कति गहिरो अध्ययन थियो भन्ने कुरा उनको पुस्तक डिस्कभरी अफ इण्डियाले नै प्रष्ट पार्दछ । त्यति भईकन पनि नेहरू एउटा राजनेता थिए । त्यसैले, उनले आफू होचो भएरै स्रष्टा-सम्मानको परम्परालाई जीवनदर्शन बनाए । नेहरू भारतको प्रधानमन्त्री भएको बखतमा सरकारले भारतको कलाकार तथा साहित्यकार शुभश्रीलाई सम्मान तथा पुरस्कार प्रदान गर्ने निर्णय गरेको थियो । पण्डित नेहरूले शुभश्रीलाई सम्मानको पदक पहिराइदिने वेलामा 'म भारतको अरूले बनाएको सामान्य प्रधानमन्त्री हुँ, तपाईँ आफ्नो साधनाले बनेको यत्रो कलाकार तथा साहित्यकार हुनुहुन्छ । म कसरी तक्मा भिराइदिन सक्छु ?' भनेर टेबुलमा राखिदिएका थिए ।

भारतमा स्थापित मूल्य बोकेको स्रष्टा तथा प्रज्ञा-सम्मान परम्परालाई आस्तिकता र वैदिक सभ्यताको प्राज्ञिक नैतिक चरित्रका रूपमा मात्र व्याख्या गरेको पाइन्छ । तर, इतिहासका तथ्यहरूले यो व्याख्यालाई इन्कार गर्दछन् । उन्नाइसौँ शताब्दीको आरम्भबाट भारतका प्राचीन ग्रन्थहरू संस्कृतबाट अङ्ग्रेजीमा अनुवाद हुन थालेका थिए । त्यस क्रममा भारतीय दर्शन र इतिहासका मौलिक ग्रन्थहरूको पनि जन्म भयो । अधिकांश दर्शनहरू आदर्शवादी दृष्टिकोणबाट लेखिएका थिए । अध्ययन र अनुसन्धानले तिनमा प्रश्नचिह्नहरू लगायो । चार्वाक दर्शनको चर्चा गरिएको थियो तर यो दर्शन सम्पूर्ण लोकको चालक शक्तिलाई नै सम्मान गर्ने लोकायत दर्शन हो भन्ने रूपमा परिभाषा गरिएन । त्यसलाई लुकाएर लोकायतलाई भोकको दर्शनका रूपमा अपव्याख्या गरिएको थियो । भारतमा आएको बौद्धिक जागरणले त्यो विचारधारालाई उल्टाइदिएको थियो । त्यसो त लोकायत दर्शन समग्र जनलाई नै सम्मान गर्ने दर्शनका रूपमा परिभाषित भयो । एउटा वर्गले आज पनि यसलाई स्वीकार गर्दैन । त्यो अलग छलफलको विषय हो । सत्य के हो भने भारतको प्रज्ञा त स्रष्टा सम्मान परम्परा आदर्शवादी दर्शन, आस्तिकतावादी वैदिक सभ्यता र संस्कृतिको मात्र उपदान होइन ।

भर्खरै ६ फरवरी २०२२ मा भारतकी प्रसिद्ध गायिका कोकिल स्वरकी धनी लता मङ्गेशकरको ९२ वर्षको उमेरमा बम्बैमा निधन भयो । उनले ४० भाषामा ५० हजार गीत गाएकी छन् । नेपाली भाषामा पनि उनले नेपाली चलचित्रका गीतहरू गाएकी छन् । त्यसैले ती विश्वप्रसिद्ध गायिका लता मङ्गेशकरको नेपाल र नेपाली भाषासँग पनि गहिरो भावनात्मक सम्बन्ध रहेको देखिन्छ । उनको

मृत्युमा भारत सरकारले राजकीय सम्मान दियो । दुई दिन राष्ट्रिय शोक मनायो । लता बिरामी भएको अवस्थामा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले आफूभन्दा उच्च शिखरकी दिदीका रूपमा सम्मानका शब्दहरू मार्फत् स्वास्थ्यलाभको कामना गरे । लताको मृत्यु भएपछि उनको शवमा मोदीले अत्यन्त झुकेर उच्च सम्मानसहित अन्तिम श्रद्धाञ्जली अर्पण गरे । भारतका चलचित्र नायक शाहरुख खानले आफ्नो इस्लाम परम्पराअनुरूप लता मङ्गेशकरको शवमा फुकेको दृश्यलाई थुकेको भन्ने हौवा खडा गरेर उनको शवमाथि सम्प्रदायवादी राजनीतिको रोटी सेक्ने प्रयत्न पनि भयो । तर, भारतका मिडियाहरूले त्यसलाई निष्फल बनाइदिए । सङ्क्षिप्तमा भन्नुपर्दा विराट कदकी प्रसिद्ध गायिका लता मङ्गेशकरप्रति भारत सरकारले प्रदान गरेको सम्मान भारतको भारतीय इतिहासको प्रज्ञा तथा स्रष्टा सम्मान परम्पराको एउटा द्योतक हो भन्ने देखिन्छ । भारत सरकारले नै लता मङ्गेशकरको सङ्घर्षमय जीवनको गाथा गायो । मिडियाहरू त्यही ढङ्गले प्रस्तुत भए । राष्ट्रिय भावना र एकताको दृष्टिले पनि यो परिदृश्य कम महत्त्वको छैन ।

२८ सेप्टेम्बर १९२९ मा मध्य प्रदेशको इन्दौरमा पिता दीनानाथ मङ्गेशकर र माता शिवन्ती मङ्गेशकरको कोखमा जन्मेकी लता मङ्गेशकर स्कूल नगएकी, जीवनभर अविवाहित रहेकी तर विद्वत्ताले भरिपूर्ण नारी हस्ताक्षर थिइन् । उनलाई भारतमा सरस्वतीको अंशका रूपमा चर्चा गर्नेहरू पनि धेरै छन् । उनको परिवारको इन्दौरबाट महाराष्ट्रमा बसाइँसराइ सन् १९४२ मा पिताको मृत्यु, अभाव र पारिवारिक जिम्मेवारीका कठिनाइमा आधारित साधनायुक्त तथा सङ्घर्षशील जिन्दगीका आयामहरू अत्यन्त मर्मस्पर्शी देखिन्छन् । केएल साइकललाई उनले मनमनै भावी पतिका रूपमा रोजेकी थिइन् । लता १४ वर्षकी हुँदा अल्पायुमै केएल साइकलको मृत्यु भइहाल्यो । यो घटनाबाट मर्माहत भएकी लता मङ्गेशकरले त्यसपछि विवाह नै गरिनन् ।

विश्वमा सबभन्दा धेरै एकल गायन गाउने गायिकाका रूपमा १९९१ मा विश्व गिनिज बुकमा नाम लेखाएकी थिइन् । उनको त्यो रेकर्डलाई सन् १९११ मा उनकै बहिनी आशा भोसलेले तोडेकी थिइन् । भारतको सबभन्दा ठूलो अवार्ड भारत रत्न अवार्डबाट विभूषित भइन् । त्यसपछि उनले आफूलाई थप सम्मान र पुरस्कारको आवश्यकता नभएको घोषणा गरिन् । कैयौँ साहित्यिक तथा सांस्कृतिक महोत्सवहरूमा उनले प्रज्ञा-सम्मान, स्रष्टा-सम्मान र सेवा-सम्मानका पुरस्कारहरू नयाँ पुस्ताका प्रतिभाहरूलाई प्रदान गर्नुपर्ने कुरामा लगातार जोड

लगाइरहेकी थिइन् । लता मङ्गेशकरमा पनि उच्च प्रकारको प्रज्ञा तथा स्रष्टा सम्मानको भावना थियो भन्ने देखिन्छ । आफूले पाउनुपर्ने सम्मान र पुरस्कार नयाँ प्रतिभाहरूलाई दिनुपर्छ भन्ने अग्रजहरू कमै पाइन्छन् । लतामा जीवनको उत्तरार्द्धमा पैदा भएको यो भावना पनि भारतको प्रज्ञा र स्रष्टा-सम्मान परम्पराको एउटा कडी हो । यस्तो उच्च भावनाकी धनी लता मङ्गेशकर र डुङ्गुरपुरका रजौटा परिवारका राजकुमार प्रसिद्ध क्रिकेट खेलाडी राजासिंहसित सुमधुर सम्बन्ध कायम भएको थियो । तर आश्चर्य ! यी दुईको महान प्रेम विवाहमा परिणत हुन सकेन । जीवनभर दुवै अविवाहित भएरै बसे । राजासिंहको राजघराना र लता मङ्गेशकरको सामान्य परिवारबीचको अन्तर विवाहका निमित्त बाधक बनेको थियो । विशेषतः राजासिंहको खानदान नै यसमा बाधक थियो भन्ने भनाइ रहेको छ । जब पछि लता मङ्गेशकरले गायनको क्षेत्रबाट राष्ट्रिय, अन्तर्राष्ट्रिय उचाइ प्राप्त गरिन्; समय घर्कीसकेको थियो । सन् १९०९ मा राजा सिंहको मृत्यु भएको थियो । जीवनको उत्तरार्द्धमा लता मङ्गेशकरले मेरो पुनर्जन्म नहोस्, भइहाले पनि लता मङ्गेशकरका रूपमा नहोस् भनेर अस्ताइन् । सङ्घर्ष, करुणा र वेदनाले भरिएको लता मङ्गेशकरको जीवनगाथा कम्ति मर्मस्पर्शी छैन । मङ्गेशकर पनि प्रज्ञा-सम्मान परम्परा बोकेकी महान् नक्षेत्र थिइन् । उनले वर्गसङ्घर्षका गीत गाइनन् तर आँसुका भाकाहरू प्रशस्त पस्केर यो संसार छोडेर गइन् । जसरी अरूले छाड्दछन् ।

■■

विवेक दुलाल क्षत्री

# सेवकरामहरूको दुःख



सेवकराम ! घन्टी लगाऊ !
सेवकराम ! आँगन बढार !
सेवकराम ! गेट खोल !
पानी हाल सेवकराम !
फूलका बिरुवाहरू सुके
गिजर अन गर सेवकराम !
आज मालिक्नीले नुहाउनु छ
नानीहरूलाई स्कूल पुऱ्याऊ सेवकराम !
बजार गएर सब्जी ले'राऊ सेवकराम !
सेवकराम– भोलि आउन्नँ मालिक
श्रीमती बिरामी छिन् ।
मालिक– तिमीले आउनुपर्छ सेवकराम ।
सेवकराम– थाकेको छु मालिक
दुई दिन मलाई आराम चाहियो ।
मालिक– आऊ, आएनौ भने तलबबाट पैसा काटिनेछ
मेरो छोरालाई गाडीबाट बोकेर ओराल सेवकराम
मालिक्नीको माइतीघर गएर काम सघाऊ सेवकराम ।

यसरी यो दुनियाँमा
अर्कैको खुशीको निम्ति
गरीब, लाचार र असहाय सेवकरामहरू व्यस्त छन्
अति कष्टकर र धेरै भयावह छ
सेवकरामहरूको दुःख ।

*दमक बजार, झापा, हाल - अबुधाबी, युएई*

सुरेन्द्रलाल भुजू

# सिमानामा काँडेतार



भान्छामा नोकरचाकरहरूलाई अह्राइपराइ सकाएर कोठामा आउँदा बूढो फुसफुस सुतिरहेको देखेर बूढीचाहिँ अचम्म पर्छिन् । सोच्छिन्– देशमा यस्तो सङ्कट आइरहेको छ, विपक्षीमात्र होइन, आफ्नै पार्टीभित्र पनि त्यस्तो घम्साघम्सी छ, देशको सत्तारुढ पार्टीको नेता भनाउँदो श्रीमान् भने आरामले कसरी सुत्न सकेको होला !

"ए बूढा ! सुतिसकेको हो भन्या ? बूढेसकालमा पनि कति निद्रा आएको हो ? सडकमा आगो बलेको छ, आफ्नै पार्टीभित्र त्यत्रो कोकोहोलो छ । यस्तो बेलामा केही गर्नु पर्दैन भन्या ? सरकारलाई केही होला कि भनेर आफूलाई यहाँ कस्तो पीर छ ?"

"नकराऊ न, के नचाहिँदो टेन्सन लिइराखेको भन्या । तिमीहरूलाई चाहिने कुरा हो र ? आऊ ! खुरुक्क सुत ।" भन्दै हात तान्छन् नेता श्रीमान् ।

"हैन, तपाईंलाई केही चिन्ता छैन ?"

"कुकुर भुकिरहन्छ, हात्ती लम्किरहन्छ भन्ने उखान थाहा छ ? हो, प्रजातन्त्रमा यस्तै त हुन्छ । विरोध, हडताल, जुलुस भइरहन्छ । यो प्रजातान्त्रिक मुलुकको विशेषता नै हो । यस्ता हजार विरोध पचाउने क्षमता छ ममा बुझ्यौ ?"

श्रीमान्को सतही कुराले उनको चित्त बुझ्दैन ।

"त्यसो भन्दैमा परिस्थिति सहज हुन्छ र ? म पनि त विद्यार्थी सङ्घको अध्यक्ष भइसकेकी हुँ नि ! मलाई पनि राजनीतिका केही कुरा थाहा छ ।"

"हेर्दै जा न ! म के गर्छु... !"

"नाइँ, भन्नू न बूढा ! मलाई साह्रै पीर पऱ्या छ क्या ?" बूढीचाहिँ फकाउँदै भन्छिन् ।

श्रीमतीको कर-जोडअगाडि उनको केही लाग्दैन ।

"जनताको विरोध, विपक्षीको विरोध, पार्टीभित्रको विरोध चारैतिरबाट थामिनसक्नु भयो भने राष्ट्रियताको मुद्दा ल्याउने क्या ! अबको पाली सिमानामा तारबार लगाउने घोषणा गर्छु म । अनि त जनता सब मेरै पक्षमा । विपक्षले विरोध गर्नै सक्दैन । विरोध गर्नेलाई जनताले नै लखेटिहाल्छन्, बुझेनौ के ?"

"यो सम्भव छ र ? सके त राम्रो ! नसके ?" बूढीचाहिँलाई शङ्कै लाग्छ ।

"घोषणा गर्ने हो, घोषणा गर्नु कुन ठूलो कुरा हो र ?" उनी ढुक्क भएर भन्छन् ।

त्यति सुनिसकेपछि "मानेँ मेरो बूढोलाई," भन्दै अँगालो हालेर बत्ती निभाउँछिन् ।

चारैतिर अन्धकार छाउँछ ।

■■



**निलीमा पुन**

# अठोट



रहरहरू शहीद बने तर म बाँचिरहेँ
खुशीहरू रोइरहे तर म हाँसिरहेँ
साथहरू टुटे पनि पाइलाहरू चालिरहेँ
तालहरू छुटे पनि एकनास म नाचिरहेँ ।

पहाड बनेर विचारहरू मेरो सामु उभिइरहे
पर्खाल बनेर आस्थाहरू धावा बोल्न तम्सिरहे
बाधक बनेर नियतहरू एक–एक गर्दै आइरहे
हिम्मत गरेर अवरोधहरू निस्तेज पार्दै अघि बढेँ ।

अडिग बनेर योगदानहरू छातीभित्र खडा भए
किल्ला बनेर स्वाभिमानहरू सतिसाल बनिरहे
निर्दयी बनेर अप्ठ्याराहरू पछ्याउँदै आइरहे
धैर्य गरेर कठिनाइहरू सामना गर्दै अघि बढेँ ।

इतिहास बनेर पानाहरू दिनदिनै थपिइरहे
समर्पणका भावनाहरू पानाभरि छरिरहेँ
विवशताका तानाशाहले शिर सधैँ थिचिरहे
आँट गरेर नियमहरूलाई धक्का मार्दै अघि बढेँ ।

दृढ बनेर सङ्कल्पहरू एक ढिक्का बनिरहे
उचालिएका कदमहरू आफ्नै गतिमा हिडिरहे
स्वार्थी बनेर इच्छाहरूले अलमलाउने कोशिश गरे
पत्थर बनेर चाहनाहरू बेवास्ता गर्दै अघि बढेँ ।

कुसंस्कारका घुम्टोहरू मुहार छोप्न खोजिरहे
व्यभिचारका मुकुण्डोहरू झूटो आशा बाँडिरहे
बेथितिका शृङ्खलाहरू चाङ बनेर आइरहे
हिम्मत गरेर खुड्किलाहरू पार गर्दै अघि बढेँ ।

सत्य खोज्ने आँकुराहरू भित्रभित्र पलाइरहे
नियालेर हेर्दै जाँदा असत्यका बीज भेटिए
विषाक्त ती बीजहरू नशा-नशामा फैलिँदै गए
कठोर तपस्याले मात्रै आज त्यसबाट मुक्त भएँ ।

प्राण खोस्न मृत्यु पनि पटक-पटक नजिक आए
कठिन घडीको बीचबाट जिउने शक्ति भरिरहेँ
आत्मसमर्पणका भावनाहरू जरैदेखि मेटिदिएँ
अठोट गरेर विपत्तिमा सङ्घर्ष गर्दै अघि बढेँ ।
■■

बिन्दु अधिकारी ढकाल

# पन्ध्र दिन



त्यस दिन फिल्काले रुँदैरुँदै भनी, “हो क्या दिदी ! यहाँ देख्नुभो भने तपाईं नै पनि छक्क पर्नुहुन्छ । किनकि, नब्बे-पन्चान्नब्बे वर्षका बूढाबूढी जवान-सरहै ठम्ठमी हिँडिरहेका हुन्छन् बाटोवरपर । कुनै दिन तपाईं पनि यता आउनुभो भने यसो भन्थी बैनीले भनेर विशेष किसिमले आँखा डुलाउँदा हुन्छ । स्विमिङ जाऊँ अथवा पार्कतिर, जवानहरू कम; वृद्धहरू बढी हुन्छन् । उनीहरू एकदमै रमाएर समय व्यतीत गरिरहेका देखिन्छन् । अँ, आँखामा चश्माचैँ प्राय:ले कानलाई नै स्ट्यान्ड नबनाए धरै छैन । तर, पन्ध्र दिनले गर्दा मेरी ममी मर्नुभयो । हो दिदी, मात्र पन्ध्र दिनले गर्दा०००।”

बहिनीको कुरा सुनेर म पनि आश्चर्यचकित भएँ । निकै लामो समयपश्चात् ऊसँग गफिने साइत जुरेको थियो । उसको परिवारमा जो नोक्सान भयो, घटना सम्झेर मन बुझाउने ठाउँ थिएन । सान्त्वना व्यक्त गर्न न कुनै शब्द थियो । दैवको लीला सम्झेर रुँदै पछुताउनुसिवाय अनि जिन्दगी जुरेकै त्यति नै रहेछ भनेर चित्त बुझाउनुबाहेक अर्को उपाय पनि थिएन ।

नेपालमा हुँदा बहिनी होस्टल बसेर पढ्थी । त्यसताका बिदाको समय “उपमा दिदी, म त आएँ है !” भन्दै मुसुक्क हाँस्दै ऊ टुप्लुक्क मेरो घर आइपुग्थी । साँझबत्ती बाल्ने समय मझेरीबाट भित्र उसलाई देख्नासाथ हर्षविभोर मेरो मनले दिदीबहिनीको यो नाता यसरी नै झाङ्गियोस्, जसरी चौतारामा पिपल सप्रिएका हुन्छन् भन्ने लाग्थ्यो ।

समयको पावन्दी, प्रविधिको विकास भनेर के गर्नु०००? सबै कुरा त आखिर मन रहेछ, मन । थाहै भएन, बहिनीको बिहे कहिले भयो ? कोसँग भयो ? नयाँ घर, उसको नयाँ थर, ठेगाना केही, केही नै थाहा भएन ।

जुन वेला जगत्मा टेलिफोन नामको भ्रूणसम्म विकास भएको थिएन, त्यस बखत पनि मान्छेले कर्म गर्थे । बिहे गर्थे, व्रतबन्ध गर्थे । आफ्नो गच्छेअनुसार सानो-ठूलो कार्जे सबैले गर्थे । वास्तवमा भन्नु हो भने जन्म, मृत्यु र विवाह-संस्कार

आफन्त, बन्धु-बान्धव, नातागोता एवम् छरछिमेकी भेला नभई कसरी सम्पन्न हुन्थ्यो ! त्यसताका हुलाकबाट चिठी प्रेषित गरेर पनि निम्तो पठाइन्थ्यो । केही घण्टाको बाटो भए काटेका सुपाडी बाँड्दै पनि खबर पुऱ्याइन्थ्यो । खैर, बहिनीको बिहे हुनु थियो, भएछ । जब सुनेँ, नयाँ खबर थाहा पाएर निकै खुशी लाग्यो ।

'सम्बन्ध भनेको बचाउन सके नाता, नसके फलामको पाता' भन्ने बूढ्यौली उक्तिप्रति मेरो केही बिमतिलाई त्यसै बखत राम्ररी बुझ्ने मौका पाएँ । हुन त जे भयो सकियो तर बिहेपछिका दिनमा न बहिनीसँग भेट भयो, न ज्वाइँसँग चिनजान । अथवा, उसको कुन बाध्यता थियो र एक पटक दिदी भनेर सम्झिन मलाई ! सञ्चारले यत्रतत्र फड्को मारेको प्रविधिमय संसारमा... मैले त केही बुझ्नै सकिनँ । हुन त श्रीस्वस्थानी व्रतकथामा दक्षप्रजापतिले आफ्नै छोरी सतीलाई महायज्ञमा डाकेनन् । रगतको नाता भनेर भो...?

नेपाली समाजको परिपाटी आफ्नै वरिपरि कति छन्, यस्ता दृश्य ? गलगिद्ध ख्वाए पनि कोही आफ्ना नहुने । कसैलाई एक ग्लास पानी पियाउन पनि हम्मे पर्ने त कोही भने टुसुक्क बसेर एक कप चिया पिउन पनि नभ्याउने । सम्झेर ल्याउँदा दुनियाँ त्यसै दुनियाँ भएको होइन रहेछ ।

पछिल्लो समय आफ्नै घर-व्यवहारले थिचेर मिनेट त के, सेकेन्ड फुर्सद थिएन मलाई । त्यसमाथि अफिसको काम... ।

फिल्का वास्तवमा को थिई ? मतलब कसकी छोरी ? काकाकी या त मामाकी ? ठूलो बुबा, सानो बुबा या त मितबुबाकी ? साख्खे फुपुकी या त गोत्री/सगोत्री... अरू कसैकी ? चाहे जो होस्, जन्मका हिसाबमा मभन्दा केही वर्ष सानी हुनाले ऊ मेरी बहिनी थिई । अत्यन्तै मायालु बहिनी ।

त्यसताका तराई झर्दाको सम्झना ऊ भर्खर हिँड्न थालेकी थिई । मसँग कुन जादुको छडी थियो; कतिखेरै पनि मेरो पिछा नछाड्ने उसको आदत देखेर तीन छक्क पर्थें । हो, दिनको के कुरा, राति पनि पो मैसँग सुत्थी । बिहान मैसँग उठ्थी । तातेताते उमेरकी ऊ, म जताजता जान्थेँ, सँगसँगै दौडिन खोज्थी । घरीघरी यसो भन्थी, "प्यारी दिदै, मलाई छाडेर कतै पनि नजाऊ है ! ल ? हुन्छ कि हुँदैन...?"

घर फर्किने अघिल्लो दिन जब म आफ्नो झोलामा लुगाफाटो हाल्दै हुन्थेँ । त्यो दृश्य देखेर राति अबेलासम्म निदाउँदै निदाउन्न थिई । कथा भनेर फकाई-फुल्याई जबर्जस्ती निदाए पनि निद्रामा बर्बराउनु त छँदै थियो ।

बाठी पनि कति भने फुत्त उसका आँखा छलेर हिँड्छु भनेर होला, मलाई च्याप्प समातेर सुत्थी । अनि, मेरो ज्यान ओल्टोकोल्टो भयो कि जस्तै गाढा निद्रा पनि अघि ब्युँझिसकेकी हुन्थी ।

जसको कोखबाट जन्मेकी थिई ऊ अथवा, जसले उसलाई जन्माउनुभएको थियो, त्यो परिवार हेर्दा स्वर्गझैँ लाग्थ्यो । त्यस घरको वातावरण, रहन-सहन, सानामा आफूले पढ्न नपाएको गुनासो कथाझैँ सुनाउनुहुन्थ्यो बहिनीकी ममीले । उही कुरा घरीघरी दोहोऱ्याई-तेहऱ्याई भनिरहनुहुन्थ्यो । त्यतिखेरको समाजमा छोरीलाई निरक्षर राख्ने चलनको घोर विरोधीले आफ्ना सन्तानलाई सक्षम त बनाउनुभयो तर स्वावलम्बी हुन नपाई अन्माएर पठाउने चलन ! उहाँ स्वयम् पनि त्यहीँ चुक्नुभयो । जे होस्, बहिनीकी ममीसँग भेट हुँदा खूब रमाइलो हुन्थ्यो । लाग्थ्यो– रातभरि बसेर उहाँका गफ सुनिरहूँ । नजानेका, नबुझेका बात सोधिरहूँ । सर-सङ्गत गरिरहूँ । उहाँलाई भेट्दा एकदमै खुशी लाग्थ्यो । आफ्नै संरक्षक भेटेझैँ ।

सम्पत्ति, खान-लाउन दुःख थिएन । महिनामा दुई-चार लाख नगद हात पर्नु चानचुने आम्दानी होइन । बस्नलाई इँटा-सिमेन्टको गाह्रो, छत ढलान गरेको पक्का घर थियो । त्यहाँ बिजुलीबत्ती थियो । आँगनमै जस्तो पानी-धारा थियो । त्यसकारण पहाडमा झैँ एक गाग्री पानीको लागि कोशौँ टाढा उकालो-ओरालो हिँड्नुपर्दैनथ्यो । कृषिकर्म आफ्नै खेतबाट आएको धान मिलमा पुऱ्याएपछि कति बेर लाग्थ्यो र चामल बन्न ? त्यसकारण मधेशवासीले पहाडमा जस्तो रातारात ढिकी-जाँतो गर्नुपर्दैनथ्यो ।

तराईको बाटो, हाटबजार धाउन होस् अथवा सर्जाम किन्न– कोही व्यक्तिलाई सकस थिएन । सिकिस्त बिरामी अस्पताल पुऱ्याउन पनि पहाडमा जस्तो झोलुङ्गो वा स्टेचर चाहिन्थेन । तर, कहिलेकाहीँ त्यस्तै आपत् परिहाले बेरै नगरी एम्बुलेन्स आउँथ्यो । नभए रिक्सा । त्यो नभए गाडी । एक छिनका लागि त्यो पनि नभए साइकल । त्यसताका मोटरसाइकललाई भटभटे भन्थे । जे होस्, डाक्टर भेट्न कुनै कठिन थिएन ।

फिल्का बहिनीका पिता जागिरे हुनुहुन्थ्यो । त्यसकारण उहाँलाई परिवार पाल्न सकस थिएन । छोराछोरीको पढाइँसँगै घरमा कुनै कुराको अभाव होलाजस्तो नलाग्ने परिवार वास्तवमै भाग्यमानी होइनन् त ? मेरो आशा-भरोसा, रगतको नाताभन्दा कम प्रगाढ थिएन मित्रता । सम्बन्धको त्यो डोरी आफैँलाई आघात हुने

गरी एक दिन बहिनीकी ममीले ठाडो बोलीमा भन्नुभो, "यो उपमा त हिजोआज अचाक्ली नै ठूली भा'छे ।"

तर, म त्यही उपमा थिएँ, जसले जीवनमा कसैको एउटा सिन्काधरी नोक्सान त के, अदलबदल सोच्नसम्म नसक्नेले उहाँको चाहिँ कस्तो जासुस गरेँ ? किन गरेँ ? कसरी गरेँ ? त्यो दिनको सो भनाइ मुटुभित्र बिझेर छाँगाबाट खसेझैँ चकित परेँ । तैपनि थाहा छैन, मैले वास्तवमै के नोक्सान गरेँ ? उकुसमुकुस मन, चुरो कुरो बुझ्ने धुन । तर, बिहेको हङ्गामा, को कहाँ पुगियो, को कता– पत्तै भएन ।

त्यस दिन फिल्काका सबै दिदीहरू आ-आफ्ना परिवारसहित निम्ता मान्न आएका थिए । दाजु-भाउजू थिए । भदा-भदैहरू थिए । छरछिमेकी थिए । त्यस्तै, अन्य नातेदार सबै-सबैका अगाडि चितुवा झम्टे पारा उसकी ममीको त्यो आवाज... हाफ छुट्टी लिएको अफिस पूरै दिन त्यता बिताउँदा पनि मनको बोझ हल्का हुन सकेन ।

केही दिन अघिदेखि निकै डरलाग्दो गरी चीनको वुहानबाट फैलिएको कोरोना भाइरसको कारण संसार कस्तो भयो ! कतिले ज्यान गुमाए ! अकाल मृत्युवरण कतिका बालक टुहुरा भए ! कति बेसहारा बने ! कति परिवारै निमिट्यान्न भन्ने खबर पनि सुनियो ! 'खरघारी'मा आगो लागेजस्तो समय त्यही वेला बहिनीकी ममी पनि बिरामी भन्ने खबर आयो ।

ऊ त उही बेला भनौँ बिहे भएकै वर्ष अमेरिका पुगेकी अरे ! त्यतै बसोबास गर्ने केटासँग लगन जुरेपछि बधाई, विदाइ भन्ने खबर पनि निकै लामो समय पछि था' पाएको थिएँ । हुन त मुहारपुस्तिकामार्फत फोटाहरू देखिन्थे । तर, हिजो-अस्तिजस्तो लाग्ने समय, कति चाँडो बितेको !

ऊवेला मसँगै पहाड जान कस्तो ढिपी गर्थी ! अनि, मलाई पनि उसलाई सँगै लिएर घर जान रहर नभएको होइन तर चाहेर पनि त्यो समय अनूकुल भएन । ठूलो चिलगाडी चढेर सात समुन्द्रपारि पुगेकी ऊ अब त कहिले यता आउली र पुनः त्यता जाने बात दोहोऱ्याउली ! जन्म-कर्म आफू भने उही थोत्रो पहाडमा गाउँबैँसी धाएर अघाएकी छैन । तर, वल्लो-पल्लो गाउँ आजसम्म कुनै रहरलाई बासी हुन पनि दिएकी छैन ।

रेडियो बोल्थ्यो– कोरोना अमेरिकामा झन् बढी छ । विश्वमहामारीको त्यो रूप, त्यो स्वरूप ! नेपाल त झन् खुला सिमानाले गर्दा यति असुरक्षित थियो, जस्तै कथाव्यथा पनि लकडाउन नभा'को भए...? हुन पनि देश-विदेश

आउजाउ कुनै फ्लाइट थिएनन् । अनिश्चितकालीन बन्दको परिणामबारे खुलस्त बात कसैलाई थाहा थिएन ।

बन्दाबन्दी नखुले पनि केही समयपछि चार्टर उडान सुरु भयो । त्यसले गर्दा अलपत्र मानिसलाई आ-आफ्नो गन्तव्यमा आउजाउ गर्न निकै सहज भयो । मुहारपुस्तिका हेर्दा पनि कति यस्ता कुरा थाहा हुन्थ्यो । साथै, कतिका बाउआमा लकडाउनमा अड्केर विदेशमै थिए । आफन्त भेट्न गएका कति त्यही चार्टरबाट भए पनि नेपाल फर्के । जहाज भाडा महँगोचाहिँ बेस्सरी नै महँगो छ भन्थे ।

त्यसदिन म्यासेन्जरमा भेट भएकी बहिनी आमनेसामने बात मारेसरह भिडियो कलमै भए तापनि जिन्दगीका अन्य आयामहरू कोट्ट्याउनतर्फ नलागेर, एकैचोटि फड्को भक्कानिँदै ऊ यसरी बोल्न थाली, "दिदी ! ममीबुबा दुवैलाई अमेरिका ल्याउने प्रक्रिया सकेर टिकट काटिवरी उड्ने तयारीमा हुनुहुन्थ्यो । पन्ध्र दिन अगाडिबाट लकडाउन सुरु भयो । पहिलो लहर कोरोनामा उहाँको स्वास्थ्य एकदम ठीक थियो । प्रायः दैनिकजसो भिडियो कलमार्फत कुरा गर्थ्यौँ । केही महिनापछि जहाज उड्न थाले । कोरोना-त्रास केही कम भयो भनेर सोच्न नपाई पुनः दोस्रो लहर सुरु भयो । फेरि, जहाज बन्द भन्ने खबर सञ्चारमाध्यमबाट फैलिएलगत्तै अबचैँ ढिलो गर्नुहुँदैन भनेर जति नै महँगो भए पनि टिकट काट्नुअघि कुन दिनलाई फिक्स गरौँ भनेर सल्लाह गर्न फोन गर्दा ममीलाई सञ्चो छैन भनेर थाह पाएँ । पेट दुख्नु सामान्य केही होला, ठीक भइहाल्छ भन्दाभन्दै... ।"

त्यसपछि बहिनी केही बोल्न सकिन । मैले पनि थप प्रश्न गरेर करकाप बोलाउनुभन्दा केहीबेरको सन्नाटापछि उसैले भनी, "ज्यानमारा कोरोना पन्ध्र दिनपछि सुरु भा'को भए कुनै हालत मेरी ममी मर्नुहुने थिएन । यता उड्न मात्र पाउनुभा'को थ्यो भने जसरी पनि बिराम पत्ता लाएर बचाउथेँ दिदी ! मेरी ममीलाई जागा गराउँथेँ । यहाँका अस्पतालमा सामान्य दुखाइ महसूस भएका बिमारीलाई पनि पक्षपात नगरी ठूलै ठाउँमा उपचार हुन्छ । त्यही कारण यताका मानिस लगभग सय वर्ष बाँच्छन् । तर, त्यहाँ यता हुन्छ कि उता भनेर चौतर्फी दौडधूप गर्दागर्दै लापरवाही भयो दिदी, ठूलै लापरवाही ! अनि, त्यही दौडधूप पनि जम्माजम्मी पन्ध्र दिनमात्रै...! व्यथामाथि थप पीडा ! सङ्क्रमण नभा'को भए केही हुन्थ्यो कि ?"

■■

*धनकुटा, हाल : काठमाडौँ*

नवराज पुडासैनी 'ज्योत्स्ना'

# पाँच मुक्तक



१) सहकालै पो आयो कि देश हुन्छ हराभरा
ठानेरै फर्कियौँ हामी मस्त भई खुशीले बरा
लोभी–पापी भयो सत्ता, देखिन्न शुभलक्षण
फुलेका स्वप्न ती हाम्रा मुर्झायो, मैलियो धरा ।

२) तिमी निधारको टीका, मचाहिँ भेटी भएको भए
मचाहिँ हुन्थेँ हीरा–हार, तिमी घाँटी भएको भए
छिनको छिन माया सफल हुने थियो होला हाम्रो
झुक्किएर तिमी केटा, म केटी भएको भए !

३) कसले भन्यो हामीबीचमा द्वन्द्व हुनुपर्छ ?
कारण थिएन केही, परिबन्द हुनुपर्छ
कतैबाट कुनै गल्ती भएको रहेछ भने
चलिरहेको शीतयुद्ध अब बन्द हुनुपर्छ !

४) ज्वालामुखी लाभा पनि सेलाउँदो रहेछ, थाहा भो
मायाले जिन्दगीलाई केलाउँदो रहेछ, थाहा भो
समय नै सबै रोगको औषधि पो रहेछ त
रात रहे अग्राख पनि पलाउँदो रहेछ, थाहा भो ।

५) रूख काट्न भ्याएकै छैन, आगो ताप्न खोज्छन्
गर्भाधान भएकै छैन, भोटो नाप्न खोज्छन्
उसै कहाँ पूरा हुन्छ, समृद्धिको सपना
मेसिन बैना हुनु पहिल्यै नोट छाप्न खोज्छन् ।

*जोरपाटी*

सत्या अधिकारी

# सावधान



धर्मा भाउजूको परिवार भर्खर पहाडबाट तराईमा बसाइँ सरेको थियो । पहाडको चिसो हावापानीमा बसेका उनीहरूलाई गर्मी कस्तो हुन्छ थाहा थिएन । जेठ महिना सुरु भयो । उनीहरू गर्मीले छटपटिँदै कुरा गर्न थाले ।

“अरूको लहलहैमा मधेश झरियो बूढा ! मलाई त यहाँ टिकिएला जस्तो लाग्दैन,” आत्तिएको भावमा भाउजू बोलिन् ।

चोर औँलाले निधारको पसिना तर्काउँदै दाइले पनि सहमति जनाएर भने, “अँ, हतारमै निर्णय गरियोजस्तो लाग्दै छ । कहाँ पहाडको शीतल, कहाँ तराईको यो गर्मी ?”

अचानक भित्रबाट आमाको चिच्याहट सुनियो, “साँप, साँप... !”

दौडिएर दाइ–भाउजू भित्र पुगे । अजङ्गको साँप रहेछ । उनीहरूको सातोपुत्लो गयो । हल्लाखल्ला गरे । वरपरका छिमेकीहरू जम्मा भए । एक जना छिमेकीले सम्झाउने कोशिश गर्दै बोले, “तपाईंहरू नआत्तिनुहोस् । नयाँ भएकोले आतेश लागेको हो । हामीलाई त बानी परिसक्यो ।”

अर्का छिमेकी बोले, “तराईतिर यस्तै हो । वायुमण्डलको प्रदुषणयुक्त विष शोषण गर्न जमिनबाट साँपहरू निस्किन्छन् । डराउनुपर्दैन, बिस्तारै बानी पर्नेछ ।”

तेस्रो छिमेकीले अलि ठट्यौली पारामा भने, “चुनावी माहोलमा नेताहरू झुल्किएजस्तै हो– नेताहरू जनतालाई झुक्याउन घरघरमा आएजस्तै । नडराउनुहोस्, बरु सावधानी अपनाउनुहोला ।”

■■

शारदादेवी पोखेल भट्टराई

# यस्तै गरे कहाँ हुन्छ !



एकादेशको कहानीझैँ, भयो सँगै रमाउने
छोराछोरी विदेसिई बूढाबूढी रुवाउने
उपचार गरौँ भन्दा मरिन्छ कि डरै भयो
यस्तै गरे कहाँ हुन्छ हाम्रो जगत्को भलो !

बाढीले मात्र डुब्दैन, महँगी झन् भयो बढी
कोही पुग्छन् उचाइमा, निमुखाको बुई चढी
विद्यालय भयो आज पैसा कुम्ल्याउने थलो
यस्तै गरे कहाँ हुन्छ हाम्रो जगत्को भलो !

पढे-लेखे सबै भन्छन्, पैसाका घर गन्दछन्
सिधा-सादा, नबुझ्नेको मान्नु के डर, भन्दछन्
ढाँट, छल भयो प्यारो, यथार्थ बुझ्न खोज्छ को
यस्तै गरे कहाँ हुन्छ हाम्रो जगत्को भलो !

शहरको छिमेकीमा, थाहा हुन्न हुँदै छ के ?
गाउँतिर छिमेकीले पूरा गर्छन्, भनिन्छ जे
तर, किन बलात्कृत चेली हुन्छे सधैँजसो ?
यस्तै गरे कहाँ हुन्छ हाम्रो जगत्को भलो !

जङ्गली बाघ देखेर, डर लाग्थ्यो उहिल्यै त
ज्यानमारा भयो मान्छे, भेट्दा पनि डरै अब
कहिले आउने बुद्धि, कमाउन सधैँ खरो
यस्तै गरे कहाँ हुन्छ, हाम्रो जगत्को भलो !

घर हाम्रो हरायो रे, तेरो-मेरो सिमाना नि
बोल्दा शत्रु लुछे आई, चुच्चे नक्शा बने पनि
कस्तो विकास हो यो खै ! कित्ताकाट हुने थलो
यस्तै गरे कहाँ हुन्छ हाम्रो जगत्को भलो !

उद्धवप्रसाद भट्टराई (चैतन्यदीप)

# सफल जीवनको लागि असल चरित्र



कृष्णको चरित्रले समस्त मानव समाजमा ज्ञान, विज्ञान र कर्मको क्षेत्रमा उच्च चिन्तन ल्यायो । त्यही चिन्तनको संस्कृतिले जीवनमा चारुता ल्यायो । चारुताले जीवनमा उत्साह, उमङ्ग र खुशीयाली छाउँदछ । त्यस्तै, रामको चरित्रले त्याग, आदर्श र मर्यादा एवम् मानवताको क्षेत्रमा ठूलै हलचल ल्यायो भने शिवको चरित्रले त्याग, आदर्श, ज्ञान र वैराग्य चेतनामा सत्क्रान्ति नै ल्याइदियो । त्यसैले राम्रो होस् वा नराम्रो होस्, चरित्रले संसारमा केही न केही रूपमा हलचल ल्याएकै हुन्छ । तर, चरित्र यस्तो हुनुपर्छ, जसले जीवनमा चिन्तन र चारुताको संस्कार ल्याओस् । नराम्रो चरित्रले त आनन्द पनि हुँदैन र चिन्तनको नामोनिशान हुँदैन । त्यसैले जीवनमा ज्ञान, विज्ञान र तत्त्वज्ञान खुलाउन चरित्र र चिन्तनको महत्त्व ज्यादै छ ।

जीवहरूमा मानव विवेकशील भएकोले सर्वश्रेष्ठ प्राणी हो । सत् र असत् छुट्ट्याउन सक्ने बुद्धिलाई नै विवेक भनिन्छ । विवेक भन्ने कुरा मानवको निजी सम्पत्ति पनि हो । सत् र असत् छुट्ट्याउन पनि मानवको चरित्र असल हुनुपर्दछ । चरित्रको अर्थ 'चर' भन्नाले चल्नु वा विचार हो भने 'इत्र' भन्नाले सुगन्ध वा व्यवहारको समष्टि रूप हो । जहाँ सत्विचार हुन्छ, त्यहाँ व्यवहारमा सौन्दर्यता आउँछ । जसलाई व्यावहारिक सुगन्धता भन्न पनि सकिन्छ । राम्रो व्यवहार भएको व्यक्तिलाई नै समाजमा चरित्रवान् व्यक्तिको रूपमा चिनिन्छ । सच्चरित्रवान् व्यक्तिहरू नै समाजका भूषण हुन्छन् । मानिसको बाहिरी स्वरूप, रङ्ग र बनोटभन्दा चरित्र महत्त्वपूर्ण हुन्छ । आकृति जतिसुकै आकर्षक भए पनि चरित्र भ्रष्ट भएको व्यक्तिको समाजमा निन्दा हुन्छ । चरित्र असल नभएको व्यक्ति सर्वशास्त्रवित् भए तापनि उसको ज्ञानको कुनै मूल्य हुँदैन ।

वेदमा भनिएको छ– 'आचारहीनं न पुनन्ति वेदाः' अर्थात् आचारहीन व्यक्तिलाई वेदले पनि पवित्र बनाउन सक्दैन । राम र रावण, हिरण्यकश्यपु र

प्रह्लाद, कृष्ण र कंस, बुद्ध र हिटलर पनि मानिसकै आकृति थिए । बाहिरी आवरणले हेर्दा उनीहरूमा त्यति ठूलो भिन्नता पनि थिएन । चरित्रकै कारणले राम, कृष्ण र बुद्ध भगवान् र रावण, कंस र हिरण्यकश्यपु सैतान भए । चरित्रले बुद्धलाई ज्ञानी र हिटलरलाई क्रूर बनायो । तसर्थ, आज विश्वमा राम, कृष्ण र बुद्धको पूजा हुन्छ । अरू दानवी प्रवृत्तिको पूजा हुँदैन । सच्चरित्रवान् व्यक्तिको नै संसारमा पूजा हुन्छ ।

हरेक मानवको पहिचान चरित्र हो । चरित्र असल छैन भने त्यो अज्ञानी हुन्छ । तसर्थ चरित्र धर्मको पर्याय हो । धर्म नै चरित्र हो । चरित्र मानवको व्यावहारिक गुण हो । नीतिशास्त्रमा भनिएको छ– 'ज्ञानेन हीनाः पशुभिः समानाः' ज्ञानहीन व्यक्तिको पशुसँग तुलना गरिएको पाइन्छ । धन, सम्पत्ति, पद र पैसा हुँदैमा वा उमेरले ज्येष्ठ हुँदैमा व्यक्ति श्रेष्ठ हुँदैन । पुरुष वा स्त्री केही हुँदैमा पनि ऊ श्रेष्ठ हुँदैन । पाँच वर्षको नाबालक उमेरमा कठोर साधना गरी भगवान्लाई प्रसन्न पार्न सफल ध्रुव र अहैतुकी भक्तिका अनुपम उदाहरण मानिने प्रह्लादको चरित्रले संसारलाई भक्तियोगको विशेष ज्ञान दियो ।

कुनै वयोवृद्ध व्यक्ति जतिसुकै जेष्ठताको कुरा हाँके पनि सच्चरित्रवान् एवम् सत्यवान्हरूसँग तुलना गर्न सकिन्न । अथवा अबला नारी भनेर भनिने भक्त मीरासँग कुनै पुरुषले मुकाबिला गर्न सक्दैन । तसर्थ शारीरिक संरचनाले पुरुष होस् वा स्त्री, बालक होस् वा वयोवृद्ध– जे भएपनि उसलाई चरित्रले नै महान् बनाउँछ । चरित्र भन्ने कुरा व्यक्तिको असल गुण हो र सज्जनताको अनुहार हो । एउटा अङ्ग्रेजी कथन छ– 'पैसा गुम्नु केही गुम्नु हैन, स्वास्थ्य गुम्नु केही गुम्नु हो तर चरित्र गुम्नु भनेको सबैकुरा गुम्नु हो ।' चरित्र भ्रष्ट भयो भने अरू जति राम्रा कुरा भए पनि कुनै अर्थ हुन्न । पैसा वा सम्पत्ति भन्ने कुराको आय-व्यय भइरहन्छ । वित्त वा भौतिक सम्पत्तिको नाश हुनु खासै नाश हुनु हैन । तसर्थ, व्यक्तिले चरित्रको संरक्षण गर्नुपर्दछ किनकि चरित्र नष्ट भएपछि त्यो व्यक्ति पनि नष्ट हुन्छ । चरित्र भनेको दृश्य-अदृश्य दुवै लक्ष्मीको स्वरूप हो । लक्ष्मीलाई चञ्चला पनि भनिन्छ । चञ्चल लक्ष्मी कुनै पनि वेला विचलित हुन सक्छिन् । त्यसकारण सजग रहनु हरेक व्यक्तिको कर्तव्य हो । चरित्र आन्तरिक र वाह्य दुवै सम्पत्ति हो, जसको आर्जन गर्नका लागि ठूलो प्रयास गर्नुपर्दछ र यो गुमाएपछि पुनः आर्जन गर्न सकिँदैन । एकपल्ट लक्ष्मीले घर छोडेपछि फर्केर आउने कुरा धेरै टाढा हुन जान्छ ।

अन्तरहृदयको भावमा जुन विचार छ, त्यहीअनुरूप चरित्र देखिने हो । पवित्र र शुद्ध हृदयबाट नै उच्च-चरित्रको निर्माण हुन्छ । सुन्दर व्यवहार नै चरित्र हो । उच्च पदमा पुग्दैमा कोही पनि चरित्रवान् हुन्छ नै भन्न सकिँदैन । उच्च पदासीन भएका व्यक्तिहरू पनि चरित्र भ्रष्ट भई निन्दित भएको घटनाहरू प्रशस्त छन् । व्यक्ति जतिसुकै सुन्दर, रूपवान् भए पनि यदि चरित्रहीन छ भने ऊ कुरूप हुन्छ । तसर्थ स्वर्णाभूषणले मात्र व्यक्ति भूषित हुँदैन भन्दै 'शीलं परं भूषणम्' भनेर शील अथवा चरित्र नै उच्चकोटिको आभूषण मानिएको छ । सुन्दर व्यक्ति त्यो हो, जसले सुन्दर कर्म गर्दछ । सत्कर्म र सदाचाररूपी सुन्दरताको अगाडि अरू कुनै कुरा टिक्न सक्दैन । चरित्रहीन व्यक्तिलाई सत्कर्मको विचार नै आउँदैन । तसर्थ चरित्र नै पूर्णता, उच्चता र श्रेष्ठताको निर्धारक हेतु हो भन्न सकिन्छ ।

आज संसार विवेकहीन र संवेदनाहीन हुँदै गएको छ । विश्वबन्धुत्व, मैत्रीयता, पारस्परिक प्रेम र सद्भाव लुप्तप्रायः भइसकेको अवस्था छ । भौतिक विकासको चरमताले संसारमा सुविधाको कुनै कमी छैन र पनि किन मानवहरू यति अशान्त छन् ? अशान्तिका पछाडि नैतिक पतन नै मूलकारण बनेको देखिन्छ । अन्तर्राष्ट्रिय परिवेश अशान्त बन्दै छ, राष्ट्रिय परिवेश भ्रष्टाचार र दुराचारले परिवेष्टित छ । जतासुकै बेधर्मी, भ्रष्ट र आचारहीन व्यक्तिको बोलावाला छ । चरित्रहीनताको बोलवाला भएपछि चरित्रवान् नागरिकको निर्माण कसरी हुन सक्छ ? सच्चरित्रवान् व्यक्तिले नै चरित्रवान् व्यक्ति बनाउन सक्छ । तसर्थ गीतामा भगवान् श्रीकृष्णले असल र सच्चरित्रवान् मानव निर्माणमा जोड दिनुभएको छ । ठूलो सङ्ख्या भएका कौरवहरूले पाण्डवहरूसँग पराजय व्यहोर्नुको मूल कारण चरित्र नै हो । एउटा चरित्रवान् व्यक्तिमा भएको शक्ति हजारौँ दुश्चरित्र भएका व्यक्तिमा पनि हुँदैन । श्रेष्ठ व्यक्तिले जे काम गर्छ, लोकले पनि त्यसैको अनुकरण गर्ने भएका कारण व्यक्तिले लोककल्याणका निमित्त सत्कर्म गर्नुपर्दछ । जनकादि मुक्तात्माहरूले पनि लोकशिक्षणका लागि सत्कर्महरूको अनुष्ठान गर्नुले व्यक्तिले समाजको मार्गनिर्देशनका लागि सत्कर्म गर्नुपर्दछ भन्ने सन्देश मिल्छ । तर आचरण शुद्ध कसरी हुन्छ ? भन्ने प्रश्न अहम् बनेर आउँछ । चरित्र नै एउटा त्यस्तो चीज हो, जो हमेसा व्यक्तिको साथमा रहन्छ । चरित्र वा शीलवान् व्यक्तिको गुण सबै ठाउँमा काम लाग्दछ । चरित्र भनेको व्यक्तिको मन, वचन र कर्मको समष्टि सोच हो । मन, वचन र कर्म तीनवटै पवित्र हुनुपर्ने कुरामा जोड दिँदै भीष्म पितामहले महाभारतमा 'शीलवान् भव पुत्रक' भनी उपदेश गर्नुभएको छ ।

त्यसकारण व्यक्ति सच्चरित्रवान् बन्ने हो भने ऊ सधैँ धनी हुन्छ, र जहाँ गए पनि सम्मानित हुन्छ । सच्चरित्रवान् व्यक्तिको निर्माणका लागि संस्कार, सङ्गत र शिक्षा तीन चीजमा शुद्धि हुनुपर्दछ । संस्कारअन्तर्गत व्यक्तिको आहार–विहारादिबाट उसको अन्तःकरणमा गढेर रहेका छापहरू वा वासनालाई बुझ्नुपर्दछ । वासना पनि शुभ र अशुभ वासना हुन्छन् । व्यक्तिगत वासनाहरूलाई शुभमार्गमा लगाउने प्रयास गर्नुपर्दछ । सत्मार्गमा लागेको व्यक्तिले नै असल संस्कार प्राप्त गर्छ । असल वा कमसल जे भए पनि संस्कार विशेषतः व्यक्तिले वंश र परिवारबाट पनि पाउँछ । विशेषतः मातापिताबाट मुख्य संस्कार प्राप्त गर्ने हुनाले वंशाणु एवम् मातृशिक्षा असल छ भने त्यो व्यक्ति उच्च संस्कारयुक्त हुन्छ, यदि वंश वा मातृशिक्षामा राम्रो संस्कार छैन भने त्यो व्यक्तिमा व्यक्तित्व नझल्किन सक्छ । व्यक्तिमा वंशाणुगत गुणहरू प्रष्ट रूपमा आउने कुरालाई केवल धर्मशास्त्रले मात्र नभई आजको विज्ञानले पनि स्वीकारेको छ । त्यसैले स्वकीय वंशको संस्कारमा दोष छ भने खराब आचरणमा नलाग्न प्रेरित गर्नका लागि असल कूलपरम्पराको स्थापना गर्नुपर्दछ । 'नास्ति मातृसमो गुरुः' भन्ने नीतिवचनअनुसार माता नै सर्वश्रेष्ठ गुरु भएका कारण बालकलाई माताले दिने संस्कार सर्वोपरि हुन्छ । जस्तो वंश र परम्परामा हुर्केको हुन्छ, त्यस्तै बुद्धि र विवेकयुक्त मानिसको निर्माण भएको हुन्छ । तसर्थ बालक सच्चरित्रवान् हुने वा नहुने मातापिताको संस्कारले पनि धेरै काम गर्दछ । त्यस्तै वरपरको वातावरण अथवा सङ्गत पनि असल हुनु जरुरी छ । सत्सङ्गको वातावरण पायो भने मात्र व्यक्ति सच्चरित्रवान् बन्न सक्दछ । खराब व्यक्तिसँग उठबस गर्नाले व्यक्तिको आचरण भ्रष्ट हुने कुरा निश्चित छ । त्यसकारण सफल जीवनको लागि असल चरित्रको निर्माण अवश्यम्भावी छ ।

■■

लीलाराज दाहाल

# गोप्य कोठा



कार्यालय प्रमुखले कर्मचारीहरूको आपतकालीन बैठक बोलाए । उनीहरूको मनको आकाशमा उत्सुकताको बादल लाग्यो । उनीहरू एकएक गरी कार्यालयको सभाहलमा दाखिल भए ।

बैठक सुरु भएको उद्घोष गर्दै प्रमुखले भने, "आज मैले अपर्झट बोलाउँदा तपाईंहरूलाई आश्चर्य लागेको होला । अहिलेसम्म हामीले कारोबार गरेको बैङ्कले राम्रो प्रतिफल नदिएकोले मैले बैङ्क परिवर्तन गर्ने निर्णय गरेको छु । अब तुरुन्त अर्को बैङ्कमा तलबी खाता खोल्नुहोला । यही भन्न बोलाएको हुँ ।"

"त्यो बैङ्कसँग कारोबार गरेको ६ महिना त हुँदै छ । सेवा-सुविधा पनि राम्रै दिएको छ । छ महिनाअघि यसै भनेर नयाँ खाता खोल्न लगाउनुभयो । कति वटा बैङ्कमा खोल्नु खाता पनि !" एक कर्मचारीले प्रतिवादको शैलीमा आफ्नो मन्तव्य व्यक्त गरे । उनको भनाइमा सबैले जोडजोडले ताली पड्काए ।

अर्कोले पनि उठेर भने, "सबै बैङ्कहरूले सेवा-शुल्कका नाउँमा रकम असुल्छन् । तलबले भात खानु कि बैङ्कलाई पोस्नु ? कारोबार हुँदै आएको बैङ्कको भन्दा अहिले खाता खोल्ने बैङ्कको सेवा-शुल्क निकै चर्को छ र सेवा-सुविधाको स्तर भने निकै कमजोर !"

फेरि जोडले ताली पड्कियो । तर पनि कार्यालय प्रमुखलाई कुनै असर गरेन । उनले पहिलेभन्दा कड्केर भने, "तलब चाहिए मैले भनेको बैङ्कमा खाता खोल्नुहोला ! मेरो फाइदाको लागि मैले यसो गरेको हो र ? नयाँ बैङ्कमा खाता खोलेर मलाई केही लाभ छैन । मैले बैङ्कका स्टाफलाई बोलाइदिएको छु । उनीहरूले खाता खोल्ने, फारम भर्ने तरिका सिकाउनेछन् ।"

यति भनेर उनी आफ्नो कोठामा पसे । बैङ्कका स्टाफहरू बैठक हलमा पसेर कर्मचारीहरूलाई फारम वितरण गर्न थाले । उनीहरू नयाँ खाता खोल्ने कि नखोल्ने भनेर आपसमा सल्लाह गर्दै थिए– कार्यालय प्रमुख र बैङ्क म्यानेजर भने अङ्कमाल गर्दै गोप्य कोठाबाट बाहिरिए ।

■■

राजेन्द्र श्रेष्ठ

# म बसेको शहर



म बसेको शहर
सुनसान छ भन्दा
तिमीलाई पत्याउन गाह्रो पर्ला
मानिसको बस्तीविनाको
उजाड शहर हो भन्दा
झन् उदेक लाग्ला ।

म पनि भ्रममा हुन्छु कहिलेकाहीँ
कि, म यथार्थबाट भागिरहेको त छैन ?
नत्र भने यी अनगिन्ती मानिसहरूको
जमघट हुने चोक, बजार, आलिशान महल
के मिथ्या हुन र ?
देशको नामी राजमार्ग
यसको चौँडा छातीमा
अनवरत गुड्ने गाडीहरूको
एकनासको थर्थराहटले
म बसेको भवन हल्लाइरहन्छ ।

कम्पन मापन !
रेक्टर स्केल !
यी सब व्यर्थ लाग्छन् ।

किनभने, यहाँ सेकेन्ड-सेकेन्डमा
भूकम्प जान्छ
म भूकम्प फोबिया

लाग्दछ, म अहिले यसको साथी भएको छु
यससँग रल्लिएर
म घरको छतमा उभिएर
क्षितिजपारिको
तिम्रो बस्तीतिर हेर्छु
आँखा यी सडक, गल्ली, भवन,
गह्वा, बैंसी, जङ्गल नाघ्दै
ठ्याक्कै तिम्रै गाउँको सिमानामा ठोक्किन पुग्छ ।

क्षितिजमा कोरिएको त्यो धर्सालाई
यसो हातले छुन खोज्दा
मन त उडेर तिम्रो छेउछाउ पुगिहाल्छ ।

अनि पो लाग्दो रहेछ
जो, म भर्खर देखिरहेथैँ
मानिसको कोलाहल
गाडीको लस्कर
भवन
सब शान्त ! शान्त !
मानौँ
मैनका मूर्ति भएका छन्
मानौँ
यो बस्तीमा
प्राकृतिक विपत्तिपछिको
सन्नाटा छाएको छ
अनि
आँखा तिम्रैछेउ पुग्न लाग्दा
मनले तिमीलाई छुन लाग्दा
एक्कासि
मेरो पाइताला
छतमा छरिएका गिट्टीमा रगडिँदा पो
यथार्थताको बोध हुँदोरहेछ

तिम्रो त्यो आकृति
नाकैमा ठोक्किन आएको
सुवास पनि जादु गरेजस्तै
पलभरमै कता गायब भयो, भयो !

फेरि, उही ठाउँ
कोलाहल सडक
बस्ती
गाडीको लस्कर ।

पश्चिममा डुब्न लागेको घामलाई
हत्केलाले छेकेर
म फिस्स हाँस्छु
आफैँसँग लजाउँछु ।

म कस्तो मान्छे
कल्पनामा रमाउनुपर्ने !
यथार्थतादेखि कहाँ भाग्न मिल्छ र ?
मन पो उडेको रहेछ
तन त यहीँ रहेछ
मेरो कामना छ
त्यस्तो नहोस्
जो, म कल्पिरहेको छु
यस्तो पनि नहोस्
जो, म भोगिरहेको छु ।

■■

*कागेश्वरी मनोहरा-१, ठूलाढिक, काठमाडौँ*

## नर्मदेश्वर प्रधान

# हाम्रो समुद्रको किनार



गोल्डकोस्ट । अस्ट्रेलियाको नामुद सीवीच । समुद्रको किनार । एकातिर अथाह समुद्र/नीलाम्य । समुद्रको अथाह हृदयमा असीम सगर डुबिरहेको छ– छायाँ भएर । मनमा लाग्छ– 'समुद्रको नीलो रङ सगर-समुद्रको गुपचुप प्रेमको रङ हो ।' नीलो रङ हेर्छु । समुद्रमा सगरले पौडिरहेको अनुभव हुन्छ ।

००

गोल्डकोस्टको समुद्री तट । एकातिर समुद्र । अर्कोतिर अग्ला-अग्ला घरहरू । म बसिरहेको इलाका । शहरदेखि अलिक बाहिर । यहाँ घरहरू होचा-होचा– छोटा कविताझैँ, मुक्तकझैँ, हाइकुको संरचनाजस्तो । गोल्डकोस्ट समुद्रतटका घरहरू अग्ला-अग्ला, लामा-लामा गद्यकविताजस्ता, ठिङ्ग । ठिङ्ग उभिइरहेका यहाँका घरहरू । विशाल भवनहरू हेर्छु, एकै चोटि देखिँदैनन् । आँखा माथि-तल गर्छु । चलाइरहन्छु । घरहरू । बहुल छन्दका कविताहरूजस्ता– प्रयोगात्मक । आधुनिक, स्वतन्त्र, सृजनात्मक छन्दले भरिएका स्थापत्यकला । प्रत्येक भवनमा देखिइरहन्छ ।

००

समुद्र । मैले अगाडि देखेको छु । मुम्बई, भारतको प्रसिद्ध समुद्री नगर । जगन्नाथपुरी, भारतको प्रसिद्ध धार्मिक स्थल । समुद्रको किनारमा । दुई ठाउँमा नै पुगेको छु । समुद्र कस्तो हुन्छ ! कस्तो छ; थाहा छ । तर, समुद्रतटको आधुनिक संस्कृति कस्तो ? के ? सुनेको छु; अनुभव गरेको छैन; देखेको छैन । गोल्डकोस्टमा आउँछु । समुद्रको किनारमा पुग्छु । बस्छु । दिन बिताउँछु । समुद्री तटका रमझम, चहलपहल हेर्छु, अनुभव गर्छु ।

००

समुद्रको किनार । बालुवै-बालुवा । जुत्ता फुकाल्छु । पाइन्ट माथिसम्म सार्छु । म लोभी हुन्छु । बढी सार्न सक्दिनँ । श्रीमतीले पनि माथि सार्छिन् । 'बस बस, पुग्यो'– मनमनै भन्छु । उनले पनि माथिसम्म सार्न सकिनन् । म हेरिरहन्छु । 'भिजे भिजोस् ! समुद्रमा आएपछि अलि-अलि भिज्छ । के भयो त !' पाइन्ट भिज्छ । धन्दा लिइनँ ।

००

समुद्रको किनारै-किनार घुम्छु । ब्रेसियर । स्वीमिङ कट्टु । हलुका, नाममात्रको लुगा लगाएका केटीहरू बालुवामा पल्टिरहेका छन्– आनन्दपूर्वक । घाम तापिरहन्छन् केटाहरू न्यूनतम लुगामा । बालुवाको खाटमा । लम्पसार देखिन्छन् । समुद्री किनारमा । कति जलस्नानमा व्यस्त । कतिपय बालुवाको थुप्रोमा । सूर्यस्नानमा लीन । स्नान-सौन्दर्यका झलकहरू चारैतिर देखिन्छन् । देख्न त देखिन्छन् । तर, कसैले कसैलाई हेर्दैनन् । नदेखेझैँ गर्छन् । हेरे पनि नहेरेझैँ । हेर्न मिल्छ । हेर्नुपर्छ । अघोषित चलन देख्छु । पश्चिमी खुला संस्कृतिमा हुर्केकाहरूलाई समुद्रतटको खुला जीवन सामान्य हुन्छ । एकबित्ता पाइन्ट माथि-तल गर्न पनि हिसाबकिताब गर्नुपर्ने संस्कृति छ । बुर्का लगाएरमात्र समुद्रको पानीमा खेल्ने संस्कार छ । निजी स्नानकक्षमा निर्वस्त्र नुहाउन लजाउनेहरू पनि छन् । समुद्रको शैर गर्दै जान्छु । अन्तरविरोधी चलन, कुराहरू सम्झिइन्छ ।

००

बाथरुम पिपिङ । अर्थात्, बाथरुमको प्वालबाट हेर्नु । प्रसिद्ध यौन मनोवैज्ञानिक फ्रायडको कथन सम्झिन्छु । बाथरुममा नुहाइरहेको नग्न दृश्य हुन्छ । बाथरुमको प्वालबाट हेर्छन् । यौन-सन्तुष्टि लिन्छन् । यौन-तृप्तिको परोक्ष विधि बाथरुम पिपिङ पनि हुन्छ– फ्रायडले भन्छन् । यौन । नग्न । स्नान । यौन कामुकहरूले यिनीहरूबीच गहन सम्बन्ध देख्छन् । फ्रायडले सङ्केत गर्छन् ।

००

सम्झन्छु– नेपालमा बाईसधारामा नुहाउने बालाजु-पूर्णिमा । तीज पर्वमा पशुपति आर्यघाटमा हजारौँ महिलाहरूले नुहाउँछन् । सुनिराखेको छु । महिलाहरूका थरीथरी स्नान-पर्वमा स्नान-सौन्दर्य हेर्न हजारौँ युवाहरू जान्छन् । जम्मा हुन्छन् । झुम्मिन्छन् । भिज्दा पानीले उठाउने पारदर्शितामा आनन्द लिन्छन् । फ्रायडको बाथरुम पिपिङले ठूलो घेरा लिन्छ ।

००

समुद्र किनारको खुला वातावरण । खुला जल-स्नान । सूर्यस्नानका दृश्यहरू देखिन्छन् । चारैतिर खुला । बाथरुमका पर्खालहरू यहाँ छैनन् । स्नान-सौन्दर्यका दृश्यहरू यहाँ प्वालबाट चिहाउनुपर्दैन । सबै उदाङ्ग । खुला । यताउताबाट हेर्छु । किन हो कुन्नि मेरा आँखाहरू खुम्चिन्छन् । दृश्यहरू जम्मै प्रत्यक्ष । खुला । तैपनि किन ! सबै दृश्यहरू प्वालबाट चिहाइरहेका जस्ता लाग्छन् । बाथरुम पिपिङ गरिरहेको अनुभव हुन्छ । मनमा लाग्छ– 'सिग्मन्ड फ्रायडले देखे चोर समात्न सक्छन् ।' डर लाग्छ ।

००

गोल्डकोस्ट । हनिमूनका निम्ति अत्यन्त प्रिय स्थान । यहाँका विशाल भवनहरू, अपार्टमेन्टहरू भाडामा दिने ठाउँ । बाहिरबाट आएकाहरू । दुई-चार

दिन बस्नेहरू । यस्ता पर्यटकहरूले विशाल भवनहरू सदा भरिन्छन् । कोठाहरू लिन गाह्रो । अस्ट्रेलियाको भ्रमण गोल्डकोस्टका निम्तिमात्र गर्नेहरू छन् रे । यहाँको समुद्री आकर्षण । पर्यटकीय दृष्टिले महत्त्वपूर्ण । सुन्छु– हनिमून पर्यटनको दृष्टिले गोल्डकोस्ट नामुद । गोल्डकोस्ट आइरहेको छु । हनिमून पर्यटक भएर होइन । म ज्येष्ठ नागरिक । ज्येष्ठ नागरिकको हनिमून । सुदूर विगत भइसक्यो । जन्मैदेखि विवाह भएको हो र ! म जन्मेदेखि नै विवाहित । जीवनमा अविवाहित क्षण नै छैन । वर्षौं–वर्षको विवाहित जीवनले यस्तो विश्वास उठाइदिन्छ । हनिमून–सनिमून । हो कि होइन, बिर्सिन्छु । सम्झिरहँदिनँ ।

oo

हनिमून पर्यटनको स्थल । गोल्डकोस्ट । समुद्री स्वच्छन्द दृश्यहरू देख्छु । विगतमा फर्किन्छु । हनिमून सम्झिने प्रयत्न गर्छु । पर्खालले घेरिएको सानो कोठा । साधारण हनिमूनको रात । कोठामा जान्छु । म सचेत हुन्छु । खान नपाएजस्तो । म चल्न हुन्न । लाकालुक गर्नु हुन्न । 'मगन्तेजस्तो !' श्रीमतीले भन्न सक्छिन् । भने के गर्नु ! म डराउँछु । मैले विचार गर्छु । मांसहारी बाघझैँ म हुनुहुन्न । श्रीमती आत्तिन्छे । चिन्ता लाग्छ । होशियार र सतर्क भएरै सुहागरात मनाउँछु ।

oo

हनिमून पर्यटनको केन्द्र । यो गोल्डकोस्ट । समुद्रको किनारमा जान्छु । बस्छु । विचारमा हराइरहन्छु । यहाँको समुद्री हनिमून । मेरो सानो कोठाको सुहागरात । यिनीहरूको तुलना गर्छु । समुद्र कहिले सानो कोठा भएर खुम्चिन्छ । सानो कोठा कहिले समुद्र भएर फैलिन्छ । मेरो सम्झनाको लहर । लहर माथि–तल भइरहन्छ । बगिरहन्छ ।

oo

आज मौसम राम्रो छ । घाम मजाले लाग्छ । पर्याप्त भीड । दिन बित्छ । चिसो हुँदै आउँछ । समुद्री हावा बहन्छ । चिसो हुँदै आउँछ । फर्किआउँछु । घरमा आइपुग्छु । अँध्यारो-अँध्यारो हुन्छ । थकाइ लाग्छ । सिरक ओढ्छु ।

oo

सँगै श्रीमती । उसले भन्छे, "हाम्रो सि–वीच त यहीँ हो ।" उसले के भनेकी ? एक छिन अलमलिन्छु ।

"के भनेकी ?" म सोध्छु । पल्टिराखेको खाट देखाउँछे ।

"हाम्रो समुद्रको किनार... यही नै हो ।" श्रीमतीले दोहोऱ्याउँदै भन्छे ।

उसको भनाइमा समुद्री उत्तेजना अनुभव हुन्छ ।

■■

*(नेपालभाषाबाट अनुवाद, अनुवादक : रासा)*

लक्ष्मीराम आचार्य

# नयाँ युग



पिपल हुँ म
जति काट्छौ, पलाउनेछु
कोमल ती आँकुरीले
अक्सिजन नै फिँजाउनेछु ।

बादल हुँ म
पानी झारी अस्ताउनेछु
गुलाब हुँ म
जहाँ फाल्छौ, त्यहीँ फेरि फक्रिनेछु ।

फोहोरमा फाले पनि
काँडा भनी कुल्चे पनि
हिलो भनी मिल्काए पनि
रातै फुली सुगन्ध छरिदिन्छु ।

पिपल बनी चौतारीमा
भरियालाई शीतल दिन्छु
गुलाब फुली फूलबारीमा
दुखियालाई सुवास दिन्छु ।

अन्धकारको कालो बादल
चिराग बनी हटाइदिन्छु
गरीबको पसिनाले
तुवाँलोलाई पखालिदिन्छु ।

अँध्यारो त्यो साम्राज्यलाई
जून बनी हटाइदिन्छु
पौरखी यी हातहरूले
सूर्यकिरण जन्माइदिन्छु ।

शोषणको नौलो चलन
एकताले भत्काइदिन्छ
छद्म त्यो रङ्ग हेर
नयाँ युगले मिल्काइदिन्छ ।

आडम्बरका भ्रमजाल सबै
भत्काएर मिल्काउनु छ
नयाँ युगको चेतनाले
नयाँ बाटो बनाउनु छ ।

राजु शर्मा

# पशुपतिनाथदेखि परशुराम कुण्डसम्म



काठमाडौँबाट बिहान ५ बजे छुट्ने उर्दी जारी भएको भए तापनि बिहानको सात बजेमात्र हामीले काठमाडौँ उपत्यका छाड्न सफल भयौँ । साँगा भन्ज्याङबाट बाहिरिएका हामी अरनिको राजमार्गहुँदै बनेपा, धुलिखेल पुग्यौँ । अरनिको राजमार्गलाई बीचमै छाडेर हाम्रो यात्रा बनेपा-धुलिखेल-बर्दिबास राजमार्गको घुम्तीहरूमा लुकामारी खेल्दै अगाडि बढ्न थाल्यो । जापानद्वारा वातावरणमैत्री अवधारणमा निर्मित यो राजमार्गमा भूक्षयलाई निकै मेहनतका साथ ध्यान दिइएको देखियो । आकर्षक र मनमोहक वातावरणमा नागबेली आकारमा आकर्षक ढङ्गले निर्मित राजमार्गहुँदै मूल्कोटमा गएर ज्यानमा तागत भर्ने ऊर्जा उत्पादन गर्न थाल्यौँ । ३१ यात्रुको डफ्फालाई पुग्ने रासनपानी, सामलतामल बसका डिकीमा कोचिएर बसेका छँदै थिए । सुनकोशीको तीरमा भान्छा तयार गर्न गोटा दुई घण्टा खर्चिने निधो गरियो ।

मुर्झाएको ज्यानमा तागत भरेर हामी सोझियौँ गन्तव्यतर्फ । मूल्कोट, खुर्कोट, सिन्धुलीमाढीहुँदै भीमान पुगेर बस सोझियो सिधै पूर्वतिर । धुलिखेल-बर्दिबास बिपी राजमार्गलाई छाडेर हेटौँडा-चतरा राजमार्गलाई पछ्याउन थाल्यौँ । कटारी, गाईघाटहुँदै कोशी नदीमा निर्मित आधुनिक पुलको सहाराले चतराधामको हनुमान आश्रममा गएर पहिलो दिनको बास बस्ने निधो गऱ्यौँ । काठमाडौँबाट यात्रा आरम्भ गरेपछि हामीले ३८० किलोमिटरको यात्रा गरिसकेका थियौँ । त्यो यात्रा पूरा गर्न हामीलाई जम्मा ९ घण्टा ३० मिनेट लागेको थियो ।

हनुमान आश्रमले आफ्नो नियमलाई कडाइँका साथ लागू गरेको रहेछ । त्यसैले आ-आफ्नो नागरिकता हातमा च्यापेर लामबद्ध भयौँ । आ-आफ्नो परिचयसहित आंशिक विवरण कम्प्युटरमा अभिलेखीकरण गर्दा मतदाता परिचयपत्रमा नाम समावेश गर्दाको झझल्को आयो । अनुशासित तवरबाट आ-आफ्नो परिचयसहित सम्पूर्ण विवरण कम्प्युटरलाई सुम्पिएर दिनभरिको थकान निन्द्रादेवीलाई सुम्पिन आ-आफ्नो ओछ्यानमा लम्पसार पऱ्यौँ ।

भोलिपल्ट बिहान चार बजे नै हाम्रो यात्रा प्रारम्भ हुने जानकारी हाम्रो अगुवाबाट अघिल्लो रात नै हामीले पाइसकेका थियौँ । चार बजेको यात्रा आरम्भ गर्न तीन बजे नै उठेर नित्यकर्म गरेपश्चात् हामी ठीक चार बजे बसको शरणमा हाजिर भयौँ। बसले हामीलाई बोकेर ठसठस कन्दै करीब २० मिनेटमा बराह क्षेत्रको प्राङ्गणमा लगेर झारिदियो । कोका र कोशी नदीको सङ्गमस्थलमा ब्रह्मपुराण, बराहपुराण र स्कन्द पुराणलगायतका पुराणहरू र महाभारत महाकाव्यमा समेत वर्णन गरिएको यो स्थान नेपालको पुरानो देवस्थल भएको जानकारी हामीले पहिले नै पाइसकेका थियौँ । विष्णुको बराह अवतारको पूजाआजा गरिने यो मन्दिर पछिल्लो समय जुद्धशमसेरले पुनः निर्माण गराएका रहेछन् । यहाँ १५०० वर्ष पहिलेदेखिका मूर्तिहरू फेला परेका रहेछन् । खासगरी कार्तिक पूर्णिमा र माघे सङ्क्रान्तिमा यहाँ मेला लाग्ने रहेछ । हिन्दू पौराणिक कथाका चार क्षेत्रमध्ये दुई भारतमा र दुई नेपालमा रहेका रहेछन् । भारतका कुरुक्षेत्र र धर्मक्षेत्र हुन् भने नेपालका बराहक्षेत्र र मुक्तिक्षेत्र हुन् भन्ने जानकारी पायौँ । यहाँ भगवान् विष्णुको बराह अवतारको ठूलो र सुन्दर छवि देख्न पाइयो । हिन्दू-परम्पराअनुसार पितृ तर्पण दिने पवित्र तीर्थस्थलमा कोका र कोशीको सङ्गमलाई पवित्र मानी हजारौँ भक्तजनहरू पितृलाई तर्पण दिन यहाँ भेला हुने रहेछन् । हामीले पनि आ-आफ्नो दिवङ्गत पितृहरूलाई सम्झिएर जल अर्पण गऱ्यौँ ।

बराह क्षेत्रको भ्रमणपश्चात् हाम्रो यात्रा काँकरभित्तातर्फ सोझियो । चतरा, इटहरी, दमक, बिर्तामोडहुँदै हामी काँकरभित्ता अर्थात् नेपालको सिमानामा आएर रोकियौँ । गर्मीको पूर्वाङ्गमा पनि हाम्रा लागि निकै गर्मी महसूस भइरहेको थियो । गर्माएको ज्यानलाई तागत भर्न उखुको रस खाने निधो गरियो । म र मेरी उनी राजवंशी बहिनीको उखुको जुस पेल्ने स्थानमा गएर टुप्लुकियौँ । आफ्नो मौलिक पोशाकमा सजिएकी ती महिला निकै मिजासिली रहिछन् । यति लामो यात्राको कुनै अनुभव नभएको मेरी उनी अर्थात् उनका लागि सबै नौला र अनौठा लागिरहेका थिए । यात्राका क्रममा देखिएका रूख, बिरुवा चराचुरुङ्गी, खोलानाला सम्पूर्ण वातावरणप्रति उनको जिज्ञासा हुन्थ्यो । उनको जिज्ञासालाई आफ्नो बुताले भ्याएसम्म म समाधान गर्ने प्रयत्न गर्दथेँ । राजवंशी बहिनीले पुदिना, कागती, आइस राखेर बनाएको उखुको चिसो रसले हाम्रो आँत भऱ्यो । तनमात्र नभएर मन पनि ठण्डा भयो । शरीरमा तागत फेरि जुर्मुराएर उठ्यो । उनी त राजवंशी बहिनीसँग वार्तालापमा लिन भैसकेकी रहिछन् । उनको मिलनसार बानी यहाँ पनि प्रकट भइहाल्यो । छुट्टिने बेलामा सुखमय यात्राको शुभकामना ती राजवंशी बहिनीबाट पाएर हामी पुलकित भयौँ । धन्य हामी नेपाली !

भारतको सिमानामा गएर बस रोकियो । सबै यात्रु बसबाट ओर्लियौँ । भारतीय अर्धसैनिक बलको इशारामा उसले भनेअनुसार लाइनबद्ध भयौँ । माक्स लगाउन अनिवार्य उर्दी जारी गऱ्यो साथै आ-आफ्नो नागरिकता लिनसमेत भन्यो । उसले जे भन्यो, हामीले त्यही गऱ्यौँ । उसको सामुन्ने पुगेपछि माक्स फुकाल्न लगाउँथ्यो, हाम्रो अनुहार र उसको हातमा भएको हाम्रो नागरिकतामा आँखा डुलाउँथ्यो, जान इशारा गर्थ्यो । हामी उसले भनेअनुसार गरिरहेका थियौँ । अब हामी भारतले निर्माण गरेको एसियन हाइवेको छातीमा उभिएका थियौँ । ६ लेनको विशाल राजमार्गले हामीलाई सेल्फी खिच्ने निम्ता दिएजस्तो लाग्यो । हामीमध्येकै महिला मित्रहरू आ-आफ्नो मोबाइल हातमा च्यापेर कोही चुच्चे थुतुनो तेर्स्याएर, कोही तनक्क तन्किएर, कोही मसक्क मस्किएर, कोही लचक्क लच्किएर, कोही ठुस्किएर, अनेक भागभङ्गीमा फोटाहरू खिच्न तँछाडमछाड गर्न थाले । कसैको मोबाइलले फुर्सत पाएन । जब उसको निर्धारित चेकजाँच सकियो, उसले मुन्टो ठडायो । ऊ त जङ्गिँदै हामीतर्फ जाइलाग्यो, "आपका मालुम नहीं यहाँ फोटा लेना मना हे !" हामी रातापिरा भयौँ । एकै पलमा हाम्रो खुशीको संसार गर्ल्याम्म ढल्यो । हत्त न पत्त मोबाइल खल्तीमा, ब्यागमा कोच्दै लुतेकुकुरले पुच्छर टाङमुनि लुकाएर आत्मसमर्पण गरेजस्तै हामीहरू पनि बसभित्र तँछाडमछाड गर्दै छिऱ्यौँ । दाँत चपाएर ऊप्रतिको रिस शान्त पाऱ्यौँ ।

"उसको देशमा गैदिनुपर्ने अनि खप्की पनि खानुपर्ने !" एउटाले प्वाक्क मुख खोले । त्यो राजेश भाइ हुनुपर्छ ! हो मा हो मिलाए रीतु, सुनिता, मेरी उनी र सरिता दिज्यूले, "त्यसको देशको फोटो खिचेर त्यसैको देशको प्रचारप्रसार हुने त हो !" गङ्गाको तर्कमा दम थियो । "हामीले खिचेका फोटा हाम्रा मोबाइलमा छँदै छन् । हामीले नचाहँदासम्म ती फोटा कैदबाट मुक्त हुन पाउँदैनन् !" मेरी उनी आत्मविश्वासी बनिन् । सबैले हो मा हो मिलाए ।

अब हाम्रो बस एसियन हाइवेको छ लेनको विशाल छातीमा चिप्लिन थाल्यो । नक्सलबारी, बागडोरा, सिलिगुरी, फूलबारीहुँदै टिस्टा नदीको तीरैतीर हुइँकिन थाल्यो । इन्द्रबहादुर राईको रचनामा वर्णित टिस्टा नदी हाम्रै आँखा सामुन्ने गड्गडाएर बग्दै थियो । हाम्रा पुर्खाले नेपालको सिमाना टिस्टा नदीसम्म पुऱ्याएका थिए । त्यसैले त हामी गुञ्जिने गर्छौं– 'पूर्वमा टिस्टा' भनेर । भारतको इस्टबङ्गाल राज्यको मालबजारमा गएर हाम्रो बस रोकियो । बेलुकाको गोधूलि आकाशले हाम्रो स्वागत गऱ्यो । दोस्रो दिनको यात्रा यही मालबजारमा बिसाउने जमर्को गऱ्यौँ । होटलको आँगनमा भोक मेट्नका लागि सहयोगी भाइहरू सरसामान तयार पार्दै थिए । एकाध साथीहरू मालबजारको फन्को मार्न बजार छिरे । कोही चिया-नास्ता

खान मिठाई पसलतिर कुदे । हामी भने होटेलको आरामदायी ओछ्यानमा सुस्ताउन कोठातर्फ लाग्यौँ । हामीलाई सेता, सिनित्त परेका बिछ्यौनाले निम्ता दिइरहेजस्तो लाग्यो । त्यसैले लम्पसार सुस्तायौँ । हामीले चतराबाट मालबजारसम्मको यात्रा गर्न करीब ६ घण्टा खर्चिसकेका थियौँ । किलोमिटरमा नाप्दा चतराबाट मालबजार करीब २०० किलोमिटर भएको पत्तो पाइयो ।

चार बजेको सर्कुलरअगावै हामी बसभित्र छिरिसकेका थियौँ । निश्चित स्थानको सुनिश्चितता नभएकोले आफ्नो पायक पर्ने र सुविधासम्पन्न स्थान ग्रहण गर्न बिहान सखारै उठेर बसतर्फ बढ्न हामी अभ्यस्त भइसकेका थियौँ । स्कूले जीवनको स्मरण आइरहेको थियो । पहिलो बेन्चमा बस्न हामी विद्यार्थीबीच प्रतिस्पर्धा चल्थ्यो । जो पहिले पुग्थ्यो, ऊ पहिलो बेन्चमा बस्न पाउँथ्यो । विगतको स्मरण ताजा भएर झुल्किरहेको थियो । त्यसैले होला, आ–आफ्नो सुविधाका लागि उर्दी जारी भएको समयअगावै आ–आफ्नो सिटमा विराजमान हुन सबैलाई बानी परिसकेको थियो । यात्रा अवधिभरि बिहान सबेरै उठेन भन्ने गुनासो बसकाले कैले गर्न पाएनन्, गुनासो गर्ने मौकै दिएनौँ ।

बिहानको झिसमिसे अँध्यारोमै हाम्रो यात्रा प्रारम्भ भयो । भारतका राज्यहरूको एउटा विशेषता यस राज्यमा पनि देखियो अर्थात् कुनै पनि सार्वजनिक स्थान, विज्ञापन बोर्ड, सूचना, सन्देश आदि सबै बङ्गाली अक्षरमा कुँदिएका थिए । नगण्य मात्रामा अङ्ग्रेजी मिसाइएको थियो । हिन्दीमा कतै पनि थिएन । बङ्गाली अक्षर खुट्ट्याउन अलि गाह्रो पर्दथ्यो । यसबाट स्थानविशेषको जानकारी हसिल गर्न मुस्किल भइरहेको थियो । हाम्रो बस जति–जति अगाडि बढ्दै गयो, वातावरण पनि खुल्दै गयो । मिरमिरे उज्यालोमा बाहिरको हरियाली वातावरण निकै मनमोहक देखिन्थ्यो । हाइवेको दुवै किनारामा आँखाले भ्याएसम्म चियाका बगानै बगानसहितका बुट्यानहरू लहलह लहराएका थिए । सानासाना थुम्कामा विभाजित घरहरूको आँगनवरिपरि सुपारीका, नरिवलका वृक्षहरू ठिङ्ग उभिएका थिए । बसको तीव्र गतिसँगै घरहरू, सुपारीका बोटहरू, नरिवलका बोटहरू र चियाबगानहरू निमेषभरमा पछाडि छोडिन्थे । हाइवेका किनारमा निउरो (एक प्रकारको तरकारी) का बोटहरू लहलहाउँदा देखिन्थे । इस्ट बङ्गाल राज्यबाट हामीहरू आसाम राज्यमा छिरिसकेका थियौँ ।

भारतको पूर्व दिशामा निर्मित पौराणिक राज्य आसामको छातीमा हाम्रो बस चिप्लिरहेको थियो । कान्जिरवा नेशनल पार्कको मध्यभागबाट हामी यात्रा गर्दै थियौँ । निकुञ्जको आगमनसँगै सुरक्षाकर्मीले चालक भाइलाई सजक हुनको साथै निश्चित गतिमा बस हाँक्न सम्झाएका थिए । त्यसैले चालक भाइ सवारी

गति घटाएर सजकताका साथ बस कुदाउँथे । टाढाको घाँसे मैदानतर्फ इङ्गित गर्दै मनोहर भाइ चिच्याए "गैंडा... गैंडा... !" सबैका आँखा त्यतैतिर सोभिए, मुर्झाइरहेकाहरू पनि अर्धचेत अवस्थामा आँखा मिच्दै उतै नियालिरहे । बसको गतिसँगै त्यो जनावर जब नजिकियो, त्यो त भैँसी रहेछ । सबैको हाँसो गुञ्जियो । मसिनो आवाज फुत्त फुत्कियो, "आफ्नो त बिहान-बेलुका सधैँ घरमै दर्शन पाइन्छ गैँडाको ।" फेरि हाँसोले बस गुञ्जियो । कतिले बुझेर हाँसे, कतिले नबुझेर हाँसे तर सबै हाँसे । अझै हाम्रा आँखा हात्ती, बाघ, गैँडालगायत अन्य जङ्गली जनावरको दर्शन गर्न लालायित थियो । हामीमध्ये धेरैलाई थाहा थियो– एसियाको ठूलोमध्येको एक राष्ट्रिय निकुञ्जमा धेरै जनावर छन् । धार्मिक पर्यटक ठह-याएर हो कि; हामीलाई कुनै जनावरले पनि दर्शन दिएनन् ।

हामी ब्रह्मपुत्र नदीको भङ्गालोमा निर्मित आधुनिक पुलको छातीमा चिप्लिरहेका थियौँ । हामीमध्येकै बटुजी भन्दै थिए– यसको उत्पत्ति, विकास, समापन आदिअदि । कामाख्या आमाको मन्दिर बजारबाट ५ किलोमिटर पहाडको चडाइपछि आयो । पहाडको थुम्कोमा मन्दिर र बाक्लो बस्तीसहितको बजार थियो । आजको बास यही पहाडको थुम्कोमा हुने निश्चित थियो । हामी बसेको धर्मशालाबाट माताको मन्दिर पाँच मिनेटको दूरीमा अवस्थित थियो । पश्चिमबाट घाम अस्ताउने जमर्को गर्दै थियो । साँझको आरती हेर्ने उत्सुकताले झोली-तुम्बा थन्काएर मन्दिरतर्फ सोभियौँ । साँझको समय मन्दिर प्राङ्गण शान्त र निश्चल देखिन्थ्यो । मन्दिरको प्राङ्णमा भजन-कीर्तन चलिरहेको थियो । भजन-कीर्तनमा रमाउँदै दिनभरको थकाइ बिसायौँ । आरतीको प्रतीक्षामा रहँदा हामीले जानकारी पायौँ– जबसम्म लाइनमा बस्ने दर्शनार्थीको आगमन भइरहन्छ, त्यस वेलासम्म आरती हुन नसक्ने रहेछ । सम्पूर्ण दर्शनार्थीहरूको आगमन बन्द भएपछि मात्र माताको आरती गर्ने परम्परा रहेछ । हामीलाई अनौठो लाग्यो ! कारण हाम्रा मन्दिरहरूमा पूजा र आरतीको निश्चित समय तोकिएका हुन्छन् । साँझ अस्ताउँदो सूर्यसँगै आरती गर्ने चलन चलिआएको छ । हामी पनि घरमा त्यही समयमा आरती गर्छौँ । यहाँ आरती गर्ने समय भक्तजनको आगमनमा भर पर्ने रहेछ । हाम्रो प्रतीक्षाको घडी समाप्त भैसकेको थियो । फेरि भोलि बिहान सखारै उठेर माताको दर्शन गर्नु त छँदै थियो, त्यसकारण हामी धर्मशाला फर्कियौँ । ठीक चार बजे मालबजारबाट हिँडेको बसमा करीब १० घण्टा बिताएर ४१४ किलोमिटरको दूरी हामीले पार गऱ्यौँ ।

बिहान ३ बजे नै लाइन बस्न मन्दिरतर्फ सोभियौँ । गुवाहाटीका लाटा, बडेमानका लामखुट्टेलाई कपडाले नढाकिएका पाखुरा र खुट्टा सुम्पिएर मन्दिरको

ढोका खुल्ने प्रतीक्षामा रह्यौँ । नसियतविनै चुस्न पल्किएका लामखुट्टेहरू हाम्रा पाखुरा र खुट्टामा बिमिरा नै बिमिराका चिह्नहरू खोप्दै थिए । थोरै उपाय नअपनाएको कहाँ हो र ! भिक्सको गन्ध लामखुट्टेलाई त्यति प्रिय नलाग्ने हुनाले त्यसको पनि प्रयोग गरिएकै थियो तर गुवाहाटीका जब्बर लामखुट्टे टेरिरहेका थिएनन् । बिहान ६ बजे पहिलो श्रेणीको लामबद्ध अवस्थाबाट दोस्रो श्रेणीको लामबद्ध अवस्थामा हाम्रो प्रमोसन भयो । मानौँ– ठूलै युद्ध जितियो जस्तो लाग्यो । बल्ल लामखुट्टेको शिकार हुनबाट जोगियौँ । अब भने भजनकीर्तनमा सरिक हुने जोस र जाँगर आयो । एक घण्टाको दोस्रो श्रेणीको लामबद्ध अवस्थाबाट ७ बजे तेस्रो श्रेणीको लामबद्ध अवस्थामा पुग्यौँ । अब आमाको दर्शन गर्न केही मिनेटमात्र बाँकी थियो । पाण्डाहरूको निर्देशनात्मक आदेशअनुसार आमाको पाउमा माथा टेकाएर आशिर्वाद ग्रहणपश्चात् हामी बाहिरियौँ । शक्तिपीठमा पाइला टेक्दा नै हामीमा ऊर्जा उत्पन्न भैसकेको थियो । चाहे गुहेश्वरी माताको प्राङ्गण होस् कि दक्षिणकाली माताको प्राङ्गणमा होस्– हामीमा ऊर्जा उत्पन्न भैसकेको हुन्छ ।

गुवाहाटी आसाम राज्यको राजधानी पनि हो । 'कामाख्या वरदे देवी नीलपर्वतवासिनी ! त्व देवी जगतां मातर्ये निमुन्द्रे नमस्तुते !!" सती-पार्वतीले आफ्ना पिताद्वारा आफ्ना पति भगवान् शिवको अपमान भएको महसूस गरी हवन कुण्डमा हाम फालेर ज्यान दिनुभयो । भगवान् शिवले सती–पार्वतीको शरीर हवन कुण्डबाट निकालेर विलाप गर्न लाग्नुभयो । भगवान् शिवले विलाप गरेको सहन नसकेर विष्णु भगवान्ले सतीको शरीरलाई ५१ वटा टुक्रामा विभक्त गरिदिनुभयो । सोही टुक्रामध्येको सतीको योनी गुवाहाटीको निलगिरि पर्वतमा खस्यो । सोही स्थानमा शक्तिको प्रतीक कामारूकामाक्ष मन्दिरको रूपमा प्रख्यात हुन गयो । यो मन्दिरको गजुर मौरीको चाकाजस्तो देखिन्छ भन्ने विश्वास गरिने रहेछ ।

माताको मन्दिर र आसाम जिल्लाको पौराणिक कथन नेपालसँग पनि जोडिएको पाइन्छ । सहकालका देवता मच्छिन्द्रनाथसँग यहाँको सम्बन्ध रहेको भन्ने कुरा नेपालमा १२ वर्षसम्म पानी नपरी सुख्खा भई दुर्भिक्ष वा अनिकाल भएका कारण लिच्छविकालका भक्तपुरका राजा नरेन्द्रदेव, काठमाडौँका तान्त्रिक बज्राचार्य गुरु वन्दुदत्त र पाटनका किसान रथचक्रले करुणमयलाई आसामको कामरूकामाख्याबाट ल्याएका हुन् भन्ने भनाइ छ । बौद्ध धर्मावलम्वीहरूले मच्छिन्द्रनाथलाई करुणामय भनेर पुज्ने गरेको पाइन्छ ।

कामारुकामाक्ष माताको दर्शनपश्चात् हामी गुवाहाटी बजारमा अवस्थित अन्य मन्दिर र देवस्थलको भ्रमण गर्न निस्क्यौँ । नवग्रह मन्दिर, जहाँ तेल चढाएर पूजाआजा गर्ने परम्परा रहेछ । हामीले उक्त मन्दिरको पनि दर्शन गऱ्यौँ ।

उमामहेश्वर मन्दिर, जुन मन्दिर ब्रह्मपुत्र नदीको बीचभागमा अवस्थित छ, जुन मन्दिरले नेपालको पोखरा फेवातालको बीचमा अवस्थित तालवाराही मन्दिरको झझल्को दिन्थ्यो । त्यहाँ पुग्न पानीजहाजको व्यवस्था गरेको रहेछ । हामीले पनि जहाजको यत्रा गर्दै उमामहेश्वरको दर्शन गर्यौं । अब हामी वशिष्ठ ऋषिले समाधि लिएको स्थानमा गएर ऋषिप्रति भक्तिभाव दर्शायौँ । त्यहाँबाट माता वैष्णवदेवीको प्रतीकात्मक मन्दिर, तिरुपती बालाजीको आकर्षक प्रतीकात्मक मन्दिरसहित अन्य रमणीय स्थानहरूको भ्रमणपश्चात् बेलुका सात बजे धर्मशालामा बास बस्न आइपुग्यौँ ।

बिहान चार बजे उठेर परशुराम कुण्ड स्नान गर्न र भगवान् परशुरामको दर्शन गर्ने उद्देश्यले अरुणाचल प्रदेशतर्फ रमाना भयौँ । खासगरी भारतका जनताहरू बिहान अबेला उठछन्, राति अबेला सुत्छन् । त्यसकारण पनि हामीले यात्रा बिहान सखारै गर्ने गर्दथ्यौँ । कारण, बिहान राजमार्ग खुला हुने हुनाले बसको गति बढाउन सकिन्थ्यो । मिर्मिरे उज्यालोमा हाम्रो बसले गति लियो । हिजोजस्तै विशाल हरिया चियाबारीका बुट्यानहरू पछ्याउँदै हामी चढेको बस अगाडि बढ्दै गयो । आजको हाम्रो गन्तव्य तीनसुकिया बजार थियो । हामी आसाम जिल्लामै थियौँ । हाम्रो बस बेलुका ४ बजे नै तीनसुकिया पुगेर रोकियो । गुवाहाटीबाट तीनसुकिया ४८४ कि॰मि॰ पार गर्न करीब १२ घण्टा लाग्यो । त्यसबीचमा चार घण्टा हामीले खाना खान र चिया नास्ता गर्न खर्चियौँ । बस-बाले पहिले नै खबर गरेका रहेछन् होटलवालालाई । त्यसकारण बास खोज्ने झन्झट ब्यहोर्नुपरेन । तीनसुकियाको बास आरामदायी, सफा, चिटिक्क परेको हाटेलमा जुऱ्यो । गुवाहाटीको धर्मशालाको बास त्यति रुचिकर थिएन । पान खाएर प्याच्च-प्याच्च थुकिएका भित्ताहरू, लामखुट्टेको एकछत्र हैकम, घीनलाग्दा बिछ्याउना अनि सम्झिँदा पनि पेट मडारिएर आउने बाथरुम, पानीविनाका धाराहरू तर चन्दाको नाउँमा राम्रै रुपैयाँ असुल्दा रहेछन् धर्मशालाका मालिकहरू । होटलको दृश्यले सम्पूर्ण यात्रीहरूको अनुहारमा कान्ति छाएको भान भयो । 'कहाँको राजा भोज, कहाँको गङ्गु तेली' मेरो आवाज गुञ्जिहाल्यो । उर्मिला बहिनी, सरिता दिज्यू, मेरी उनी, सुनिता बहिनी, राजेश भाइ, बटुजी, मनोहर ब्रो, कल्पना बहिनी, सम्धी-सम्धिनीका जोडी सबैको मुहार उज्यालियो । दिनभरिको थकान निन्द्रादेवीको काखमा बिसाएर सपनाको संसारमा विचरण गर्न थालियो ।

बिहान ५ बजे हामीले तीनसुकिया बजार छाडयौँ । ८ बजे हामी अरुणाचल प्रदेश र आसाम प्रदेशको सिमानामा गएर रोकियौँ । अरुणाचल प्रदेश चीनसँग सिमाना जोडिएको प्रदेश भएकोले निकै नै संवेदनशील मानिने रहेछ ।

त्यसकारण हामीले निश्चित रकम र आफ्नो परिचयसहित फारम भरी नागरिकताको फोटोकपी पनि बुझाउनुपर्ने रहेछ । त्यसका लागि बस-बा खटिएका थिए । हामी भने बिहानीको नास्ता खान आ-आफ्नो रुचिअनुसारको होटलमा छिऱ्यौँ । सानो झुपडीसहितको बजार अस्थायी भएको भान हुन्थ्यो । चालक भाइ, सहचालक भाइ तथा अन्य सहयोगी भाइहरू नास्ता खाँदै थिए । एउटा लिखुरे ज्यानको कुकुरलाई सहचालक भाइले जुरुक्क उचालेको देखियो । हामीमा कुतूहलता जाग्यो । उनी कुकुरलाई उचालेर पछार्ने मनशायमा थिए । त्यो कुकुरले उनको पिँडुलामा टोकिदिएछ । त्यही समयमा उनले मुखैमा च्याप्प समाएछन् सपेराले सर्प समाएजस्तो । हाम्रो अनुरोधमा उनले त्यस कुकुरलाई अलि पर मिल्काइदिए । उनको पिँडुलामा कुकुरले दाँत गाडिसकेको थियो । जिन्स पाइन्ट लगाएका हुनाले ठूलो घाउ पार्न पाएनछ । हाम्रो बसका यात्रुमध्येका सबैभन्दा कान्छा सदस्य उनी लजालु स्वभावका थिए । बानी-व्यहोरा सबै अनुकरणीय थियो । धुम्रपान, मध्यपान, माछामासु केही नखाने रहेछन् । उनको उपचारमा आफूले जानेसम्मको प्राथमिक उपचार गऱ्यौँ । हामी सबैको ध्यान उनीतर्फ सोझियो । बस-बा काम फत्ते गरेर आए । नजिकैको बजारमा गएर टिटानसको सुई लगाउने सल्लाहअनुसार बस अगाडि बढ्यो । औषधी पसलमा गएर टिटानसको सुई लगायौँ र एक टयाब्लेट सिटामोल खान दियौँ ।

दिउँसोको १२ बजे हामी परशुराम कुण्डनजिक पुग्यौँ । बस रोकिएको स्थानबाट ३० मिनेटको ओरालो ओर्लिएर हामी ब्रह्मपुत्र नदीको किनारमा पुग्यौँ । ब्रह्मपुत्र नदीमा स्नान गरेपश्चात् परशुराम कुण्डमा निर्मित तुरतुरे धारोमा नुहाएर सम्पूर्ण पाप पखाल्यौँ ! परशुरामको जन्म त्रेतायुगमा एक ब्राह्मण ऋषिको रूपमा भएको थियो । विष्णुको उन्नाईसौँ अवतारको रूपमा परशुरामलाई पुजिने गरिन्छ । महर्षि भृगु ऋषिको पुत्र महर्षि जमदग्निले लगाएको पुत्रेष्टि यज्ञबाट प्रशन्न भएका देवराज इन्द्रको वरदानस्वरूप पत्नी रेणुकाको गर्भबाट परशुरामको जन्म वैशाख तृतीयाको दिनमा भएको मानिन्छ । परशुराम कुण्ड ब्रह्मपुत्र नदीको किनारमा अवस्थित रहेछ । यस कुण्डका बारेमा धेरै किम्बदन्ती र कथाहरू जोडिएका छन् । त्यसमध्ये ऋषि जमदग्निकी पत्नी रेणुका ऋषिलाई पानी लिन गइन् । केही कारणले गर्दा पानी लिएर आउन अलि ढिला भयो । त्यति नै वेला ऋषिराजले परशुरामलाई आदेश दिए– आमाको शिर छेदन गर्न । पिताको आज्ञाअनुसार परशुरामले माताको शिर छेदन गरिदिए । परशुरामले आमाको शिरच्छेदनको पापबाट मुक्ति पाउन त्यही कुण्डमा स्नान गरेर पाप पखालेका थिए भन्ने भनाइअनुसार त्यहाँ स्नान गरेमा सम्पूर्ण पाप पखालिन्छ भन्ने विश्वास गरिन्छ ।

यो स्थान अरुणाचल प्रदेशको लाहित जिल्लामा पर्दो रहेछ । तीनसुकिया र परशुराम कुण्डको दूरी १५६ कि॰मि॰ रहेछ । त्यो पार गर्न हामीलाई करीब चार घण्टा लाग्यो ।

डाँडाको खोँचबाट ब्रह्मपुत्र नदी गड्गडाएर बगिरहेको थियो । मानसरोवरबाट बग्न सुरु गरेको ब्रह्मपुत्र नदीबाट चाइनाले ठूलै हाइड्रोपावर बनाएर बिजुली निकालेको छ भन्ने जानकारी पाइयो । यहाँदेखि पहाडै-पहाड भएर चाइनाको सिमाना तिब्बत पुग्न सकिने रहेछ । भारतका अन्य तीर्थस्थलहरूको तुलनामा यस तीर्थस्थलको प्रचारप्रसार र विकास भएको देखिएन । शायद, विकटताले गर्दा वा सामरिक महत्त्वको क्षेत्र भएकोले पनि हुन सक्छ ! स्नानपश्चात् हामी २० मिनेटको उकालो चढेर आउँदा हाम्रा लागि बिहानको खाना दिउँसै भए पनि ताजै कुरिरहेको थियो । तात्तातो दाल, भात, तरकारी हसुरेर हावाहुरीलाई छिचोल्दै आ-आफ्नो स्थान ग्रहण गऱ्यौँ । हावाहुरीसहित मुसलधारे वर्षाले हामीलाई विदाइ गऱ्यो । बिहान जुनजुन स्थान भएर गएका थियौँ, त्यहीत्यही स्थान भएर फर्कियौँ । साँझ पुन तीनसुकियामा आएर बास बस्यौँ ।

बिहान ५ बजे तीनसुकियाबाट गोवाहाटीतर्फ सोझियौँ । गोवाहाटी बजार भन्दा १५ किलोमिटरवरैको सुविधासम्पन्न रिसोर्टमा रात बिताउने निधो गरेर रिसोर्टभित्र छिऱ्यौँ । बसका साथीहरूले चाल पाइसकेका रहेछन्– मेरो जन्मदिन भनेर तर मलाई सुइँकोसम्म दिएका रहेनछन् । यसको मतियार मेरी उनी स्वयम् भएकी रहिछन् । रिसोर्टमा नानरोटी खाएर जन्मदिन मनाउँदै स्वाद फेऱ्यौँ, एक छिन रमाइलो गर्दै थपडी बजायौँ । शुभकामना लिन र धन्यवाद दिन अलिकति समय खर्चियौँ । दिनभरिको थकाइले शरीर सुस्ताइरहेकै थियो, त्यसकारण आराम गर्न आ-आफ्नो कोठातर्फ लाग्यौँ ।

रिसोर्टको आरामदायी बसाइलाई बिहान ४ बजे नै टुङ्ग्याएर मालबजारको लागि रमाना भयौँ । विभिन्न स्थानहरूमा आराम गर्दै बेलुका ४ बजे मालबजारमा बास बस्न पुग्यौँ । परिचित होटल छँदै थियो बास बस्न । आ-आफ्नो इच्छाअनुसार उपहार तथा आवश्यक सामग्री खरिद गर्न विभिन्न डफ्फामा विभक्त भएर बजारभरि छरियौँ । टुटेफुटेको हिन्दी लवजमा खासगरी महिला सदस्यहरूले मोलमोलाइ गरी मनोरञ्जन लिएजस्तो देखिन्थ्यो । मनोरञ्जनात्मक वातावरणका बीच बङ्गाली भाइहरू पनि आफ्ना सामान बिकाउन सकेजति प्रयत्न गरिरहेका थिए । काठमाडौँमा तराईका मधेशी दाजुभाइबाट तरकारी तथा अन्य आवश्यक सरसामान खरिद गर्दा बोलिने टुटेफुटेको हिन्दी लवज बङ्गाली साहुजीहरूका लागि नौलो लागिरहेको थियो । सबैले गच्छेअनुसार खल्ती रित्तिने गरी सामान

खरिद गरिभ्याएछन् । जब बसमा सहचालक भाइले सामान लोड गर्न लागे, तलबाट सामान दिनेको ताँती नै लाग्यो । सहचालक भाइ असन्तुष्टि प्रकट गरिरहेका थिए ।

बिहान ४ बजे नै मालबजारबाट सिक्किमको लागि रमाना भयौँ । मालबजारबाट चियाबगानको विशाल फाँटमा निर्मित ६ लेनको चिल्लो, कालोपत्रे सडकमा बस चिप्लिरहेको थियो । टिस्टा नदीबाट हाम्रो यात्रा उत्तरतर्फ सोझियो । टिस्टा नदीको किनारै-किनारको पहाडी बाटोमा बसले लुकामारी खाँदै उकालो चढ्न थाल्यो । खासगरी पहाडी बाटोमा हामी अभ्यस्त छँदै थियौँ । नेपालका पृथ्वी राजमार्ग होस् वा त्रिभुवन राजमार्ग होस्– सबै राजमार्गहरू पहाडै-पहाड भएर कुद्छन् । यहाँको राजमार्ग पनि त्यस्तै रहेछ । आसाम राज्य र सिक्किम राज्यको सिमानामा गएर बस रोकियो । सिक्किम प्रवेश गर्न निकै कडा अनुशासन पालन गर्नुपर्ने रहेछ । लामो सोधपुछपछि हामीलाई जाने अनुमति दिइयो । देश फरक, राज्य फरक तर गाउँ, ठाउँ, जनता, खोलानाला, बोलिचाली, रहन सहन, रीतिरिवाज सबै उस्तै । हामीलाई परदेश गएको छनक भइरहेको थिएन । सिक्किम राज्यको छेउकुनाको स्पर्श गर्नेमात्र हाम्रो कार्यक्रम थियो । सिक्किममा अवस्थित चारधामको दर्शन गर्ने र अवलोकन गर्ने कार्यक्रममा पनि त्यहाँको सिन्डिकेटले तगारो तेर्सायो । अर्थात्, हाम्रो बसलाई प्रवेश निषेध गरिदिए त्यहाँका ट्याक्सी सङ्गठनहरूले । अब हामीले बसबाट झरेर ट्याक्सीमार्फत ती स्थानहरूको अवलोकन भ्रमण गर्नुपर्ने बाध्यता आइलाग्यो । यसको लागि हामी तयारी अवस्थामा थिएनौँ । कारण, यो नियम लगाएको भर्खर दश-पन्ध्र दिनमात्र भएको रहेछ । हाम्रो रगत उम्लिएर आयो । सबैको चाहनाअनुरूप हामीले हाम्रो सिक्किमयात्रा यहीँ बिसाउने निर्णय लियौँ । सिक्किमप्रतिको हाम्रो धारणामा परिवर्तन आयो । त्यहाँका स्थानीयहरूले पनि यस कार्यको विरोध गरिरहेका रहेछन् । यो उनीहरूको लहडको उपज सिर्जिएको समस्या थियो । शायद, सरकार बेखबर थियो कि ? हामी पनि गोर्खालीका सन्तान न पऱ्यौँ ! चारधामको अवलोकन भ्रमण नगरेरै फर्किने सहमति भएअनुसार हामी 'ब्याक टु मङ्गलमान' भन्दै फर्कियौँ । फर्किएपछि हामीलाई लाग्यो– हाम्रो निर्णय ठीक थिएन कि ! सिक्किमको माटोको स्पर्श गरेर पुनः सिक्किम अवलोकन भ्रमण गर्ने वाचा गर्दै हामी दार्जिलिङको लागि रमाना भयौँ ।

टिस्टा नदीको तीरैतीर ओरालो झरेर डाँडाकाँडा छिचोल्दै नदी पार गरेर पुनः हामी उकालो लाग्यौँ । अप्ठ्यारा घुम्तीहरू छिचोल्दै साँघुरो बाटोमा जोखिमयुक्त यात्रा गर्न थाल्यौँ । फाँटको उखरमाउलो गर्मीले गलेको ज्यानमा

पहाडको सिरसिरे हावाको स्पर्शले शीतलता प्रदान गरिरहेको थियो । पहाडको टुप्पादेखि लमतन्न भएर सुतेका गुजुमुज्ज घरहरू देखिँदै थिए । घुम्ती-घुम्तीमा बसले चक्कर लाउँदा दार्जिलिङका बजारहरू लुकामारी खाँदै चियाउन आइपुग्थे, फेरि लुक्थे । आँखाले भ्याएसम्मका डाँडापाखाहरूका थुम्काथुम्कामा विभक्त भएर निर्माण भएका ब्रिटिशकालीन घरहरू, स्कूल, कलेजहरू आकर्षक देखिन्थे । यात्राको क्रममै छुकछुके रेलको पटक-पटक दर्शन गर्ने सौभाग्य प्राप्त भयो । नागबेली साँघुरा बाटाहरूमा जोडिएरै रेलका लिकहरू पनि बनेका रहेछन् । कहिले बसले साइड दिनुपर्ने त कहिले रेल आफैँ रोकिएर साइड दिएको दृश्य हेर्नलायकको थियो । दार्जिलिङको रेलका विषयमा प्रशस्त अनुभव र जानकारीहरू निःशुल्क प्राप्त भएकै थिए । पुराना स्मरण र सूचनाहरू फेरि उग्राउँदै, चपाउँदै आँखैअगाडि प्रत्यक्ष साक्षात्कार गर्नुको मजै बेग्लै ! बेलुकाको गोधूलि लालिमामा पहाडका थुम्काहरू चम्किरहेका थिए । हुस्सु तँछाडमछाड गर्दै पहाडका खोँचखोँचबाट आकाशतर्फ बढ्दै थियो । हामीले ती सारा दृश्य बसबाटै प्रत्यक्ष साक्षात्कार गरिसकेका थियौँ । र त दार्जिलिङमा रात काट्ने योजनालाई सर्वसम्मत तिलाञ्जली दियौँ । सिक्किमबाट छिरेर पशुपतिनगर निस्किँदा अधिकांश दार्जिलिङको बाहिरी भागको अवलोकन भयो । फेरि सिक्किमको यात्रा त थाती राखेका थियौँ नै, दार्जिलिङको पनि किन थाती नराख्ने ? लामो बसको यात्राले हामी गलित र थकित भैसकेका थियौँ । घरका सबै जिम्मेवार सदस्य नै भ्रमणमा निस्किएकाले अधिकांश गृहिणीहरू आत्तिइसकेका थिए ।

अब हामी सोझै पशुपतिनगर जानका लागि ओरालो झर्न थाल्यौँ । दार्जिलिङको परिक्रमामा नै हाम्रो समय खर्चिसकेको थियो । अँध्यारोले छपक्क छोप्यो । डाँडाको भिरालो, साँघुरो बाटो जङ्गलै-जङ्गलले ढाकिएको थियो । त्यसकारण पनि रात निकै छिप्पिएको भान हुन्थ्यो तर बेलुकाको सातमात्र बजेको थियो । हामी पशुपतिनगर पुग्दा आठ बज्यो । दार्जिलिङ र पशुपतिनगरको अन्तर्राष्ट्रिय सिमाना बेलुका छ बजे नै बन्द हुने परम्परा रहेछ । त्यहाँ तैनाथ सुरक्षाकर्मीहरूले हाम्रो बसलाई बोर्डर क्रस गर्न दिएनन् । निकै अनुरोध गर्दा पनि हामीले छिर्ने अनुमति प्राप्त गर्न सकेनौँ । यहाँ पनि नेपाल तथा भारतको जीर्ण रोग कमिसन, घुस, नजराना जे-जस्तो शब्दले सम्बोधन गर्दा पनि वास्तविकता त्यही हो, अतिरिक्त शुल्क ! हामीले त्यसरी अतिरिक्त नजराना बुझाउने सोचाइ नै राखेनौँ । हुन त प्रत्यक्ष प्रस्ताव आउन पनि आएन ! अप्रत्यक्ष रूपमा नआएको पनि होइन । अर्को भित्री बाटो पनि रहेछ तर साना सवारीसाधनका लागि मात्र उपयुक्त, त्यही बाटो भएर उनीहरू हुइँकिरहेका थिए । बसलाई वारि दार्जिलिङमा

नै छाडेर आ-आफ्नो झोली-तुम्बा च्यापेर हामी पशुपतिनगर बजार प्रवेश गर्‍यौँ । सिमानाबाट दुईचार मिनेटको दूरीमा नै हामीले होटल पाउन सफल भयौँ । सबैको मोबाइल बज्न थाले । अब हाम्रो मोबाइल नेपालको टावरसँग कनेक्ट भइरहेको थियो । सबैले खुलेरै आ-आफ्नो घरमा सम्पर्क गर्न थाले । बिहान चार बजे इस्ट बङ्गालको मालबजारबाट हिँडेका हामी सिक्किमहुँदै बेलुका सात बजे दार्जिलिङको चक्कर मार्दै आठ बजे पशुपतिनगर पुग्दा थकित र गलित भइसकेका थियौँ । पशुपतिनगरको होटलमा सुविस्तासँग रात कटाउने मनशायले आ-आफ्नो बिछ्यौनामा लम्पसार पर्‍यौँ ।

बिहान सुविस्ताले चियाको सुर्को लगाउँदै पशुपतिनगरलाई नियाल्न थाल्यौँ । बेलुका सखारै सुत्ने पशुपतिनगरलाई बिहान पनि सखारै उठ्ने बानी परेको रहेनछ । सहयोगी र मिजासिलो व्यवहारले गर्दा होटल सञ्चालक भाइबहिनीले हाम्रो मन जितिसकेका थिए । त्यसैले हुनुपर्छ, हाम्रो अनुरोधमा सखारै उठेर हामीलाई चियानास्ता तयार गर्न जाँगर चलाए । हामी नेपाली, हाम्रो नेपाल नामले सार्थकता पाएको महसूस भयो । अब हामी फिक्कलको भ्रमण गर्न फिक्कलतर्फ लाग्यौँ । दुईचार दिनको जन्मभूमिको न्यास्रो आँखामा छँदै थियो । त्यही न्यास्रोलाई मेटन कन्याम चियाबगानतर्फ जाँदै थियौँ, बाटोमा फिक्कल बजार टुप्लुक्क आइपुग्यो । बसले थचक्क ब्रेक लगायो । पेरुङ्गाको माछा फुत्किएझैँ हामी सरर बसबाट झर्‍यौँ र बजारमा फैलियौँ । छुर्पी, ललिपप, मख्खन, घ्यु, दूधबाट बनेका परिकारहरू कोसेलीको रूपमा खरीद गर्ने मेला नै लाग्यो । फिक्कलको बाक्लो दूधेचिया पिएर कन्यामतर्फ सोझियौँ । भिरालो परेको वातावरणमा चियाका बुट्यानहरूबाट सजिएका डाँडाका थुम्काहरू मनमोहक र आकर्षक देखिन्थे । चियाबगान घुम्दै विभिन्न भागभङ्गीमा, अनेक रूपरङ्गमा आफ्ना फोटाहरू मोबाइलभरि कैद गर्दै एक छिन कन्यामको हुस्सुमा हरायौँ । निस्फिक्रीसँग पहाडकी रानी कन्यामसँग मितेरी लगायौँ । मनै पुलकित भएको छनकले गदगद, हर्षोल्लास भरियो हामीमा । समयको अभाव भएकोले रमाइलो वातावरणसँग विदा माग्दै थोरै अगाडि सानो पाथीभरा आमाको दर्शन गर्न रोकियौँ । करीब आधा घण्टाको ठाडो उकालो पार गर्दै आमाको पाउमा शिर झुकाएर भक्तिभावमा लिन भयौँ ।

हाम्रो यात्रा इलाम जिल्लाको ओरालै-ओरालो बाटोबाट तलतिर झर्दै थियो । अब हामी तराई प्रवेश गर्दै थियौँ । तराईमा गर्मीले आफ्नो साम्राज्य फैलाइसकेको रहेछ । त्यसको चपेटामा हामी पनि पर्‍यौँ । अर्जुनधारामा दर्शन गरेर हाम्रो यात्रा सोझै इटहरीतर्फ सोझियो । झिसमिसे अँध्यारोमा इटहरीको होटलमा

बास बस्न पुग्यौँ । धन्य छ नेपालको हावापानी ! मात्र तीन-चार घण्टाको यात्रामा पहाडको चिसो मौसममा कावा खाँदै, निमेषभरमा तराईको उखरमौलो गर्मीमा लप्पक्क भिज्न पाउने धन्य हाम्रो भौगोलिकता । यस्ता भौगोलिकता भएका देश शायद संसारमा कमै होलान् ।

फेरि बिहानको ४ बजेको उठाई, झोली-तुम्बा बोक्नुपर्ने बाध्यता, त्यो पनि हामीलाई अभ्यस्त लागिसकेको थियो । शायद, त्यसै भएर होला– हाम्रो स्वास्थ्यमा यात्राको दौरान कुनै असजिलो अवस्था सृजना भएको थिएन । अब हामी लाग्यौँ सप्तरी जिल्लामा अवस्थित छिन्नमस्ता माताको दर्शन गर्न । हाम्रो बस महेन्द्र राजमार्गको कोशी खण्डमा चिप्लिरहेको थियो । कोशी ब्यारेजहुँदै हामी तेर्सियौँ दक्षिणतर्फ । तराईको गाउँले धुलेबाटोमा हाम्रो बस कुदिरहेको थियो । मानसपटलमा भने पूर्वी भारतको व्यवस्थित राजमार्गको दृश्य एकपछि अर्को गर्दै झुल्किँदै, अस्ताउँदै गर्दै जिस्काइरहेको थियो । तीस वर्षअगाडिको राजविराज र अहिलेको राजविराजमा कुनै भिन्नता आएको मैले अनुभव गर्न सकिरहेको थिइनँ । खुला छाडिएको नालाबाट आएको गन्धले जुनसुकै पिनासलाई पनि मत्थर गर्दथ्यो । उल्लेख गर्नलायकका राजमार्ग, भवनहरू र सेवासुविधा थपिएको महसूस हुन सकिरहेको थिएन । हरियो, मैलो पोखरीमा स्नान गर्ने भक्तजनको आस्था भने झन् बढिरहेको देखिन्थ्यो । सबैको मुहारमा कुनै उल्लेख्य खुशियाली झल्किरहेको देखिएन । आफ्नो देश र आफ्नो धरतीप्रतिको कर्तव्य निभाउनुपर्ने निकायबाट आफ्नो कर्तव्य निभाएजस्तो लागेन । माता छिन्नमस्ताको पाउमा शिर निहुराएर आशीर्वाद लिँदै अब हामी सोझियौँ काठमाडौँको लागि । बिहान ४ बजे हिँडेका हामी बेलुका बिपि राजमार्गहुँदै ८ बजे काठमाडौँका भित्री सडकहरूमा परिक्रमा गर्दै थियौँ । सबै यात्रीहरूलाई आ-आफ्नो निवासस्थलमा छोड्दै बसले हलुङ्गो भएको महसूस गर्दै थियो ।

घरबाट प्रस्थान गरेको ११ औँ दिनमा हामी घर फिर्ता भयौँ । पशुपतिनाथको पश्चिम ढोकाको सामुन्नेमा अवस्थित बासस्थानबाट निस्किएर भारतको विभिन्न प्रदेशहरू पार गर्दै चीनको सिमानामा अवस्थित अरुणाचल प्रदेशमा अवस्थित परशुराम कुण्डमा स्नान गर्न भ्यायौँ । समग्रमा यात्रा रोमाञ्चक, आविस्मरणीय, कुतूहलपूर्ण र ज्ञानबर्धक हुन पुग्यो । ११ दिनको समय हाम्रो लागि प्रेरणदायी भइरहनेछ भन्ने विश्वास लिएको छु । हामीलाई यात्राको चाँजोपाँचो मिलाई एकसूत्रमा बाँध्ने सरिता दिज्यूप्रति कृतज्ञता जाहेर गर्दछु । हाम्रा बस-बा मोहनजी तथा चालक दलका सदस्यहरू, अन्य सहयोगी भाइहरू सबैप्रति अनुगृहीत छु । सम्पूर्ण यात्री महानुभावहरू सबैप्रति एकमुष्ठ नमस्कार टक्र्याउँदै यहीँ बिट मार्छु । ■■

कल्पना ज्ञवाली 'समर्पण'

# गजल



खण्डित भई टुक्रिएका हिजोका ती साजहरू
अब एक भई गुञ्जाउनु छ बुलन्द आवाजहरू

मूलबाटो लिनुपर्छ अब नयाँ मान्यताले
बेथिति र विकृतिको डुब्दै छन् जहाजहरू

थोत्रिएका वस्तुलाई ठाउँ हुन्न मझेरीमा
कबाडमै मिल्कँदै छन् सम्राटका ताजहरू

नयाँ, नौलो मान्यतालाई स्वागत गर्छौं हामी
परेवाका पञ्जाभित्र कैद हुँदै छन् बाजहरू ।

■■

**भीम गौतम**

# विनाशको विरुद्ध



ढोँगीहरू
बगरको ढुङ्गालाई सर्वस्व ठानेर
फूलको मुन्टो भाँच्दै
नतमस्तक निहुरिँदै
टापी मन्त्रले
थरथर हल्लिँदै
निधार घोट्छन्
आजका ढोँगी मान्छे ।

फुलेका फूल मास्दै
मानव बस्ती
बारुदको धूवाँले
प्रजातन्त्रको खिल्ली उडाउँदै
पापड र पानीको राहतमा
अखबारको अघिल्लो पन्नामा
हैकम जमाएर
हल्ली मच्चाउँछन् आजका ढोँगीहरू ।

फूल नै टिप्नु र
मानव बस्ती डढाउनु छ भने
किन चाहियो फूलमाली... ?
अनि, किन गर्नुपर्‍यो
आमाहरूले गर्वको बखान र
भ्रूण संरक्षण ?
योनी फुटाएर जन्मिएको सन्तानले

जब सृष्टि विध्वंस गर्न खोज्छ र
बारुद बोक्न उठ्छ भने
आमा, किन बगाउनुपर्‍यो रजस्वला... ?
सुकाइदेऊ तिम्रा डिम्बहरू
अनि, लगाइदेऊ तिम्रो पाठेघरमा तगारो !

जीवनभरि भयले कामेर
मृत्यु समाधि घाटसम्मको
निश्चित अन्तिम अन्तरङ्ग साथी
हुनु छ भने
फाटेको मनलाई सिएको सान्त्वनाले
परिवर्तन चाखेर
किन रोप्नुपर्‍यो र सृष्टि...?
अनि, किन हुर्काउनुपर्‍यो बेर्ना... ?


गहन यो वात्सल्य
अब बेढङ्गले हेपिन्छ भने
किन कल्पना गर्नुपर्‍यो छोरा... ?
किन हुर्काउनुपर्‍यो छोरी... ?
निर्लज्ज पासविक पुरुषमा पोखिएर
नारी केवल पौडने पोखरीमात्र बन्ने हो भने
अद्‌भुत जीवनको के मूल्य रह्‍यो र...!
तसर्थ, आमा/नारी !
ठोकिदेऊ ताल्चा
बन्द गरिदेऊ
पुछिदेऊ, सुकाइदेऊ
तिम्रा ती सन्तान बन्ने मस्त यौवनका रसहरू !
अब खोल्सा, खोलानाला र
जङ्गलमा सर्वनाश भएर
स्याल र शैतानहरूको शिकार नबन्न ।
■■
*भरतपुर, चितवन*

अरुणबहादुर खत्री 'नदी'

# अन्त्यहीन यात्रा



नेपाली उपन्यासको फाँटमा योगेन्द्र तिमिल्सिना देखापरेका छन् । अन्त्यहीन यात्रा नामको औपन्यासिक कृति उनले २०७५ मा प्रकाशित गरेका छन् । यस औपन्यासिक कृतिमा पाँच पात्र सँगसँगै विकसित हुन्छन् र ओइलिन्छन् : बा, आमा, दिदी, म र मकी श्रीमती । माइतमै बसेकी विधवा दिदी र उनकी आमाले भिन्न धर्म भनौँ कि सम्प्रदाय लिएका थिए, त्यो थियो वैष्णव । योगेन्द्र तिमिल्सिना कविता र कथा विधामा समेत रूचि राख्ने स्रष्टा हुन् । उपन्यास लेखन समकालीन नेपाली साहित्यको लोकप्रिय विधा बनेको छ । धेरैले पढ्न रुचाउछन् उपन्यास । धेरैले पढ्न रुचाउने विधा भएकोले केही वर्षयता थुप्रै औपन्यासिक कृतिहरू प्रकाशित भएका छन् । साहित्यको बजार नै उपन्यासले तताएको छ भन्दा पनि अत्युक्ति नहोला । यसो भन्नुको आशय यो हैन कि अन्य विधाले हामीलाई तताएका छैनन् । लेखकहरू उपन्यास लेख्न रुचाएका छन् । आफ्नो नवीन कथावस्तुको कारणले अन्त्यहीन यात्रा उपन्यासले नेपाली साहित्यमा चर्चा पाउने निश्चितप्रायः देखिन्छ । वि०सं० २०३४ सम्ममा दुई वटा उपन्यास र 'बैँसको निर्वासित शहर' कथासङ्ग्रह प्रकाशन गरेर उसै वेला स्थापित भइसकेका कवि, समालोचक तथा आख्यानकार योगेन्द्र तिमिल्सिनाले लामो समयको अन्तरालपछि आफ्नो दोस्रो कथासङ्ग्रह 'अनन्त आकाश' हालसालै प्रकाशित गरेका थिए ।




सामान्य मानिसलाई सास फेर्न समेत गाह्रो हुने काठमाडौँको अस्तव्यतता, शहरिया मानिसहरूको आयातीत जीवनशैली, संस्कार र तडकभडकबाट विरक्त हुँदै उपन्यासको मुख्यपात्र अपूर्व भन्छ– झण्डै चार दशकअघिसम्म पनि काठमाडौँ यतिविघ्न अस्तव्यस्त र कुरूप थिएन । देशको समसामयिक राजनीतिक अवस्था र अराजकताको वर्णन गर्दै उपन्यास भन्छ– नेपालमा जनआन्दोलन सफल भयो,

संवैधानिक राजतन्त्र फालियो, कतिपय ठाउँमा आन्दोलन अराजक पनि हुन गयो । आन्दोलनले भानुभक्त र पृथ्वीनारायण शाहका शालिकहरू समेत ढाल्यो भन्दै मुख्यपात्र विरक्तिएको पाइन्छ । प्रस्तुत उपन्यासले मुख्य रूपमा सामाजिक यथार्थलाई कथानकको आधारभूमि बनाएको छ । यस उपन्यासभित्र सैँतीस वटा परिच्छेद राखिएका छन् । प्रस्तुत उपन्यास सामाजिक यथार्थमा आधारित उपन्यास हो । उनी यथार्थको सूक्ष्म द्रष्टाका रूपमा उपस्थित भएका छन् । परिच्छेद एकमा गरीबको सहारा दैव भनेझैँ माइला पुरेतले एउटा थाल, साहिँला बूढाथोकी बाले एउटा तपेस, त्यस्तै कसैले गिलास र कसैले कराही दिएर प्राकृत समाजका सदस्यले हाम्रो दैनिकीमा सहयोग पुऱ्याए । मामा, तपाईंलाई बालबच्चा हुर्काउन गाह्रो भयो भनेर एक जना भानिज पर्ने हितैषीले बालाई एउटा दुहुनो गाई नै दिए भनिएको छ ।

लेखनमा उनीभित्रको व्यक्तित्व बोलिराखेको हुन्छ । उसको मानवीय पक्ष बोलिराखेको हुन्छ । परिच्छेद दुईमा ‘म अलि एकोहोरो आफ्नो भनाइमा अडिग रहने र सकभर कम्प्रमाइज नगर्ने रिजिड स्वभावको युवक थिएँ । आफूले भनेको कुरा नै ठीक भनी अडिग रहने स्वभाव थियो’ भनिएको छ । यो उपन्यास पढ्दा आनन्द मिल्छ । पाठक वा स्रोताले सुइँको नपाऊन् भनेर कथाकारले ठाउँको नाउँ फेर्छ, समय बदल्छ, पात्रको नाउँ फेर्छ, अगाडिको घटनालाई पछाडि सार्छ, पछाडिको घटनालाई अगाडि ल्याउँछ, पाठकलाई झर्को लाग्ने घटनालाई छिमलिदिन्छ, घटनाको रमाइलो अंशलाई तन्काउँछ र बढाउँछ । कुरो साँच्चै नघटेको भए पनि त्यसमा रोचक मसला थप्छ । परिच्छेद पाँचमा वृद्ध अवस्था हुँदै गएपछि आफ्नो सन्तान आफूसँगै होस् वा सहयोग र सहानुभूति देखाउने प्रिय मानिस आफ्नो नजिकै होस् । त्यस मानिससँग आफ्नो दुःख, सुख बाँड्न पाइयोस् भन्ने भावना बूढेसकालमा प्रायः सबै मानिससँग हुँदो रहेछ भनिएको छ ।

समग्रमा यो उपन्यास राम्रै छ । सबैभन्दा लेखकको मजबुत पक्ष भनेको एउटा विषयको घाँटी अँठ्याएपछि अन्त्यसम्म पनि घाँटी नछोडी उपन्यासलाई टुङ्ग्याउनु हो । यो विशेषता थोरैमात्र साहित्यकारमा पाइन्छ । प्रायः साहित्यकारहरूले कथावस्तुलाई घुमाएर वा सान्दर्भिक भन्दाभिन्न कुरा लेखेर पुस्तकको पृष्ठ बढाउनमा केन्द्रित भएका हुन्छन् । उपन्यासका शब्दहरू सरल, सहज र अत्यन्त व्यावहारिक भएकोले जुनसुकै हैसियतका पाठकले पनि बुझ्न सक्ने र पचाउन सक्ने खालका छन् । उपन्यासका सकारात्मक पात्रहरू जो उपन्यासमा समेटिएका छन्, ती सुरुदेखि अन्तसम्म कुतूहलता जन्माउन सफल मात्र नभएर एउटा पात्रले अर्को पात्रसामु सानो भएकाले मर्यादाका सुकुमार

शब्दहरू पस्केर आदरपूर्वक सम्मान दर्शाउनु अर्को सफल पक्ष मान्न सकिन्छ । भाषा सरल र स्पष्ट तथा रोचक शैलीले यो उपन्यास निकै राम्रो मान्नैपर्छ । विवाहित पात्र अपूर्वले पछिल्लो पटक आफ्नी प्रेमिका नयनालाई छोडेर स्वदेश फर्कँदै गर्दा नयनाले अब कहिले आउनुहुन्छ ? भनी आफ्नो प्रेमीलाई सोधेको एउटा कारुणिक दृश्यपछि उपन्यासको प्रेमप्रसङ्गको अन्त्य भई प्रेमी र प्रेमिकाको बीचमा स्मरणको रूपमा मात्र रहन्छ ।

परिच्छेद नौमा 'म बसेको गाउँमा चामल किन्न समेत पाइँदैनथ्यो । मकैको भात, दाल, ढिँडो, गुन्द्रुक, सिन्की त्यस्तै त्यहाँ उत्पादन हुने वस्तुहरू मात्र त्यहाँ उपभोग गरिन्थ्यो' तिमिल्सिनाले भनेका छन् । परिच्छेद सत्रमा 'मैले त आफ्नो एकएक मिनेटको भावना डायरीमा लेखेर तिमीलाई देखाएको छु । डायरी पढ्छ्यौ र केही खुशी पनि देखिन्छ्यौ तर तिम्रो कुनै प्रतिक्रियात्मक अभिव्यक्ति हुँदैन' उपन्यासकारले भनेका छन् । परिच्छेद उन्नाईसमा कहिलेकाहीँ तिमी मलाई होच्याउने कोशिश गर्छ्यौ र आफू बिलकुल ठिक रहेको जस्तो भान गर्छ्यौ भनिएको छ । यस उपन्यासमा जीवनका अनेकौँ उकाली–ओराली र सङ्घर्षका कथाहरू बोकेको एउटा पात्रको निकै लामो समयावधिमा सङ्कलित अनेकौँ रङका फूलहरूलाई एउटै सुत्रमा बाँधेर तिमिल्सिनाले उपन्यास बनाएका छन् । यस उपन्यासको अन्तिम परिच्छेद सैँतीसमा परिवार र नातागोताको बन्धनले लोभीपापी संसारभित्र अल्झिइरहँदा भगवान्को भक्तिमा एकाग्र चित्त नहुने हुँदा सबै पारिवारिक बन्धनहरू त्यागेर शरणागत भई भगवान्को सेवामा समर्पित हुन वैष्णवहरू आह्वान गर्दछन् भनिएको छ ।

कुरीति, आर्थिक दुरावस्था र धार्मिक–सांस्कृतिक विचलनको कारणले नेपालका निम्नमध्यम वर्गीय परिवारले भोग्नुपरेको पारिवारिक द्वन्द्वको यथार्थ चित्रण यस उपन्यासले गरेको छ । यसका पात्रहरू सबै नेपाली जनजीवनका वास्तविक पात्रहरूका रूपमा उभिन सफल भएका छन् । अन्त्यमा, उपन्यासकार योगेन्द्र तिमिल्सिनाको कलमले नेपाली समाजका अन्य अँध्यारा पक्षको अनुशीलन गर्दै नयाँ कृतिहरू जन्मन सकोस् भन्ने अपेक्षा राख्दछु ।

*पुस्तकः अन्त्यहीन यात्रा (उपन्यास)*

*लेखकः योगेन्द्र तिमिल्सिना*

*प्रकाशकः ओरिएन्टल प्रकाशन गृह, बागबजार*

*पृष्ठः १७६*

■■

# विद्युत्कर्मी साहित्यिक समाज

## संस्थापक कार्यसमिति -२०५६

अध्यक्ष- कुलप्रसाद पराजुली
उपाध्यक्ष- केशवप्रसाद रूपाखेती
सचिव- कृष्णमोहन जोशी
सहसचिव- पुण्यप्रसाद घिमिरे
कोषाध्यक्ष- कमला श्रेष्ठ
सदस्यहरू- गङ्गा अधिकारी, भगवती प्रसाईं, मातृका पोखरेल, रमेशप्रसाद तिमल्सिना, रमेशप्रसाद न्यौपाने, रामेश्वर राउत 'मातृदास'

## प्रथम कार्यसमिति-२०६२

अध्यक्ष- केशवप्रसाद रूपाखेती
उपाध्यक्ष- मातृका पोखरेल
सचिव- कृष्णमोहन जोशी
सहसचिव- कुसुम ज्ञवाली
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- कृष्णदेव रिमाल, चण्डिका रायमाझी, दण्डपाणि बस्याल, मञ्जुलाल श्रेष्ठ, मोहनकृष्ण उप्रेती, सरिता शर्मा

## दोस्रो कार्यसमिति २०६४

अध्यक्ष- विष्णुबहादुर सिंह
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- कृष्णदेव रिमाल, कुसुम ज्ञवाली, भगवती प्रसाईं, मातृका पोखरेल, विन्दु शर्मा, यादवराज घले

## तेस्रो कार्यसमिति २०६७

अध्यक्ष- वीरेन्द्रकुमार पाठक
उपाध्यक्ष- गोसाई के.सी.
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- कृष्णदेव रिमाल
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- मातृका पोखरेल, भगवती प्रसाईं, विन्दु शर्मा, मञ्जुलाल श्रेष्ठ, दीपक दहाल, कौशल भट्टराई, ओमप्रकाश घिमिरे

## चौथो कार्यसमिति २०७०

अध्यक्ष- पुण्यप्रसाद घिमिरे
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- कृष्णदेव रिमाल
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- मातृका पोखरेल, विन्दु शर्मा, कौशल भट्टराई, यादवराज घले, चण्डिका रायमाझी, शिशिर थापा, कोमलनाथ आत्रेय, शारदा पराजुली

## पाँचौं निर्वाचित कार्यसमिति २०७३

अध्यक्ष- रामेश्वर राउत मातृदास
उपाध्यक्ष- कृष्णदेव रिमाल
सचिव- मञ्जुलाल श्रेष्ठ
सहसचिव- प्रकाश आचार्य
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- शिशिर थापा, कोमल कौशिक, मुकुन्दप्रसाद प्रसाईं, सङ्गीता अधिकारी, शारदादेवी भट्टराई, माधव अधिकारी प्रसून, शारदा पराजुली, दीपा खकुरेल

## छैटौं एवम् वर्तमान कार्यसमिति २०७६

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - राजु शर्मा ९८४१४२६४६२
सचिव - प्रकाश आचार्य ९८४१३५४९७२
सहसचिव - यादवराज घले ९८४१३६१६९६
कोषाध्यक्ष - शारदा पराजुली ९८४१३६३३२५
सदस्यहरू:
सङ्गीता अधिकारी ९८४१८२७८३६
विष्णुप्रसाद आचार्य ९८४१५४८४२५
आविष्कार कला ९८५७०३७५८३
बलराम पुडासैनी ९८४१४०५००७
रीता खनाल ९८४१६०२१७२
शारदादेवी भट्टराई ९८४४७८८३२

# विद्युत्कर्मी साहित्यिक समाज
## आजीवन सदस्यहरूको नामावली

### संरक्षक:

कुलमान घिसिङ
(कार्यकारी निर्देशक, नेविप्रा)

### सहसंरक्षक:

मोहनबहादुर कायस्थ ९८५१०१५०३५
विष्णुबहादुर सिंह ९८५१०२१८०९
डम्बरबहादुर नेपाली ९८५१०३५०९४
गोविन्दकुमार के.सी.
बद्रीविनोद ढुङ्गाना
रत्नकाजी तुलाधर
डा. लक्ष्मीभक्त शिल्पकार
लोकमान मास्के
शम्भुप्रसाद उपाध्याय
रामचन्द्र पाण्डेय ९८५१०७२०४८
हरिबहादुर ग:सी ९८४१५९२३१८
शेरसिंह भाट ९८५१०३८५४०

### संस्थापक आजीवन सदस्यहरू:

कुलप्रसाद पराजुली ९८४१६९५०१८
केशवप्रसाद रूपाखेती ९८४१५०३४९७
कृष्णमोहन जोशी ९८४१७१९१४९
पुण्य घिमिरे ९८४१३९०३३३
कमला श्रेष्ठ ९८४१२८९९९८
गङ्गा अधिकारी ९८४६१९९०७
भगवती प्रसाईं ९८६५२२६९
मातृका पोखरेल ९८४१२८१७०५
रमेशप्रसाद तिमील्सिना ९८४१३९६६६१
रमेशप्रसाद न्यौपाने ९८५१०७२०४८
रामेश्वर राउत 'मातृदास' ९८४१५३८०८०

### आजीवन सदस्यहरू

१. विष्णुप्रसाद उपाध्याय-
२. रमा पोखरेल-
३. रम्भा शर्मा अधिकारी- ९८४१६८१४७५
४. शान्ता सुवेदी- ०२१-४६०६८८
५. कुमारप्रसाद ओझा- ९८५१०९५३६५
६. चक्रवर्ती गड्तौला- ९८५१९६८७६१
७. चिरन्तनविक्रम राणा- ९८५१०१८८४४
८. देवराज प्रसाईं- ९८५१०८५६५१
९. मोहनकृष्ण उप्रेती- ९८५१०००७२२
१०. उत्तमकुमार घिमिरे- ९८४१२८६२६७
११. भुवनचन्द ठकुरी- ९८०१००२००२
१२. रामप्रसाद अधिकारी-
१३. अच्युत नेपाल- ९८४१३४४३२०
१४. अर्जुनकुमार चौहान- ९८५११०६१०७
१५. कौशल भट्टराई- ९८४१४४७१९०
१६. दण्डपाणि बस्याल- ९८५१०१८२४३
१७. डिल्लीरमण दाहाल- ९८४१३४९८५४
१८. गौरीमान कडरिया-
१९. बद्रीनाथ रोक्का-
२०. बेलप्रसाद शर्मा- ९८४१४११६४४
२१. मातृका बजिमय- ९८४३६६९०५१
२२. सरिता शर्मा-
२३. काशिराम शर्मा- ९८५१०६१३२७
२४. नगेन्द्रमणि ढकाल-
२५. विष्णुप्रसाद आचार्य- ९८४१५४८४२५
२६. कुसुम ज्ञवाली-
२७. केशवराज पन्त-
२८. चिरञ्जीवी शर्मा-
२९. टङ्क श्रेष्ठ- ९८५११२३३९३

३०. ध्रुवराज भट्टराई–
३१. रमापति पराजुली– ९८४२०२७७५६
३२. विन्दु शर्मा– ९८४१८८०२२३
३३. शान्तिलक्ष्मी शाक्य– ९८५१०५४३६०
३४. हरिहरमान पालिखे–
३५. प्रकाशजङ्ग राणा–
३६. राष्ट्रभूषण प्रधान– ९८५१०८५१६४
३७. कृष्णदेव रिमाल– ९८४११९६८८८
३८. कौशिला देवान– ९८४१७९१०७९
३९. वीरेन्द्र पाठक– ९८४१२७८६५८
४०. सरोज अर्याल– ९८४६०८८२३१
४१. यादवराज घले– ९८४१३६१६९६
४२. उषा सिंह– ९८४१३४२७७७
४३. मञ्जुलाल श्रेष्ठ– ९८०३०३०३८६
४४. देवेन्द्रकुमार अधिकारी– ९८४६११९१७४
४५. कृष्णप्रसाद पौडेल– ९८४१८३५६८५
४६. राजु शर्मा– ९८४१४२६४६२
४७. रीता खनाल– ९८४१६०२१७२
४८. भानुभक्त भट्टराई– ९८४९३६५९९७
४९. सुभाष दाहाल– ९७५१००८२२६
५०. सिन्धु यादव–
५१. नवराज भट्ट–
५२. रङ्गराज सिंखडा–
५३. भोजराज पौडेल–
५४. अनिरुदप्रसाद यादव– ९८४१५०२३५८
५५. हरिकृष्ण शाह– ९८४१३०३४२२
५६. कोमलनाथ आत्रेय– ९८४१३९०१९३
५७. दीपक दाहाल– ९८४९१७४७९९
५८. आर.आर. चौलागाई– ९८४५३५१०००
५९. कृष्णहरि दाहाल– ९८५११९९००२
६०. गोसाईं के.सी.– ९८५१०१२२५३
६१. मधुकर थापा–
६२. ओमप्रकाश घिमिरे– ९८४१६३५९१९
६३. सुजाता थापा– ९८४१३८९४३१
६४. दीपकराज आचार्य–
६५. गङ्गालाल श्रेष्ठ–
६६. राजकुमार रमण– ९८४१२३४३५३
६७. उमा घिमिरे– ९८४१९३२५४२
६८. रीता खनाल– ९८४१६०२१७२
६९. समीरा नेपाल–
७०. दीपक ढकाल– ९८४३८४८८९५
७१. शङ्कर खड्का– ९८४१४४९८५३
७२. कालिकाप्रसाद पने रु– ९८४१८१८२५७
७३. प्यारु राणा– ९८४१२१६५४९
७४. बद्री प्र. न्यौपाने ९८४२०३३५८६
७५. वसन्तप्रसाद पन्थी ९८४९१०५३३३
७६. वसन्तकुमार द्विवेदी– ९८४१३१५४५३
७७. मञ्जिलमान श्रेष्ठ– ९८०८३४९४६४
७८. गोविन्दप्रसाद पौडेल– ९८५११९०६७५
७९. कोमल कौशिक– ९८४१४८९०५५
८०. इन्द्रप्रसाद न्यौपाने– ९७५१००२४१६
८१. विश्वम्भर भण्डारी– ९८४१५३५५१२
८२. दुर्गा प्रसाद पोखरेल– ९८४१४०६४६७
८३. जुजुकाजी रञ्जित– ९८५११०४५६७
८४. केशवराज वाग्ले–
८५. राजु के.सी.– ९८४१४०२७३५
८६. चण्डिका रायमाझी– ९७४१०१८८३४
८७. मनोरञ्जन मल्लठकुरी– ९८४१४०२८३६
८८. तारादत्त भट्ट– ९८५११३५३९२
८९. शारदा पराजुली– ९८४१३६३३२५
९०. ओमप्रकाश भट्ट– ९८४८०२४९६५
९१. कपिलदेव महतो– ९८४१२७२७६६
९२. थर्कबहादुर थापा– ९८४१२२४९३९
९३. इन्दिरा पौडेल–
९४. शारदादेवी भट्टराई– ९८४४४७८८३२
९५. तुलसीमेहर श्रेष्ठ– ९८१०३६३९३०
९६. टीकाराज कार्की– ९८५१०६९५६८
९७. प्रकाश आचार्य– ९८४१३५४९७२
९८. पूर्ण कुमार चौहान– ९८४१७३७००४
९९. पुष्प ढुङ्गाना– ९८४१४२४३७०
१००. उत्तमप्रसाद रिमाल– ९८४१५४८३९३
१०१. शिव राई– ९८५१२३१३८१
१०२. सङ्गीता अधिकारी– ९८४१८२७८३६
१०३. सुदर्शन भट्टराई– ९८४१२२८४५९

१०४. सुशीला लामा- ९८४१४२५७३४
१०५. रीता श्रेष्ठ- ९८१८२५६८४६
१०६. ध्रुवकुमार उप्रेती- ९८५१०३६७७६
१०७. चूडामणि आचार्य- ९८४१६०२४९६
१०८. चतुर्भुज गौतम- ९८४८६१३८८९
१०९. इन्दिरादेवी दाहाल- ९८४१४०४७४७
११०. अङ्ग खड्का 'अनुप'- ९८४९४४७४८९
१११. बलराम पुडासैनी- ९८४१४०५००७
११२. केदारराज सिलवाल- ९८५१०९४४५९
११३. भरतकुमार खड्का- ९८५१०३४६७५
११४. भोला शर्मा- ९८४१३३७७७२
११५. उर्मिला शर्मा- ९८४१०५५९५८
११६. चेवन काफ्ले-
११७. मुकुन्दप्रसाद प्रसाईं- ९८४३०५१४५०
११८. बलराम चौलागाई- ९८४९२३५४९६
११९. मनोज सिंह- ९८०३७६७०१३
१२०. सम्पूर्णा खनाल- ९८४९९२८४१७
१२१. कैलाशमान श्रेष्ठ-
१२२. कृष्णकान्त पण्डित- ९८४१७६२९४०
१२३. देवीमाया दाहाल- ९८४१३३३७९४
१२४. निर्मला सुवेदी- ९८४१५८२८५८
१२५. ध्रुवराज न्यौपाने- ९८४६०६५२०६
१२६. लक्ष्मण रेग्मी- ९८५११८८२५४
१२७. देवराज घिमिरे-
१२८. बोधनाथ रिमाल- ९७४१००२५५७
१२९. गोविन्दप्रसाद अर्याल- ९८४१५४८३७८
१३०. कल्पना कोइराला- ९८४१८०३२००
१३१. थीरकुमार खत्री- ९८४१५७०९२२
१३२. सोमराज शाह- ९८४१०२७९२७
१३३. सङ्गीता कार्की- ९८४१७४९३४९
१३४. शोभा थापा- ९८४१८६५९०४
१३५. रामशरण उप्रेती- ९८४१३०६६७८
१३६. प्रदीपकुमार कटुवाल- ९८४१२९९५७१
१३७. उमेशकुमार पुडासैनी- ९८५११३०४२१
१३८. दुर्गा काफ्ले- ९८४१५१०५४७
१३९. प्रशून अधिकारी- ९८५११६६८१०
१४०. रामहरि गौतम- ९८५११०९६६३
१४१. भूमिनन्द अर्याल- ९८४५४६०५२
१४२. मदन तिम्सिना- ९८५११९८३४५
१४३. हरराज न्यौपाने- ९८४१२९२२५०
१४४. राजेन्द्र मिश्र- ९८४३०५२९४५
१४५. तोमलाल सुवेदी- ९८४१४७५२८७
१४६. मनोज सिलवाल- ९८६८४१२३८८
१४७. कृष्णकुमारी बस्याल- ९८४१७३२२७१
१४८. रमेश पौडेल- ९८४१२५३१८६
१४९. जयराज भण्डारी- ९८४१२४२६५५
१५०. शम्भु बस्नेत- ९८५१०७४००४
१५१. हरिहर बराल- ९८४१३०५२४२
१५२. केदार प्र. धिताल- ९८५११५६०६२
१५३. शिव अधिकारी- ९८५१०४५८३६
१५४. राजेन्द्र मानन्धर- ९८४१२५९९५७
१५५. अजय दाहाल- ९८५११७८२३२
१५६. सुरेन्द्र सिंखडा- ९८४१३१९५२६
१५७. रघुनाथ अधिकारी- ९८४१०६५२४३
१५८. वीरेन्द्र कँडेल- ९८५११८६०४७
१५९. यमुनाप्रसाद भट्टराई- ९८४१७३४१४३
१६०. नरेन्द्रप्रकाश श्रेष्ठ- ९८५५०७२१००
१६१. रविप्रसाद गुरागाई- ९८४१३२०३१०
१६२. मणिराज नेपाल- ९८५१०४००५६
१६३. दीपा खकुरेल- ९८४१४४८५३०
१६४. मैया थापा- ९८४११८४४०३
१६५. सागर ज्ञवाली- ९८५११४०२३०
१६६. शम्भु बस्नेत- ९८५१०७४००४
१६७. राजेशकुमार राजथला- ९८५११५९६५९
१६८. देवेन्द्र अधिकारी- ९८४६११९१७४
१६९. ममता वली खरेल- ९८४१३४४७२७
१७०. देवकी उप्रेती त्रिपाठी- ९८४१८७८७९८
१७१. टेकनाथ तिवारी- ९८५११७२२२२
१७२. राजेन्द्रकुमार आचार्य- ९८४१४१८४७६
१७३. सुनीलकुमार महतो- ९८५४०३०७३३
१७४. हरिवीर सिलवाल- ९८५१०७१६७७
१७५. सुरेन्द्रबहादुर पाण्डे- ९८५१०९८५६३
१७६. प्रेमराज कोइराला- ९७४५००७६६६
१७७. नरेश मैनाली- ९८४१४४९०१५

१७८. विकास चित्रकार- ९८४१३६११८९
१७९. सृजना ख्याजु- ९८४१९२३५३३
१८०. विजयप्रसाद दास- ९८६०८०७३८१
१८१. कपिल मिश्र- ९८४११२८०९३
१८२. नलिनी ज्ञवाली- ९८४१६८५९८२
१८३. रीता बस्नेत- ९८६००१३५६१
१८४. सरस्वती अर्याल- ९८४१०००५३१
१८५. दण्डपाणि गौडेल- ९८४१२६१६६६
१८६. दीपक भण्डारी- ९८५११२४४८६
१८७. प्रमिला चौधरी- ९८४११९४७०७
१८८. वसन्तराज नेपाल- ९८५११५०७२२
१८९. विष्णुप्रसाद आचार्य- ९८६०११९७११
१९०. चन्द्रकला निरौला- ९८४१९२६०८१
१९१. आनन्द सुवेदी- ९८४१९७४४५५
१९२. जगदीश शर्मा लामिछाने- ९८४१५०१६०९
१९३. अम्बिका खत्री- ९८४१५६२६९७
१९४. प्रकाश पराजुली- ९८४३७२२०९५
१९५. सुभाष पाण्डे- ९८४९०३३७६२
१९६. विकास पुडासैनी- ९८५१०३१०९६
१९७. मातृकाप्रसाद सँग्रौला- ९८४२६३३४६६
१९८. सरोज श्रेष्ठ- ९८५१२०२५२५
१९९. यादवप्रसाद न्यौपाने- ९८५११२३२४५
२००. अम्बिका घिमिरे- ९८४१५१६०७१
२०१. जमुनाकुमारी खड्का- ९८४१६६४९१८
२०२. ऋतु श्रेष्ठ- ९८५११७४०६८
२०३. लक्ष्मीप्रसाद मिश्र- ९८५११४७४१७
२०४. प्रोमिशा मिश्र- ९८४९८२९६९९
२०५. जनक महत-९८४१४६३८१३/५५७४४४३
२०६. रमेश खड्का- ९८५१०७२२२२
२०७. लक्ष्मण घिमिरे- ९८५११८६९७३
२०८. केदारप्रसाद पाण्डे- ९८४१३६५४९०
२०९. आविष्कार कला- ९८५७०३७५८३
२१०. सुभद्रा कोइराला- ९८४९७५३२३२
२११. विमला खड्का- ९८४६०९६७५७
२१२. पङ्कज राना- ९८४७१९४६०
२१३. जमुना पोखरेल- ९८४१८४७२१३
२१४. रीता खत्री- ९८४९१०३९९४
२१५. लोकहरि लुइँटेल- ९८९११०५४६६
२१६. गङ्गा सापकोटा- ९८४७५५४१०८
२१७. प्रकाश कुँवर- ९८४१२६१८२४
२१८. रामप्रसाद पोखरेल- ९८४१९५४८६६
२१९. तीर्थराज न्यौपाने- ९८४३१५०४९०
२२०. समीरप्रसाद पोखरेल- ९८५११६८२१४
२२१. लोकेन्द्र बहादुर साउद- ९८५१०९९१३३
२२२. अन्जु कटुवाल- ९८४१२५०७६६
२२३. सरिता डङ्गोल- ९८४१५०२९१२
२२४. खेमराज भण्डारी- ९८५१२४००७७
२२५. सरोज घिमिरे- ९८४१५४८०७२
२२६. हरि घिमिरे-
२२७. हरिप्रसाद अधिकारी- ९८५२०२८४५२
२२८. वीरेन्द्र कुमार झा- ९८५२०२४९४०
२२९. सरोज कुमार श्रेष्ठ- ९८४२०९८६९२
२३०. आनन्द नेपाल- ९८५२०२४६४५
२३१. उज्ज्वलराज नेपाल- ९८५२०३२६१८
२३२. विनोद सुवेदी- ९८४१३०८३९६
२३३. रमेशप्रसाद घिमिरे- ९८५२०३१०७९
२३४. निर्मला शर्मा- ९८४१५४८७२५
२३५. हरिप्रसाद घिमिरे- ९८४१८२१४९२
२३६. राजेन्द्र कोइराला- ९८४१२९२०६०
२३७. शेरजङ्ग कार्की- ९८५११८८८५८
२३८. सुरेन्द्रजङ्ग थापा- ९८५१०४११८८
२३९. राजनप्रसाद प्याकुरेल- ९८४१७००७७०
२४०. तुलाराम गिरी- ९८५११६८२१९
२४१. राजनऋषि कँडेल- ९८४१३४५४२३
२४२. महेश्वर सत्याल- ९८५१०९३१७०
२४३. अनिता बजगाईं- ९८४१६८६३४८
२४४. नागेन्द्रकुमार यादव- ९८५२०३९७०१
२४५. हरिबोल हुमागाईं- ९८४११७४८७१
२४६. चाँदनी बि.क. - ९८४७१०७२१४
२४७. राजन पालुङ्गा - ९८४१३७३७७६
२४८. दिनेश शिवाकोटी - ९८४५०१२४६७
२४९. नारायण रेग्मी - ९८५११४७४५४
२५०. सागर शिवाकोटी - ९८४१७८१२६४
२५१. उमा न्यौपाने - ९८१३६३६७९०


२५२. मनुकुमारी पुलामी मगर - ९८४४५९४२३६
२५३. राजन फुयाँल -
२५४. शमशेरबहादुर न्हुच्छे प्रधान -
२५५ निरबहादुर भण्डारी - ९८४१३२७४७२
२५६. राजु भण्डारी...........................
२५७. जयराम आचार्य - ९८५११३१६९३
२५८. मान्चु कुमारी श्रेष्ठ - ९८४१८६५०१५
२५९. ध्रुवराज प्रसाई - ९८४१६०२९२६
२६०. मिलन मनुवा दाहाल - ९८५१०१७३९०
२६१. नारायणप्रसाद रिजाल - ९८५६०४९४६१
२६२. सुरेन्द्र पोखरेल - ९८४१०६१७५४
२६३. नारायणप्रसाद आचार्य - ९८४१७२७३९३
२६४. मधुकर बस्नेत - ९८४१७९०७४८
२६५. रवीन्द्रजङ्ग पाण्डे - ९८५१०३४६४२
२६६. हरिबहादुर थापा - ९८४९००२१२३
२६७. सुमनराज मानन्धर - ९८४९३९३१६९
२६८. तेजकान्त उपाध्याय -९८५५०३१९६४
२६९. रञ्जित शाह - ९८४९१२४५९०
२७०. विवेक तिम्सिना - ९८५११९९२७३
२७१. सरस्वती केसी - ९८४१८२७७५१
२७२. दीपकराज श्रेष्ठ , ९८४१०९५८७९
२७३. दीपक चौधरी, ९८५११-६२६५०
२७४. गजेन्द्रप्रसाद श्रेष्ठ, ९८४१-३६८५९९
२७५. सरोज श्रेष्ठ, ९८४५०२९६३
२७६. विश्वनाथ लामिछाने, ९८४९५८३३०१
२७७. मीना श्रेष्ठ, ९८४४०६२१४३
२७८. श्रीलाल सुवाल, ९८४१६०४९७७
२७९. सुनिता खड्का, ९८४५०३०९९९
२८०. उपेन्द्र सिंह, ९८४१३०००२६
२८१. प्रेमचन्द्र ठाकुर, ९८४१४५८०१३
२८२. आशिषरत्न शाक्य, ९८४९६२४९८५
२८३. सुलोचना आचार्य, ९८४१८६१८१९
२८४. एलिना कार्की, ९८४३४७३६५९
२८५. अम्बरबहादुर राई, ९८४६७४५४७२
२८६. मधुराम व्यञ्जनकार, ९८५११६६६३४
२८७. इन्दिरा शिवाकोटी, ९८४१५६३३२२
२८८. सोबित थपलिया, ९८४१८९८७२३
२८९. अनिल पुडासैनी, ९८४१४४६५६५
२९०. शोभा दर्लामी, ९८४९१२८४५७
२९१. शिवप्रसाद रिमाल, ९८४१३६७७५८
२९२. विष्णुप्रसाद देवकोटा, ९८५१३२०८३७
२९३. सुनिलकुमार पूर्वे, ९८४४५२६९१६
२९४. रामप्रवेश कुशवाहा, ९८४५१८६३०६
२९५. भक्ती चौलागाईं, ९८६५१५४३९८
२९६. छविलाल अधिकारी, ९८५६०४१९९९
२९७. बबिता पौडेल, ९८४६१३४६०२
२९८. सूर्यप्रसाद पौडेल, ९८४६०७८२२४
२९९. राजु बराल, ९८५६०४६४०८
३००. लक्ष्मी आचार्य, ९८४६२४७९२१
३०१. कृष्णप्रसाद ढकाल, ९८४६३६५१५९
३०२. निरोज पौडेल, ९८५११९१९२६
३०३. कबिन्द्रकुमार झा, ०९६८२१४६४२
३०४. सन्तबहादुर कुवर, ९८५६९६१८०
३०५. परितोशकुमार चौधरी, ९८४११३३०४५
३०६. राजेन्द्रनाथ पौडेल, ९८४६०३७५०५
३०७. दिलकुमारी श्रीस, ९८४६२०१९२५
३०८. भीमकुमारी श्रीस, ९८४७६१३३३३
३०९. अर्जुन तिवारी, ९८४६०९७६४२
३१०. रामचन्द्र अधिकारी, ९८५६०३२४७२
३११. अनिल अर्याल, ९८४६१२२६०२
३१२. किशोर घिमिरे, ९८५७०६६६८१
३१३. कृष्ण घर्ती (कृष्णा), ९८४७६२३३८७
३१४. सुदिप पौडेल, ९८४६१९९१०४
३१५. गङ्गाप्रसाद शाह, ९८४४०९७५३४
३१६. सुशीला श्रेष्ठ, ९८४६०६१४६०
३१७. शिवेन्द्र यादव, ९८४६८६४१२३
३१८. नमराज रिमाल, ९८४०७३९१७५
३१९. विकाश चौधरी, ९८५६०३११९१
३२०. किरण चौधरी, ९८४६९४०५०३
३२१. कृष्णप्रसाद पौडेल, ९८४३७३५८१
३२२. कृष्णप्रसाद पोखरेल, ९८४७९२९३०७
३२३. सन्तोष गौतम, ९८४१३७८९५१

## विमोचित एवम् प्रकाशित कृतिहरू

| | | | | |
|---|---|---|---|---|
| १. | बूढो साउन र खडेरी | २०६७ | केशव रूपाखेती | विमोचन/प्रकाशन |
| २. | गर्भे सुवेदार | २०६८ | पुष्पनाथ शर्मा | विमोचन/प्रकाशन |
| ३. | दृष्टिविहीन सत्ता | २०६९ | पुण्य घिमिरे | विमोचन/प्रकाशन |
| ४. | यथार्थ प्रतिविम्ब | २०७० | मञ्जुलाल श्रेष्ठ | प्रकाशन |
| ५. | हस्ताक्षर विश्लेषण | २०७१ | मोहनकृष्ण उप्रेती | विमोचन |
| ६. | परदेशतिर | २०७२ | मोहनकृष्ण उप्रेती | विमोचन/प्रकाशन |
| ७. | अतीतको पोको | २०७२ | भुवनचन्द ठकुरी | प्रकाशन |
| ८. | सम्झनाका झिल्काहरू | २०७३ | विष्णुबहादुर सिंह | विमोचन/प्रकाशन |
| ९. | आखरको आरन | २०७३ | कृष्णदेव रिमाल | विमोचन/प्रकाशन |
| १०. | बेथिति बिस्कुन | २०७४ | मञ्जुलाल श्रेष्ठ | विमोचन/प्रकाशन |
| ११. | ऊर्मिलाको व्यथा | २०७४ | हरिप्रसाद अधिकारी | विमोचन/प्रकाशन |
| १२. | नागरिकता | २०७४ | राजु शर्मा | विमोचन/प्रकाशन |
| १३. | प्रकाशगृहका स्रष्टा | २०७४ | कुलप्रसाद पराजुली | विमोचन/प्रकाशन |
| १४. | अनुग्रह | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १५. | अनुकम्पा | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १६. | अथक साहित्यसाधक मोहनबहादुर कायस्थ | २०७६ | वाई.आर.घले | विमोचन/प्रकाशन |

## 'अमरज्योति सम्मान'बाट सम्मानित व्यक्तित्वहरू

| | | |
|---|---|---|
| १. | कुलप्रसाद पराजुली | २०६७ |
| २. | मोहनबहादुर कायस्थ | २०६८ |
| ३. | पुष्पनाथ शर्मा | २०६९ |
| ४. | विष्णुबहादुर सिंह | २०७० |
| ५. | कृष्णमोहन जोशी | २०७१ |
| ६. | केशव रूपाखेती | २०७२ |
| ७. | वीरेन्द्र पाठक | २०७३ |
| ८. | पुण्य घिमिरे | २०७४ |
| ९. | मोहनकृष्ण उप्रेती | २०७५ |
| १०. | भुवनचन्द ठकुरी | २०७५ |
| ११. | मातृकाप्रसाद सङ्ग्रौला | २०७५ |
| १२. | पुष्कर पुरी | २०७५ |
| १३. | जुजुकाजी रञ्जित | २०७६ |
| १४. | देवेन्द्र अधिकारी (दुःखी माइला) | २०७६ |
| १५. | कमला श्रेष्ठ | २०७७ |
| १६. | आर.आर. चौलागाईं | २०७८ |



विद्युत्को अधिकतम प्रयोग गरौँ ।
इन्धन परनिर्भरता कम गरौँ ।।
नेपाल विद्युत प्राधिकरण
स्थापित-२०४२
NEPAL ELECTRICITY AUTHORITY
ESTD. 1985
नेपाल विद्युत प्राधिकरण
'उज्यालो नेपालको संवाहक'
WALTON